# सामुदायिक तथा संस्थागत मा.वि.मा आर्थिक लगानी तथा शैक्षिक उपलब्धिको तुलनात्मक अध्ययन : कीर्तिपुर नगरपालिका, काठमाण्डौं

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रीय विभाग, अर्थशास्त्र शिक्षा विभाग,
स्नातकोत्तर तह (एम.एड) चौथो सेमेस्टरको आंशिक
आवश्यकता परिपूर्तिको लागि प्रस्तुत
शोधपत्र

शोधकर्ता
नवराज जोशी
परीक्षा क्रमाङ्क : २८७१००१७
त्रि.वि. दर्ता नं. : ९-२-३२७-८०१-२०१०

शिक्षाशास्त्र केन्द्रीय विभाग
अर्थशास्त्र शिक्षा विभाग
त्रिभुवन विश्वविद्यालय
साउन २०७५

## **सिफारिस पत्र (RECOMMENDATION LETTER)**

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रीय विभाग अर्न्तगत अर्थशास्त्र शिक्षा विषयमा स्नातकोत्तर तह चौँथो सेमेस्टरको आंशिक आवश्यकता परिपूर्तिका लागि **"सामुदायिक तथा संस्थागत मा.वि.मा आर्थिक लगानी तथा शैक्षिक उपलब्धिको तुलनात्मक अध्ययन : कीर्तिपुर नगरपालिका काठमांडौ"** शीर्षकको शोधपत्र मेरो निर्देशन, सुझाव एवं सल्लाहमा शोधकर्ता छात्र श्री नवराज जोशीद्धारा तयार पारिएको हो । उक्त शोधपत्र स्वीकृतको लागि सिफारिस गर्दछु ।

.................................

प्रा.डा.सुर्य बहादुर थापा

शोध निर्देशक

अर्थशास्त्र शिक्षा केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर, काठमांडौ

मिति : ..............................

## स्वीकृति -पत्र (APPROVAL LETTER)

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रीय विभाग अन्र्तगत अर्थशास्त्र शिक्षा विषयमा स्नातकोत्तर तह चौँथो सेमेस्टरको आंशिक आवश्यकता परिपूर्तिका लागी **"सामुदायिक तथा संस्थागत मा.वि. मा आर्थिक लगानी तथा शैक्षिक उपलब्धिको तुलनात्मक अध्ययनः कीर्तिपुर नगरपालिका काठमांडौ"** शीर्षकको शोधपत्र अर्थशास्त्र शिक्षा स्नातकोत्तर उपाधिका लागि स्वीकृत गरिएको छ ।

### शोधपत्र मूल्याङ्कन समिति

१) विभागीय प्रमुख ..................................

प्रा.डा. सुर्य बहादुर थापा

२) शोध निर्देशक ...............................

प्रा.डा. सुर्य बहादुर थापा

३) बाह्य सुपरिवेक्षक ...............................

सह.प्रा.शशी प्रसाद उपाध्याय

४) DRC सदस्य ...................................

उप..प्रा.पद्मा कोइराला

मिति : .............................

## कृतज्ञता ज्ञापन (ACKNOWLEDGEMENTS)

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र केन्द्रीय विभाग, अर्थशास्त्र शिक्षा विभाग, स्नातकोत्तर तह (एम.एड्.) चौँथो सेमेस्टरको आंशिक आवश्यकता परिपुर्ति गर्नका लागि **"सामुदायिक तथा संस्थागत मा.वि. मा आर्थिक लगानी तथा शैक्षिक उपलब्धिको तुलनात्मक अध्ययन : कीर्तिपुर नगरपालिका काठमांडौ"** शीर्षक भएको शोधपत्र प्रस्तुत गरेको छु । सर्वप्रथम शोधपत्र प्रस्तावना स्वीकृत गरी शोधपत्र लेख्ने सुअवसर प्रदान गर्नुहुने अर्थशास्त्र शिक्षा विभागका विभागीय प्रमुख एवं शोध निर्देशक आदरणीय गुरु प्रा.डा.सुर्यबहादुर थापा ज्यूप्रति सदैव आभारी छु । यस शोध पत्रले यो क्षेत्रसँग सम्बन्धित विषयमा जानकारी लिन इच्छुक व्यक्ति, अनुसन्धानकर्ता एवं नीति निर्माताहरुलाई सहयोग पुग्ने छ भन्ने मैले आशा लिएको छु ।

साथै सदैव आवश्यक सल्लाह, तथा मार्गदर्शन गर्नुहुने अर्थशास्त्र शिक्षा विभागका श्रद्धेय गुरुहरु प्रा.डा. महेशराज दाहाल, प्रा.डा.ध्रवराज शिवाकोटी, प्रा.डा. विनयकुमार कुसियैत, सह-प्रा. बिष्णु बहादुर लुईटेल, उप-प्राध्यापक मिनराज पौडेल, उप-प्राध्यापक एव DRC सदस्य पद्मा कोइराला, स.प्रा.जगदिशमूर्ति कोइराला, कर्मचारी नारायण भट्टराई लगायत अर्थशास्त्र शिक्षा विभागका सम्पूर्ण गुरुहरुप्रति पनि हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । अनुसन्धानका लागि गरिएको स्थलगत अध्ययनका क्रममा मलाई आवश्यक सूचना तथा तथ्यांङ्कहरु उपलब्ध गराउनुहुने साथै खुलस्त रुपमा प्रश्नहरुको उत्तर दिई सहयोग गर्नुहुने सम्बन्धित विद्यालयका प्र.अ., शिक्षक, बि.ब्य.स. अभिभावक तथा विद्यार्थी प्रति विशेष धन्यवाद दिन चाहन्छु । साथै मेरो जीवनका हरेक क्षणहरुमा सल्लाह, सुझाव, प्रेरणा र प्रोत्साहन दिई विश्वविद्यालयसम्मको अध्ययन पूरा गर्न आर्शिवाद प्रदान गर्नुहुने मेरा हजुरआमा, बुबाआमा, दाजुभाउजु, भाईबहिनी र सम्पूर्ण आफन्तजनप्रति आभार प्रकट गर्दछु । अन्त्यमा, शोधपत्र लेखनको क्रममा मलाई सहयोग गर्नुहुने मेरा आत्मीय मित्रहरुका साथै टाइपिङ्गमा सहयोग पुऱ्याउने मित्र प्रकाश बरालप्रती विशेष धन्यवाद ज्ञापन गर्दछु ।

नवराज जोशी

## सोधसार (ABSTRACT)

सामुदायिक तथा संस्थागत मा.वि. मा आर्थिक लगानी तथा शैक्षिक उपलब्धिको तुलनात्मक अध्ययन : काठमांडौ जिल्ला कीर्तिपुर नगरपालिका शीर्षकमा गरिएको एक अध्ययन अनुसन्धान हो । यसमा सामुदायिक तथा संस्थागत मा.वि. को आम्दानीको स्रोत तथा खर्चका क्षेत्रहरु पहिचान गर्नु, सामुदायिक तथा संस्थागत मा.वि.को चालु आम्दानी र चालु खर्चको तुलनात्मक अध्ययन गर्नु, र सामुदायिक तथा संस्थागत मा.वि. को शैक्षिक उपलब्धिको तुलनात्मक अध्ययन गर्नु यस अध्ययनको मुख्य उद्देश्य रहेको छ ।

अध्ययनको उद्देश्य पुरा गर्न परिमाणात्मक र गुणात्मक दुवै ढाँचाको प्रयोग गरी प्रमुख रुपमा प्राथमिक स्रोत तथा केही आवश्यक थप तथ्यांङ्क द्धितीय स्रोतका माध्यमबाट संकलन गरी प्राप्त तथ्यांङ्कलाई आवश्यकताअनुसार तालिका, वृतचित्र आदिको माध्यमवाट विश्लेषण गरिएको छ । प्राथमिक स्रोतवाट तथ्यांङ्क संकलन गर्न छुट्टाछुट्टै प्रश्नावली निर्माण गरी सम्बन्धित मा.वि. का प्र.अ., अभिभावक, विद्यार्थी र विद्यालय व्यवस्थापन समिति अध्यक्ष लाई प्रत्यक्ष सोधेर संकलन गरिएको थियो, भने यसका साथै अवलोकन सूची र छलफल निर्देशिकाको माध्यमवाट प्रत्यक्ष अवलोकन र लक्षित समुह छलफल सञ्चालन गरी प्राथमिक तथ्यांङ्क संकलन गरीएको थियो जसका लागि उद्देश्यमुलक र सुविधाजनक नमूना छनौटका आधारमा कीर्तिपुर न.पा. मा रहेका ३ सामुदायिक र ४ संस्थागत मा.वि. वाट सामुदायीक तर्फ जनसेवा मा.वि. र संस्थागत तर्फ लेवोरेटरी मा.वि. लाई छनौट गरिएको थियो । द्धितीय तथ्यांङ्कको स्रोतको रुपमा सम्बन्धित कीर्तिपुर न.पा., जि.वि.स., अर्थ मन्त्रालय, उच्च माध्यमिक शिक्षा परिषद्, जिल्ला शिक्षा कार्यालय, केन्द्रीय तथ्यांङ्क विभाग, पत्रपत्रिका र अन्य प्रकाशित तथा अप्रकाशित तथ्यांङ्कहरुलाई आधार मानिएको छ ।

सामुदायिक र संस्थागत मा.वि.को भौतिक अवस्था हेर्दा ३ वटा भवन रहेको सामुदायिक मा.वि. को कक्षाकोठामा औसत ४ विद्यार्थी वरावर १ डेक्स बेन्चको व्यवस्था भएको र प्रति विद्यार्थी क्षेत्रफल ९.३० वर्गफिट रहेको पाईयो, भने संस्थागत मा.वि.मा ४ वटा भवन भएको जसमा कक्षाकोठामा औसत २ विद्यार्थी वरावर १ डेक्स वेन्चको व्यवस्था भएको र प्रति विद्यार्थी २.१० वर्गफिट क्षेत्रफल रहेको पाईयो । दुवै मा.वि. मा १/१ वटा खेल मैदान भएको, १/१ वटा पुस्तकालय भएको र शौचालय दुवै मा.वि. मा ४/४ वटा रहेको पाईयो ।

अध्ययनमा रहेका सामुदायीक मा.वि. मा शिक्षा र व्यवस्थापन संकायहरु सञ्चालन भएको, भने संस्थागतमा व्यवस्थापन र विज्ञान संकाय सञ्चालन भएको पाईयो । सामुदायिक र संस्थागत दुवै मा.वि. मा जम्मा ४३ जना शिक्षक रहेका छन् जसमा महिला ४ जना र पुरुष ३९ जना रहेको पाईयो । सामुदायिक मा.वि. मा विद्यार्थीको भर्ना दर २०७०/०७१ मा औषतमा ४१.७९ प्रतिशत पाईयो भने २०७१/०७२ मा ५८.१९ प्रतिशत पाईयो । त्यस्तैगरी संस्थागत मा.वि. मा २०७०/०७१ मा ४६.३० प्रतिशत र २०७१/०७२ मा ५३.६९ प्रतिशत देखिएको छ । विद्यार्थी शिक्षक अनुपात सामुदायिकतर्फ २०७०/०७१ र २०७१/०७२ मा क्रमशः १:७/१:९ छ भने संस्थागततर्फ २०७०/०७१ र २०७१/०७२ मा क्रमश : १:१५/१:१७ रहेको छ । त्यस्तैगरी सामुदायिक मा.वि. को विद्यार्थी उत्तीर्ण दर २०७०/०७१ देखि २०७१/०७२ सम्ममा क्रमशः ६५.८५ र ६३.०३ प्रतिशत रहेको र कक्षा छोड्ने दर पनि क्रमशः १९.६४ र १८.३२ प्रतिशत रहेको छ । संस्थागत तर्फ विद्यार्थी उत्तीर्ण दर २०७०/०७१ देखि २०७१/०७२ सम्ममा क्रमशः ७७.३५ र ८०.९५ प्रतिशत र कक्षा छोड्ने दर २.०९ र ९.४८ प्रतिशत रहेको पाईयो ।

विद्यालयहरुको आर्थिक अवस्था अर्न्तगत सरकारी अनुदान र विद्यार्थी शुल्कलाई अध्ययन गरिएको छ । सामुदायिक मा.वि. लाई २०७०/०७१ देखि २०७१/०७२ सम्ममा जम्मा रु.२,४६,९४,९२२ अर्थात ८६.६६ प्रतिशत सरकारी अनुदान र विद्यार्थी शुल्कबाट रु.३७,९८,८१० अर्थात १३.३३ प्रतिशत आम्दानी प्राप्त भएको पाईयो। यसरी सामुदायिक मा.वि. लाई २ वर्षमा औसतमा रु.१,४२,४६,८६६ आम्दानी प्राप्त भएको छ भने संस्थागत मा.वि. लाई सरकारी अनुदान प्राप्त नहुने हुनाले आम्दानीको स्रोत विद्यार्थी शुल्क भएकाले २ वर्षमा उक्त मा.वि.लाई विद्यार्थी शुल्कबाट कुल रु.२,३१,९०,९६१ आम्दानी भएको पाईयो, भने औसतमा रु.१,१५,९५,४८०.५ आम्दानी प्राप्त भएको पाईयो । त्यस्तैगरी सामुदायिक मा.वि. को खर्च विवरण हेर्दा २०७०/०७१ देखि २०७१/०७२ सम्ममा जम्मा रु.२,०६,७५,२४२ खर्च भएको पाईयो, भने संस्थागत मा.वि. मा २ वर्षमा रु.१,९२,९५,००० खर्च भएको पाईयो ।

विद्यालयहरुको प्रतिविद्यार्थी (औषत) लागतको अवस्था हेर्दा सामुदायिक मा.वि. को ११ र १२ मा प्रति विद्यार्थी (औषत) लागत रु.६७,५०० रहेको पाईयो, भने संस्थागत मा.वि. को ११ र १२ मा प्रति विद्यार्थी (औषत) लागत रु. १,११,००० रहेको पाईयो । दुबै मा.वि. को शैक्षिक उपलब्धिको तुलनात्मक विश्लेषण गर्दा २०७०/०७१ मा सामुदायिकमा ६५.८५

प्रतिशत र संस्थागतमा ७७.३५ प्रतिशत शैक्षिक उपलब्धि भएको पाईयो भने २०७१/०७२ मा सामुदायिकमा ६३.०३ प्रतिशत र संस्थागतमा ८०.९५ प्रतिशत शैक्षिक उपलब्धि भएको पाईयो । यसरी २ वर्षको उपलब्धि हेर्दा सामुदायिकमा भन्दा संस्थागतमा शैक्षिक उपलब्धि बढी अर्थात राम्रो भएको देखियो ।

समग्रमा, सामुदायिक मा.वि.को आम्दानीको स्रोतमा सरकारी अनुदान र विद्यार्थी शुल्क रहेको र संस्थागत मा.वि. मा विद्यार्थी शुल्क मात्र रहेको अवस्थामा हेर्दा सामुदायिक मा.वि. मा संस्थागत मा.वि.को भन्दा बढी आम्दानी भएको देखिन्छ र खर्च पनि सामुदायीक मा.वि. मा नै बढी भएको देखिन्छ भने कक्षा छोड्ने दर पनि सामुदायिक मा.वि.मा बढी भएको देखिन्छ । यसको सुधारका लागी सामुदायिक माध्यमिक विद्यालयले शिक्षण सिकाईका आधुनिक प्रविधीहरु जस्तै: टि.भी., प्रोजेक्टर, ईन्टरनेट लगायतका विद्युतीय उपकरणहरुको विकास तथा विस्तार गर्नु आवश्यक देखिन्छ । तर मा.वि. को प्रति विद्यार्थी लागत र शैक्षिक उपलब्धि हेर्दा सामुदायिक मा.वि.मा भन्दा संस्थागत मा.वि.मा प्रति विद्यार्थी लागत रशैक्षिक उपलब्धि बढी भएको देखिन्छ ।

अन्त्यमा, सामुदायिक तथा संस्थागत मा.वि. को लगानी र शैक्षिक उपलब्धि हेर्दा के भन्न सकिन्छ भने सामुदायिक मा.वि. ले शैक्षिक उपलब्धि बढाउनको निम्ती लगानी सँगैआधुनीक शिक्षण प्रविधीको प्रयोग, प्रशासन क्षेत्रलाई सुदृढीकरण, बिद्यार्थी भर्ना संख्यामा बृद्धी,आर्थीक अवस्थालाई चुस्त दुरुस्त, भौतिक पुर्वाधारलाई सम्पन्न, सुधारित परीक्षा प्रणाली, स्वच्छ शैक्षिक वातावरण, वालमैत्री विद्यालय र तालिम प्राप्त शिक्षक हुनु पनि अति आवश्यक देखिन्छ ।

## **विषय सूची (TABLE OF CONTENTS)**


पृष्ठ

सिफारिस पत्र (RECOMMENDATION LETTER) ii

स्वीकृतिपत्र (APPROVAL LETTER) iii

कृतज्ञता ज्ञापन (ACKNOWLEDGEMENTS) iv

सोधसार (ABSTRACT) v

तालिका सूची (LIST OF TABLES) xiii

संक्षिप्त शब्दावली (ACRONYMS) xv

**अध्याय एक (CHAPTER ONE)**

**परिचय (INTRODUCTION)** १

१.१ अध्ययनको पृष्ठभूमी (Background of the Study) १

१.२ समस्याको कथन (Statement of the Problem) ४

१.३ अध्ययनको महत्व (Importance of the Study) ७

१.४ अध्ययनको उद्देश्य (Objectives of the Study) ९

१.५ अध्ययनको परिसीमाहरु (Delimitations of the Study) ९

१.६ मुख्यशब्दावलीको परिभाषा (Definitions of the Key Terms) १०

१.७ अध्ययनको संगठन (Organization of the Study) ११

**अध्याय दुई (CHAPTER TWO)**

**सम्बन्धित साहित्यको पुनरावलोकन र कार्यात्मक ढाँचा (REVIEW OF THE RELATED LITERATURE AND FUNCTIONAL FRAMEWORK)** १२

२.१ सम्बन्धित साहित्यको पुनरावलोकन (Review of the Related Literature) १२

२.२ अनुसन्धानात्मक साहित्यको पुनरावलोकन (Review of the Research Literature) १६

२.३ साहित्यको पुनरावलोकन अध्ययनको उपादेयिता (Implication of the Review for the Research) २१

२.४ अनुसन्धान अन्तर (Research Gap) २२

२.५ कार्यात्मक ढाँचा (Functional Framework) २४

## अध्याय तीन (CHAPTER THREE)

**विधि र प्रकृयाहरु (METHOD AND PROCEDURES)** २५

३.१ अनुसन्धान ढाँचा (Research Design) २५

३.२ जनसंख्या, नमुना आकार र नमूना छनौट रणनीती (Population, Sample Size and Sampling Strategy) २५

३.२.१ जनसंख्या (Population) २५

३.२.२ नमूना आकार (Sample Size) २६

३.२.३ नमूना छनौट रणनीति (Sampling Strategy) २६

३.३ तथ्यांङ्कको स्रोतहरु (Source of Data) २६

३.३.१ प्राथमिक स्रोतहरु (Primary Sources) २६

३.३.२ द्वितीय स्रोतहरु (Secondary Sources) २७

३.४ अध्ययन क्षेत्रको परिचय (Introduction to the Study Area) २७

३.५ तथ्यांङ्क संकलनका साधनहरु (Tools of Data Collection) २७

३.५.१ प्रश्नावली (Questionnaire) २८

३.५.२ अवलोकन सूची (Observation List) २८

३.६ तथ्यांङ्क संकलनका प्रविधीहरु (Techniques of Data Collection) २८

३.६.१ अर्न्तवार्ता (Interview) २८

३.६.२ प्रत्यक्ष अवलोकन (Direct Observation ) २९

३.६.३ लक्षित समूह छलफल (Focus Group Discussion) २९

३.७ तथ्यांङ्क विश्लेषण प्रकृया (Data Analysis Procedures) २९

३.८ नीतिगत प्रावधान (Ethical Consideration) २९

## अध्याय चार (CHAPTER FOUR)

**तथ्यांङ्कको प्रस्तुतीकरण र विश्लेषण (ANALYSIS AND INTERPRETATION OF DATA )** ३०

४.१ काठमांण्डौ जिल्लाको परिचय (Introduction to the Kathmandu District) ३०

४.१.१ भौगोलिक अवस्था (Geographical Situation ) ३०

४.१.२ जनसाङ्ख्यिकिय विवरण (Demographic Description) ३१

४.१.३ प्रशासनिक विवरण (Administrative Description) ३१

४.१.४ हावापानी (Climate) ३१

४.२ किर्तीपुर नगरपालिकाको परिचय (Introduction to the Kirtipur Municipality) ३२

४.२.१ ऐतिहासीक विवरण (Historical Description) ३२

४.२.२ भौगोलिक स्थिती (Geographical Condition) ३३

४.२.३ जनसाङ्ख्यिकिय अवस्था (Demographic Situation) ३४

४.२.४ सामाजिक बिशेषताहरु (Social Features) ३४

४.२.५ धार्मीक तथा सास्कृर्तीक अवस्था (Nature of Religious and Culture) ३६

४.२.६ पुर्वाधारको अवस्था (Infrastructure Situation) ३७

४.२.७ आर्थिक अवस्था (Economic situation) ४१

४.३ सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयहरुको भौतिक विवरण (Physical Description of Community & Institutional Schools) ४३

४.३.१ भवन र कक्षाकोठाको क्षेत्रफल (Building & Classroom Area) ४४

४.३.२ खेल मैदान (Play Ground) ४५

४.३.३ शौचालय संख्या (Number of Toilets) ४५

४.३.४ फर्निचर संख्या (Number of Furniture) ४५

४.३.५ पिउने पानीको अवस्था (Situation of Drinking water) ४६

४.३.६ पुस्तकालय (Library) ४६

४.३.७ छात्रवास, प्रयोगशाला, कम्प्यूटर र शैक्षिक सामग्री (Hostel, Laboratory, Computer & Teaching Materiais) ४७

४.४ सामुदायिक तथा संस्थागत माध्यकिम विद्यालयहरुको शैक्षिक विवरण (Educational Description of Community and Institutional Schools) ४७

४.४.१ छनौटमा परेका विद्यालयहरुको संकाय र विषयहरु (Faculty & Subjects of Selected Schools) ४८

४.४.२ छनौटमा परेका विद्यालयहरुमा शिक्षकहरुको विवरण (Description of Teacher of Selected Schools ) ४८

४.४.३ छनौटमा परेका सामुदायिक विद्यालयहरुमा विद्यार्थी भर्ना (Student Enrollment in Selected Community Schools) ४९

४.४.४ छनौटमा परेको संस्थागत विद्यालयहरुमा विद्यार्थी भर्ना (Student Enrollment in Selected Institutional Schools) ५०
४.४.५ छनौटमा परेका माध्यमिक विद्यालयहरुमा शिक्षक–विद्यार्थी अनुपात (Teacher -Student Ratio in selected secondary schools) ५१
४.४.६ छनौटमा परेका माध्यमिक विद्यालयहरुमा विद्यार्थी उत्तीर्ण दर (Student promotion Rate in selected secondary schools) ५२
४.४.७ छनौटमा परेका माध्यमिक विद्यालयहरुमा विद्यार्थीहरुको विद्यालय छोड्ने दर (Droupout Rate in Selected Secondary Schools Students) ५५
४.५ छनौटमा परेका सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयहरुको आम्दानीको स्रोत तथा खर्चका क्षेत्रहरु (Source of Income & Sectors of Expenditure of Selected Community & Institutional secondary schools) ५७
४.५.१ सामुदायिक माध्यमिक विद्यालयको वार्षिक चालु आम्दानीको स्रोत (Source of Annual Current Income in community secondary school) ५७
४.५.२ सामुदायिक माध्यमिक विद्यालयको वार्षिक चालु खर्च (Annual Current Expenditure of Community secondary school) ५८
४.५.३ सामुदायिक माध्यमिक विद्यालयको वार्षिक बचत (Annual Surplus of community secondary school) ५९
४.५.४ संस्थागत माध्यमिक विद्यालयको वार्षिक चालु आम्दानीको स्रोत (Source of Annual Current Income in Institutional secondary school) ५९
४.५.५ संस्थागत माध्यमिक विद्यालयको वार्षिक चालु खर्च (Annual Current Expenditure of Institutional secondary school) ६०
४.५.६ संस्थागत माध्यमिक विद्यालयको वार्षिक वचत (Annual Surplus of Institutional secondary school) ६२
४.६ सामुदायिक तथा संस्थागत माध्यमिक विद्यायलहरुको प्रतिएकाई विद्यार्थी लागत (Per Unit Student Cost in Community & Institutional secondary schools) ६२
४.६.१ सामुदायिक माध्यमिक विद्यालयको प्रतिएकाई विद्यार्थी औसत लागत (Per Unit Student Average Cost of Community secondary school) ६३

४.६.२ संस्थागत माध्यमिक विद्यायलको प्रतिएकाई विद्यार्थी औसत लागत (Per Unit Student Average Cost of Institutional secondary school) ६४

४.७ सामुदायिक तथा संस्थागत माध्यमिक विद्यायलहरुको प्रतिएकाई विद्यार्थी लागत र शैक्षिक उपलब्धिविचको तुलनात्मक विश्लेषण (Comparative Analysis of Per Unit Student Cost & Educational Achievement Between Community & Institutional secondary schools) ६५

४.७.१ सामुदायिक तथा संस्थागत माध्यमिक विद्यायलहरुको प्रतिएकाई विद्यार्थी लागतको तुलनात्मक विश्लेषण (Comparative Analysis of Per Unit Student Cost in Community & Institutional secondary schools) ६५

४.७.२ सामुदायिक तथा संस्थागत माध्यमिक विद्यायलहरुको शैक्षिक उपलब्धिको तुलनात्मक विश्लेषण (Comparative Analysis of Educational Achievement of Community & Institutional secondary schools) ६६

**अध्याय पाँच (CHAPTER FIVE)**

**साराशं, निष्कर्ष र सुझावहरु (SUMMARY, CONCLUSION AND RECOMMENDATIONS)** ६९

५.१ सारांश (Summary) ६९

५.२ निष्कर्ष र सुझावहरु (Conclusion and Recommendations) ७२

५.२.१ निष्कर्ष (Conclusion) ७२

५.२.२ सुझावहरु (Recommendations) ७५

**अनुसूचीहरु (APPENDICES)**

अनुसूची १ माध्यमिक तहका विद्यार्थीको अभिभावकका लागि प्रश्नावली ७८

अनुसूची २ माध्यमिक तहका विद्यार्थीको लागि प्रश्नावली ८१

अनुसूची ३ माध्यमिक तहका प्रधानाध्यापकका लागि प्रश्नावली ८२

अनुसूची ४ विद्यालय व्यवस्थापन समितिका अध्यक्षका लागि प्रश्नावली ८४

अनुसूची ५ विद्यालय अवलोकन फाराम ८५

अनुसूची ६ लक्षित समूह छलफल निर्देशिका ८६

**सन्दर्भ सामग्री (Reference)** ८७

# तालिका सूची (LIST OF TABLES)


| तालिका शिर्षक | पृष्ठ |
|---|---|
| तालिका ४.१ कीर्तिपुर नगरपालिकाका प्रमुख जातजातिहरु | ३४ |
| तालिका ४.२ कीर्तिपुर नगरपालिकामा बोलिने प्रमुख मातृभाषाहरु | ३५ |
| तालिका ४.३ कीर्तिपुर नगरपालिकाको धार्मिक स्वरुप | ३७ |
| तालिका ४.४ कीर्तिपुर नगरपालिकाको संचार सेवाको अवस्था | ३९ |
| तालिका ४.५ कीर्तिपुर नगरपालिकाको मनोरञ्जन तथा खेलकुद अवस्था | ४० |
| तालिका ४.६ कीर्तिपुर नगरपालिकाको शैक्षिक संस्थाको विवरण | ४१ |
| तालिका ४.७ कीर्तिपुर नगरपालिकाको भु-उपयोगको अवस्था | ४२ |
| तालिका ४.८ कीर्तिपुर नगरपालिकामा रहेका बित्तीय संघसंस्थाहरु | ४३ |
| तालिका ४.९ प्रतिविद्यार्थी कक्षाकोठाको क्षेत्रफल | ४४ |
| तालिका ४.१० प्रतिविद्यार्थी फर्निचर संख्या | ४६ |
| तालिका ४.११ छनौटमा परेका माध्यमिक विद्यालयहरुका शिक्षकहरुको विवरण | ४८ |
| तालिका ४.१२ सामुदायिक विद्यालयको विद्यार्थी भर्ना | ४९ |
| तालिका ४.१३ संस्थागत विद्यालयको विद्यार्थी भर्ना | ५० |
| तालिका ४.१४ छनौटमा परेका माध्यमिक विद्यालयहरुमा शिक्षक- विद्यार्थी अनुपात | ५१ |
| तालिका ४.१५ सामुदायिक माध्यमिक विद्यालयको उत्तीर्ण दर | ५३ |
| तालिका ४.१६ संस्थागत माध्यमिक विद्यालयको उत्तीर्ण दर | ५४ |
| तालिका ४.१७ सामुदायिक माध्यमिक विद्यालयमा विद्यालय छोड्ने दर | ५५ |
| तालिका ४.१८ संस्थागत माध्यमिक विद्यालयमा विद्यालय छोड्ने दर | ५६ |
| तालिका ४.१९ सामुदायिक माध्यमिक विद्यालयको चालु आम्दानी विवरण | ५७ |
| तालिका ४.२० सामुदायिक माध्यमिक विद्यालयको बार्षीक चालु खर्च विवरण | ५८ |
| तालिका ४.२१ संस्थागत माध्यमिक विद्यालयको चालु आम्दानी विवरण | ६० |
| तालिका ४.२२ संस्थागत माध्यमिक विद्यालयको चालु खर्च विवरण | ६१ |

तालिका ४.२३  सामुदायिक माध्यमिक विद्यालयमा प्रतिएकाई विद्यार्थी औसत लागत ६३

तालिका ४.२४ संस्थागत माध्यमिक विद्यालयमा प्रतिएकाई विद्यार्थी औसत लागत ६४

तालिका ४.२५ सामुदायिक तथा संस्थागत विद्यालयहरुको प्रतिएकाई विद्यार्थी लागतको तुलनात्मक विश्लेषण ६५

तालिका ४.२६ सामुदायिक तथा संस्थागत विद्यालयहरुका शैक्षिक उपलब्धिको तुलनात्मक विश्लेषण ६६

# संक्षिप्त शब्दावली (ACRONYMS)

| | | |
|---|---|---|
| उ.मा.वि. | : | उच्च माध्यमिक विद्यालय |
| उ.मा.शि. | : | उच्च माध्यमिक शिक्षा |
| मा.वि. | : | माध्यमिक विद्यालय |
| नि.मा.वि. | : | निम्न माध्यमिक विद्यालय |
| प्रा.वि. | : | प्राथमिक विद्यालय |
| न.पा. | : | नगरपालिका |
| प्र.अ. | : | प्रधान अध्यापक |
| वि.व्य.स. | : | विद्यालय व्यवस्थापन समिति |
| जि.वि.स. | : | जिल्ला विकास समिति |
| क्र.स. | : | क्रम संख्या |
| आ.व. | : | आर्थिक वर्ष |
| स.वि.स. | : | सम्पुर्ण विद्यार्थी संख्या |
| क.छा.स. | : | कक्षा छाड्ने संख्या |

# अध्याय एक (CHAPTER ONE)

## परिचय (INTRODUCTION)

### १.१ अध्ययनको पृष्ठभूमि (Background of the Study)

नेपालमा शिक्षाको इतिहास प्राचिन कालदेखी नै सुरु भएको पाइन्छ । नेपालमा प्राचिन समयमा गुरुकुल, ऋषिकुल, राजाकुल, देवकुल, पितृकुल शिक्षा प्रणाली रहेको थियो र सो शिक्षा धार्मिक अनुष्ठान, मठ-मन्दिरहरु, गुम्बाहरु र बिहारहरुबाट सुरुवात भएको पाइन्छ । यस समयमा शिक्षाको माध्यम संस्कृत र पाली भाषा रहेको थियो । यस समयमा अध्ययनको मुख्य क्षेत्र तथा बिषयवस्तु वेद, पुराण तथा ग्रन्थहरुमा केन्द्रित थियो । अध्ययन पश्चात शिक्षाको उपाधिस्वरुप शिष्यहरुलाई अष्टकलशले स्नान गराएर उपाधी प्रदान गरिने गरिन्थ्यो । सो समयमा उच्च शिक्षा अध्ययनको लागी नालन्दा र बिक्रमशिला विश्वविद्यालयमा जाने गरिएको पाइन्छ । यसैगरि लिच्छविकालिन समयमा धर्मप्रधान शिक्षाको विकास भएको र यस शिक्षा प्रणाली सञ्चालनको मुख्य आधार गुठी रहेको पाइन्छ, यसैगरि मल्लकालिन समयमा ब्यावसायिक शिक्षाको सुरुवात भएको पाईन्छ । मानिसको कामको आधारमा जातको विभाजन गर्ने चलन यसै समय देखि भएको मानिन्छ, जस्तैः काँसको काम गर्नेलाई कँसाकार, तामाको काम गर्नेलाई ताम्राकार भनि राजा जयस्थिती मल्लद्धारा बिभीन्न समुहमा बिभाजन गरिएको पाइन्छ (गौतम र कोइराला, २०७३) ।

मानव सभ्यताको विकास सँगसँगै शिक्षामा पनि विकास भएको पाइन्छ । मानिसले विभीन्न युग र कालखण्ड ब्यतित गर्दै आजको आधुनिक युगमा प्रवेश गरेको छ । शिक्षाले पनि त्यस्तै गरि विभिन्न काल र परिस्थितीहरु पार गर्दै आधुनीक युगमा प्रवेश गरेको छ । आज विश्वका अधिकांश मुलूकहरुमा विद्यालय शिक्षामा कक्षा १ देखी कक्षा १२ सम्मको शिक्षालाई समाहित गरेको छ । विश्व परिवेशलाई हेर्दा सन् १९४८ मा सयुक्त राष्ट्रसंघले घोषणा गरेको मानव अधिकार सम्बन्धि घोषणापत्रले सबैलाई शिक्षाको अधिकार र न्युनतम मानव अधिकारको ब्यवस्था गरेको पाइन्छ । शिक्षालाइ संसारभर सर्वसुलभ र सबैको पहुँचमा पुर्‍याउन सन् २००० मा सेनेगलको डकारमा विश्व सम्मेलन भएको थियो (घिमिरे, २०६५) ।

नेपालमा आधुनिक शिक्षाको इतिहास विं.सं. १९१० मा जङ्गबहादुर राणाले दरबार स्कूलको स्थापना गरेपश्चात सुरुवात भएको पाइन्छ । त्यसपछिका समयहरुमा शिक्षाको विकास क्षेत्रमा विविध परिवर्तन र हेरफेर हुँदै आएर वि.सं. १९९० मा S.L.C.बोर्डको स्थापना गरियो । २००७ सालसम्म आइपुग्दा ३२२ वटा प्राथमिक विद्यालय र ११ वटा माध्यमिक विद्यालय, १ वटा कलेज स्थापना भएका थिए । त्यसपछि विस्तारै शैक्षिक प्रणालीलाई सुधार गर्नका लागि विभिन्न सम्बन्धित समिति तथा प्रतिवेदनहरु समय र परिस्थिति अनुसार परिवर्तन र परिमार्जन हुँदै आउन थाले । यसै क्रममा वि.सं. २०४६ सालको जनआन्दोलनसम्म आइपुग्दा प्राथमिक विद्यालयको संख्या २४,७४६, निम्न माध्यमिक विद्यालय ७,७३६ र माध्यमिक विद्यालय संख्या ४,५४७ पुग्यो (शर्मा, २०६२) ।

शिक्षा नै समाज विकासको मूल आधार भएकाले यसले सामाजिक, आर्थिक, साँस्कृतिक, राजनीतिक विकासको पूर्वाधारको रुपमा पनि कार्य गर्दछ तर शिक्षा विकासको पूर्वाधार मात्र नभई मानिसको नैसर्गिक अधिकार पनि हो भन्ने भनाइलाई आत्मसाथ गर्दै वर्तमान एक्काइसौं शताब्दीले शिक्षालाई विद्यार्थीहरुमा ग्रहणशीलता, जटिलताको व्यवस्थापन, स्वनिर्देशित, उत्साह, सिर्जनात्मकता, जोखिम लिने, उच्च तहको सोच र स्वस्थ चिन्तनको सिप विकास गराउने साधनको रुपमा लिइएको छ । त्यसैले शिक्षा क्षेत्रलाई गुणस्तरीय एंव समय सापेक्ष बनाउनका लागि उचित लगानीको आवश्यकता पर्दछ । अन्य क्षेत्रमा गरिएको लगानीभन्दा शिक्षा क्षेत्रमा गरिएको लगानी बढी उपयोगी, स्थायी र दीर्घकालिन हुन्छ । यसले विकासको लागि आधार तयार पार्दछ (शर्मा, २०६५) ।

आर्थिक दृष्टिकोणबाट हेर्दा शिक्षालाई पनि उद्योगसँग तुलना गर्न सकिन्छ । बिद्यार्थी शिक्षण संस्थाका उत्पादन हुन् । बिद्यार्थीहरुमा अपेक्षा गरेअनुसार ज्ञान, सिप र धारणाको विकास गराई राज्यको आवश्यकता अनुसारको योग्य, दक्ष, मानविय संसाधन तयार पार्नका लागी शिक्षामा लगानी गरिन्छ । शिक्षण संस्था सञ्चालन गर्न बिभीन्न किसमको लागत लाग्ने गर्दछ । जस्तै- शिक्षकको तलव, भत्ता, अन्य कर्मचारीहरुको तलव, भत्ता पाठ्यपुष्तक लगायत बिभिन्न किसमका शैक्षिक सामाग्रीको लागी गरेको खर्च, शिक्षण संस्थाको भौतिक निर्माण, मर्मत सम्भार, पुष्तकालय, प्रयोगशाला, खेल मैदान, छात्रावास आदिको निर्माणको लागी गरिने खर्च, परिक्षा सञ्चालनको लागी लाग्ने खर्च आदि शिक्षण संस्थाको लागत खण्ड हो । शिक्षामा गरिएको लगानीलाई मानविय पूँजी निर्माणमा

गरिएको लगानी भनिन्छ, किनकि यसबाट हरेक राष्ट्रले आर्थिक लाभ तथा राष्ट्र निर्माणमा महत्वपूर्ण सहयोग प्राप्त गर्दछन् । शिक्षामा गरिएको लगानीले उद्योगमा गरिएको लगानीले जस्तो प्रत्यक्ष लाभ र प्रत्यक्ष उत्पादन दिँदैन तर शैक्षिक पूँजी निर्माणमा सहयोग गर्दछ । यसका अतिरिक्त शैक्षिक संस्थाहरुमा गरिएको लगानीले व्यक्तिको उत्पादकत्व बृद्धि गरी व्यक्तिलाई सुखी र सक्षम बनाउँछ (अधिकारी, २०७१) ।

नेपाल सरकार शिक्षा मन्त्रालयले शिक्षा दिवश वि.सं.२०७३ को अवसरमा 'समृद्ध राष्ट्र निर्माणका लागी जिवनोपयोगी शिक्षामा लगानी ' भन्ने नारा प्रस्तुत गरेको थियो । जुन नाराले पनि शैक्षिक क्षेत्रमा लगानी बढाउनुपर्नेमा जोड दिएको छ  (नेपाल सरकार, शिक्षा मन्त्रालय २०७३) ।

नेपाल सरकारले आ.व. २०७३/०७४ को बजेट वक्तव्यमा 'सर्वसुलभ र गुणस्तरिय शिक्षा' शिर्षकमा आधारभुत शिक्षालाई अनविार्य र निःशुल्क बनाईने, माध्यमिक शिक्षालाई क्रमशः अनिवार्य र निःशुल्क बनाईनेछ भनी घोषणा गरेको छ । वक्तव्यमा आगामी आ.व. देखी विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन गरिने र यसका लागी रु.२६ अर्व २५ करोड विनियोजन गरेको कुरा उल्लेख छ । यसै गरि दलित तथा लोपोन्मुख समुदायका बालबालीकाहरुलाई सबै विषयमा उच्च शिक्षा निःशुल्क हुने व्यवस्था मिलाईने र अध्ययन अध्यापनका सम्पुर्ण चरणहरुमा सामाजिक अडिट (परिक्षण) गरि विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक र शिक्षकहरुलाई जवाफदेही बनाईने कुरा उल्लेख छ ( अर्थ मन्त्रालय, २०७३) ।

शिक्षा ऐन २०२८ ले माध्यमिक शिक्षालाई तीन भागमा विभाजन गरेको छ । जसमा निम्न माध्यमिक शिक्षा भनेर कक्षा ६ देखि ८ सम्म दिइने शिक्षा, माध्यमिक शिक्षा कक्षा ९ र १० सम्म दिइने शिक्षा तथा उच्च माध्यमिक शिक्षा कक्षा ११ र १२ सम्म दिइने शिक्षा भनी परिभाषित गरेको  छ । सोही ऐनको आठौ संसोधन २०७३ ले उल्लेखित परिभाषामा संसोधन गर्दै प्रारम्भिक बाल शिक्षादेखी कक्षा आठसम्म दिईने शिक्षालाई 'आधारभुत शिक्षा' र कक्षा नौ देखि कक्षा बाह्रसम्म दिईने शिक्षालाई 'माध्यमिक शिक्षा' भनि परिभाषित गरेको छ । ( शिक्षा ऐन, २०२८ आठौँ संसोधन २०७३ सहित) ।

शैक्षिक लगानी पश्चात मात्र शैक्षिक उपलब्धि प्राप्त गर्न सकिन्छ । मानवीय जीवनलाई समय सापेक्ष परिष्कृत गराउन सक्नु र समाजको प्रतिनिधिको रुपमा व्यवहार गर्न सक्ने हुनुलाई शैक्षिक उपलब्धिको रुपमा मान्न सकिन्छ । शैक्षिक उपलब्धि भनेको शैक्षिक लगानी गरेपछि मानवीय व्यवहारलाई उपयोगी बनाउने कार्य गर्नुका साथै गुणस्तरीय जीवन व्यतित गर्दै समाजमा शिक्षाको ज्ञान बढाउने कुरामा सहयोग गर्नुलाई मान्न सकिन्छ । शैक्षिक उपलब्धिलाई उत्तीर्ण प्रतिशत, कक्षा छाड्ने प्रवृत्ति, उत्तीर्ण श्रेणी, कक्षा दोहोऱ्याउने प्रवृत्ति, चेतना, शिक्षित र अशिक्षित बिचको अन्तर जस्ता कुराले निर्धारण गर्दछ (गौतम, २०६७) ।

राष्ट्रिय परम्परा, सामाजिक, सांस्कृतिक सम्पदा र लोकतान्त्रिक मूल्यसँग परिचित देशको आर्थिक विकासमा योगदान दिन सक्ने दक्ष र स्वस्थ नागरिकको उत्पादन गर्नु माध्यमिक शिक्षाको उद्देश्य हो । साथै देशको सर्वाङ्गीण विकासका लागि क्षमता अनुरुप ठोस योगदान दिन सक्ने सिपयुक्त जनशक्ति उत्पादन गर्नु र विश्वविद्यालय शिक्षाका लागि आवश्यक ज्ञान, सीप प्रदान गरि सचेत नागरिक तयार पार्नु हो । त्यसका लागि माध्यमिक तथा उच्च माध्यमिक शिक्षामा उल्लेखनीय उपलब्धिको आवश्यकता छ । ( उच्च माध्यमिक शिक्षा परिषद्, २०६४) ।

उपरोक्त कारणहरुले गर्दा यस अध्ययनमा माध्यमिक विद्यालयका आर्थीक लगानी तथा शैक्षिक उपलब्धिको तुलनात्मक अध्ययन गर्ने प्रयास गरिएको छ ।

## १.२ समस्याको कथन (Statement of the Problem)

शिक्षामा गरिने लगानी अन्य व्यवसायमा गरिने लगानी भन्दा भिन्न प्रकृतिको र दीर्घकालिन हुन्छ । अन्य ब्यवसायमा गरिएको लगानीबाट प्रतिफल प्राप्त गर्न धेरै समय पर्खनुपर्ने हुन्छ । शिक्षा देश विकासको मुख्य आधार भएकोले शिक्षा क्षेत्रमा सरकारले गरेको लगानीलाई उचित तरिकाले परिचालन गरी शिक्षालाई गुणात्मक र परिस्कृत बनाउनु अति नै आवश्यक रहेको छ । यहि कुरालाई मनन गरी शैक्षिक लगानीको महत्व बुझेर सरकारले शिक्षा क्षेत्रमा पर्याप्त लगानी गर्नुपर्दछ र शिक्षालाई गुणस्तरीय र परिस्कृत गर्दै अगाडि बढाउनुपर्दछ (पोखरेल, २०६३) ।

हालको अवस्थामा नेपालको शिक्षा क्षेत्रमा थुप्रै बिकृती बिसंगतिहरु रहेको अवस्थामा नेपालको शैक्षिक बिकासलाई शैक्षिक क्षेत्रमा गरेको दीर्घकालिन लगानीमा भर पर्नुपर्ने अवस्था रहेको छ । तसर्थ राष्ट्रले कूल बजेटको झन्डै २० प्रतिशत लगानी शैक्षिक क्षेत्रमा गर्नुपर्ने आवश्यकता छ, तर चालु आ.ब.२०७५/७६ को बार्षीक बजेटमा शिक्षा क्षेत्रमा कुल बजेटको १०.१९ प्रतिषत रकम शिक्षा क्षेत्रमा छुट्याईएको छ, जुन रकमले अझै पनि सो प्रतिषतसम्म लगानी पुग्न नसकेको देखाउदछ । अभिभावकको लगानी र त्यसको प्रभावकारिता पक्षबीचको सम्बन्धलाई हेर्दा त्यति सन्तोषजनक नदेखिएको अवस्थामा समय र आर्थिक लगानी सँगै धेरै मेहनतका साथ पास भएका विद्यार्थीहरुको भविष्य तर्फ पनि ध्यान पुऱ्याउन मनासिब देखिन्छ । शिक्षालाई सीपमुलक, गुणस्तरीय, समान पहुँच र सामाजिक समतामुलक बनाउन सकिने कुरामा प्रश्न चिन्ह खडा हुन थालेको छ, जुन देशको लागि दुर्भाग्य हुन सक्छ (घिमिरे,२०७३) ।

सामुदायीक तथा संस्थागत उच्च माध्यमिक शिक्षामा आर्थिक लगानी र शैक्षिक उपलब्धि एक अध्ययन भन्ने शीर्षकमा झापा जिल्लाको बिर्तामोड नगरपालिका अर्न्तगत सञ्चालित सामुदायिक र निजि उ.मा.वि. हरुमध्ये केही नमूना छनौट गरी यी दुई बिचको आर्थीक लगानी र शैक्षिक उपलब्धिको बारेमा गर्नुभएको अध्ययनमा अनुसन्धानकर्ताले अध्ययनमा रहेको सामुदायिक को विद्यार्थी उत्तीर्णदर औसतमा २०७०/०७१ मा २२.७२ प्रतिशत र २०७१/०७२ मा ३५.०६ प्रतिशत देखियो भने संस्थागत उ.मा.वि. को २०७०/०७१ मा विद्यार्थी उत्तीर्ण दर २९.५ प्रतिशत र २०७१/०७२ मा ३५.२२ प्रतिशत देखियो । यसरी सामुदायिकमा भन्दा संस्थागत उ.मा.वि. मा शैक्षिक उपलब्धि सन्तोषजनक रहेकों, सामुदायिकमा भन्दा संस्थागत उ.मा.वि. मा विद्यालय छोड्ने दर न्युन रहेको, त्यस्तैगरी संस्थागत उ.मा.वि. मा आम्दानीको प्रमुख स्रोत विद्यार्थी शुल्क देखिएकाले २०७०/०७१–२०७१/०७२ सम्ममा उक्त उ.मा.वि. लाई औसत रु.८५,०८,९०० आम्दानी प्राप्त भएको छ । यसरी २ वर्षमा सामुदायिक उ.मा.वि. लाई भन्दा संस्थागत उ.मा.वि.लाई रु.६२,५९,१२७.५ बढी आम्दानी प्राप्त भएको देखिन्छ । अध्ययनमा रहेको सामुदायिक उ.मा.वि.को खर्चको विवरण हेर्दा २०७०/०७१–२०७१/०७२ सम्ममा सामुदायिक उ.मा.वि. मा भन्दा संस्थागत उ.मा.वि. मा रु.३९,३७,१००.५ ले बढी खर्च भएको देखिन्छ । नमूना छनौटमा परेका उ.मा.वि. मध्ये सामुदायिक उ.मा.वि. मा २ वर्षमा प्रति

विद्यार्थी औसत लागत सामुदायिक उ.मा.वि. मा भन्दा संस्थागत उ.मा.वि. मा रु.१८,९२५ बढी लागत लागेको देखिन्छ, (घिमिरे (२०७३) ।

यसरी सामुदायिक माध्यमिक विद्यालयमा भन्दा संस्थागत माध्यमिक विद्यालयमा मा बढी लागत तथा सामुदायिक माध्यमिक विद्यालयमा भन्दा संस्थागत माध्यमिक विद्यालयमा शैक्षिक उपलब्धि राम्रो रहेको पाइएको अवस्थामा सो कुरा फरक पर्नुका कारणहरु बारे अध्ययन गर्नु आवश्यक देखिन्छ ।

नेपालको स्थानिय तहको निर्वाचन भइरहेको वर्तमान समयमा राजनीतीक स्तरबाट पनि शिक्षामा सबैको पहुच तथा निःशुल्क शिक्षा भन्ने कुरा विभिन्न राजनैतिक दलहरुले आफ्नो घोषणापत्रमा उद्घोषण गरेको पाइएतापनि एकातिर शिक्षामा सरकारले पर्याप्त मात्रामा लगानी गर्न नसकेको र अभिभावकहरुले आफ्ना छोराछोरीहरुप्रति पर्याप्त शिक्षामा खर्च गर्न नसकेको अवस्थाले शिक्षा लिने दिने कार्य कठिन बन्दै गएको अवस्था आज नेपालको शिक्षा क्षेत्रमा विद्यमान छ, भने अर्कोतिर वर्तमान समयका सैद्धान्तिक रुपमा कक्षा १ देखी कक्षा ८ सम्म आधारभुत तह तथा कक्षा ९ देखी कक्षा १२ सम्म माध्यमिक तह भनि घोषणा भएको र व्यवहारिक रुपमा कार्यान्वयनमा रहेको अवस्था छ । पुर्व उच्च माध्यमिक तहको शिक्षामा सरकारी अनुदान न्यून दरको रहेकाले पूर्णतः शुल्क लिएका आधारमा सञ्चालन गर्नुपर्ने अवस्था रहन गएको पाइन्छ, भने सार्वजनिक मा.वि. मा आयका स्रोतहरु सरकारी अनुदान, स्थानिय निकाय, गैरसरकारी संस्थाहरु र अभिभावक तथा विद्यार्थी नै हुन् भने निजी मा.वि.मा आयको स्रोत पूर्ण रुपमा अभिभावकलाई लिने गरेको पाइन्छ । प्रा.वि., नि.मा.वि.र मा.वि.तहमा सरकारले निशुल्क शिक्षा उपलब्ध गराउने नीति कार्यान्वयन गरेको भएता पनि मा.वि. स्तर (साविक कक्षा ११ र १२) मा यो सुविधा नहुनाले मा.वि.को प्रभावकारिता कमजोर रहेको देखिन्छ, (घिमिरे (२०७३) ।

जसले गर्दा उल्लेखनिय शैक्षिक उपलब्धि हुन सकेको छैन । यसको लागी सरकारी तथा गैरसरकारी तवरबाट सो तहमा उचित लगानीको व्यवस्था गरि शैक्षिक उपलब्धिमा सुधार गर्नूपर्ने देखिन्छ ।

नेपालमा शिक्षाको राष्ट्रिय उद्देश्य, पाठ्यक्रम, पाठ्यपुस्तक तथा प्रश्नपत्रमा एकरुपता रहेता पनि विद्यार्थीको परीक्षाको परिणाममा विविधता रहेको पाइएको छ । एउटै विद्यालयको एउटै कक्षामा अध्ययन गर्ने विद्यार्थीहरु बीचको शैक्षिक उपलब्धि ज्यादै उच्च र ज्यादै न्यून रहेको देखिन्छ । जुन अध्ययनको विषयवस्तु हो । त्यसैगरि शिक्षाको लगानीतर्फ हेर्दा अधिकांस रकम शिक्षक तलबमा मात्र सीमित हुने भएकोले भवन निर्माण र अन्य सुविधाहरुमा विद्यार्थीलाई सहुलियत नहुने हुनाले शिक्षामा निजि लगानीको भार अधिक देखिन्छ जसको प्रभावकारीता विद्यार्थी र अभिभावकको पक्षमा नगन्य मात्र भएको देखिन्छ । त्यसैगरी विद्यालय तहको शिक्षा निःशुल्क भएको घोषणा एकातिर हुने तर अर्कोतिर विद्यालयमा नै अध्यापन गराइने मा.वि. तह कक्षा ११ -१२ को शिक्षाका लागि शुल्क किन उठाउने भन्ने प्रश्न पनि समस्याको रुपमा उठेको देखिन्छ । त्यसैले यस अध्ययन अनुसन्धानसँग सम्बन्धित निम्नानुसारका समस्याहरुको उत्तर खोज्ने प्रयास गरिएको छ ।

नेपालका सामुदायिक मा.वि. मा भन्दा संस्थागत मा.वि. मा बढी लागत लाग्ने तथा सामुदायिकमा भन्दा संस्थागत मा.वि. मा शैक्षिक उपलब्धि राम्रो भएको पुर्व अध्ययनबाट पाइएकोले सो फरक पर्नुका कारणहरु के-के हुन् ?

यि माथि उल्लेखित बिषयहरु सामुदायिक तथा संस्थागत माध्यमिक बिद्यालयीय शिक्षामा देखिएका समयसान्दर्भीक समस्याहरु हुन् । यिनै समस्याहरुलाई आधार मानेर यो अध्ययनलाई काठमाण्डौं जिल्ला किर्तीपुर नगरपालिकामा सञ्चालित सामुदायीक तथा संस्थागत माध्यमिक विद्यालयहरुमा सिमित रहि अध्ययन गर्ने प्रयास गरिएको छ ।

### १.३ अध्ययनको महत्व (Significance of the Study)

विकास निरन्तर चलिरहने प्रक्रिया हो । यो दीर्घकालसम्म टिकाईराख्न शिक्षाक्षेत्रको लगानी पनि प्रमुख रुपमा आउदछ । कुनै पनि राज्यको समग्र बिकास गर्नका लागि यातायात, स्वास्थ्य, कृषि, सञ्चार, उद्योग आदि क्षेत्रमा मात्र लगानी गरेर पुग्दैन । यसको सफलताको लागि शिक्षामा पनि सोही अनुपातमा लगानी बढाउनुपर्दछ । विद्यालय समुदायको एउटा साझा आस्थाको केन्द्र हो जसले व्यक्तिको व्यक्तित्व विकास देखी परिवार, समाज, राष्ट्रिय एंव अन्तर्राष्ट्रिय स्तरमा समेत ख्याति प्राप्त गर्न सक्ने जनशक्ति

तयार गर्ने भएकाले यस क्षेत्रमा लगानी गर्नु नितान्त आवश्यक देखिन्छ त्यसैले यस अध्ययनको महत्वलाई निम्नानुसार बुँदागत रुपमा उल्लेख गरि अध्ययन अनुसन्धान गर्ने प्रयास गरिएको छ ।

क) नेपालको जनसङ्ख्या दिनप्रतिदिन बढ्दै गइरहेको परिप्रेक्ष्यमा आधारभुत तह तथा माध्यमिक तह उमेर समूहको जनसङ्ख्या पनि प्रतिदिन बढ्दै गइरहेको छ । यसरी शिक्षाप्रतिको जनचेतनाले गर्दा दिनप्रतिदिन शिक्षाको माग बढिरहेको अवस्थामा राष्ट्र तथा समुदायले थप विद्यालयको स्थापना गर्नुका साथै वैकल्पिक आयस्रोतको पहिचान गर्नुपर्ने हुँदा पनि शिक्षामा लगानीको अवस्थाबारे जानकारी गराउनमा यस अध्ययनले सहयोग पुऱ्याउछ ।

ख) शिक्षा क्षेत्रमा गरिएको लगानी अन्य क्षेत्रमा गरिएको लगानीभन्दा भिन्न प्रकृतिको हुने हुँदा यसको उत्पादकत्व जिवनपर्यन्त हुने गर्दछ । शिक्षा क्षेत्रमा गरेको लगानीबाट प्रत्येक व्यक्तिले आर्जन गर्ने ज्ञानले कुनै पनि राज्यको बिकासको प्रमुख मेरुदण्डको रुपमा कार्य गर्ने हुँदा यस अध्ययनमा सामुदायीक तथा संस्थागत जुनसुकै तवरबाट भए पनि शिक्षा क्षेत्रमा गरिएको आर्थिक लगानीले अन्य क्षेत्रमा गरिएको लगानीभन्दा दिर्घकालिन तथा वास्तविक पुजीँको रुपमा मानव संसाधन विकास गराउदछ भन्ने धारणाको विकास गराउनमा यस अध्ययनले मदत गर्दछ ।

ग) शिक्षामा लगानी गरी विद्यार्थी र समाजको आवश्यकतासँग सान्दर्भिक शिक्षा दिनु र विद्यार्थीहरुको सहभागिताको दरमा वृद्धि गर्नु नै नेपालको शैक्षिक लगानीको प्रमुख चुनौति हो । यस्ता चुनौति समाधान गर्नमा यो अध्ययनले मार्गदर्शकको रुपमा भुमिका निर्वाह गर्दछ ।

घ) यस अध्ययनबाट सामुदायिक तथा संस्थागत मा.वि. तहको शिक्षामा लगानीको अवस्था कस्तो छ ? लगानी अनुसार विद्यार्थीहरुको उपलब्धि छ वा छैन ? लगानी र उपलब्धिबीच कस्तो सम्बन्ध छ ? भन्ने जस्ता समस्याहरुको समाधानका उपायहरुको खोजी गर्नमा यस अध्ययनले सहयोग पुऱ्याउछ ।

ङ) यो अध्ययनमाथि बुँदा नं. (घ) मा उल्लेखित समस्याहरुसँग सरोकार राख्ने कुनै पनि शिक्षक, विद्यार्थी साथै शिक्षामा गरिने लगानीका लागि उपयुक्त नीतिनिर्माण गर्ने सम्बन्धित निकायलाई आधार स्तम्भ बन्न सक्नेछ भन्ने अपेक्षा राखिने छ । त्यसैगरि शिक्षा क्षेत्रमा योगदान दिन चाहने सरकारी, गैरसरकारी संस्थाहरु र भविष्यमा यस क्षेत्रमा अध्ययन अनुसन्धान गर्न चाहने अनुसन्धानकर्ताहरुका लागि समेत यो अध्ययन सहयोगि बन्न सक्नेछ भन्ने अपेक्षा राखिएको छ ।

## १.४ अध्ययनको उद्देश्य (Objectives of the Study)

यस अध्ययनको साधारण उद्देश्य सामुदायिक तथा संस्थागत मा.वि मा आर्थिक लगानी तथा शैक्षिक उपलब्धिको तुलनात्मक अध्ययन गर्नु रहेको छ ।यसका बिशीष्ट उद्देश्यहरु निम्न रहेका छन् :

क) सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयको आम्दानीको स्रोत तथा खर्चका क्षेत्रहरु पहिचान गर्ने ।

ख) सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयको चालु आम्दानी र चालु खर्चको तुलनात्मक अध्ययन गर्ने ।

ग) सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयको शैक्षिक उपलब्धिको तुलनात्मक अध्ययन गर्ने ।

## १.५ अध्ययनको परिसीमा (Delimitations of the Study)

जुनसुकै अध्ययन अनुसन्धानको क्षेत्र आफैमा ब्यापक एवं चुनौतिपुर्ण कार्य भएको हुदाँ अनुसन्धान कार्यमा बिभीन्न बाधा व्यवधानहरु आउने गर्दछन् र सो बाधा व्यवधानहरुलाई कम गरि अनुसन्धान कार्यलाई सहज बनाउन सो अनुसन्धानको क्षेत्रको दायरा सीमित गर्नुपर्दछ । तसर्थ यस अध्ययनका लागि पनि निम्न सीमाहरु निर्धारण गरिएको छ :

क) यो अध्ययन काठमाण्डौं जिल्ला कीर्तिपुर नगरपालिकामा रहेका ३ वटा सामुदायिक तथा ४ वटा संस्थागत गरि कुल ७ वटा माध्यमिक विद्यालयहरुमध्ये एक

सामुदायिक र एक संस्थागत मा.वि. अर्थात २९ प्रतिषत अध्ययन क्षेत्रमा मात्र सीमित रहको छ ।

ख) यस अध्ययनमा वर्तमान माध्यमिक तह (कक्षा ९-१२) मध्ये कक्षा ११ र १२ लाई मात्र समावेश गरिएको छ ।

ग) यो अध्ययन विद्यालयको आर्थिक तथा शैक्षिक तथ्याङ्कसँग मात्र सीमित रहेको छ ।

घ) यस अध्ययनमा २०७०/०७१ र २०७१/०७२ सालमा विद्यालयमा गरिएको आर्थिक लगानीर शैक्षिक उपलब्धिलाई मात्र तथ्यांङ्को रुपमा लिईएको छ ।

## १.६ मुख्य शब्दावलीको परिभाषा (Definitions of the Key Terms)

अध्ययन कार्यमा बिभीन्न शब्दावलीहरु प्रयोग गरिने गर्दछन् र यि बिभीन्न शब्दावलीहरुले समय, प्रसंग, परिस्थिति, घटना, स्थान, परिबेश तथा अवस्था अनुसार फरक फरक अर्थ दिने गर्दछन् । तसर्थ अध्ययनको विषयसँग सम्बन्धित कतिपय शब्दावलीको गलत अर्थ, टिकाटिप्पणी र व्याख्या नहोस् भन्नका लागि यस अनुसन्धानमा निम्नानुसारका मुख्य मुख्य शब्दहरुलाई निम्नानुसार परिभाषित गरिएको छ ।

| | |
|---|---|
| माध्यमिक शिक्षा | - कक्षा ९ देखी १२ सम्मको शिक्षा |
| आधारभुत शिक्षा | - कक्षा १ देखी कक्षा ८ सम्मको शिक्षा |
| शैक्षिक उपलब्धि | - उत्तीर्ण संख्या |
| सामुदायिक विद्यालय | - सरकारद्वारा सञ्चालित बिद्यालय |
| संस्थागत विद्यालय | - नीजि क्षेत्रद्धारा सञ्चालित बिद्यालय |
| कक्षा दोहोऱ्याउनु | - फेल भई पुनः उही कक्षामा भर्ना हुनु |
| उतीर्ण | - पास हुनु |
| शैक्षिक पूँजी | - शिक्षित जनशक्ति |
| लगानी | - सरकार, अभिभावक तथा अन्य संघसंस्थाद्वारा शिक्षामा गरिएको खर्च |

## १.७ अध्ययनको संगठन (Organization of the Study)

काठमाण्डौ जिल्ला किर्तिपुर नगरपालिकामा सञ्चालित सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयमा आर्थिक लगानी तथा शैक्षिक उपलब्धिको तुलनात्मक शिर्षकमा रहि अनुसन्धानका लागी तयार पारिएको यस अध्ययनलाई ५(पाँच) अध्यायमा संगठन गरिएको छ । यस पछिको अध्यायलाई यसरी प्रस्तुत गरिएको छ ।

दोस्रो अध्यायमा सम्बन्धित साहित्यको पूनरावलोकन, अनुसन्धानात्मक साहित्यको पुनरावलोकन, साहित्यको पुनरावलोकन अध्ययनको उपादेयता, अनुसन्धान अन्तर र कार्यात्मक ढाँचालाई क्रमैसँग समिक्षा गरिएको छ ।

अध्याय तीनमा अध्ययनको विधि र प्रकृयाहरु रहेका छन्, जस अन्तर्गत अनुसन्धान ढाँचा, जनसङ्ख्या, नमूना आकार र नमूना छनौट रणनीति, तथ्यांङ्को स्रोतहरु, अध्ययन क्षेत्रको परिचय, तथ्यांङ्क संकलनका साधनहरु, तथ्यांङ्क संकलनका प्रविधिहरु, तथ्यांङ्क विश्लेषण प्रक्रिया र नीतिगत प्रावधान जस्ता शिर्षक तथा उप–शिर्षकहरु समावेश गरिएको छ ।

चौथो अध्यायमा तथ्याङ्कको प्रस्तुतीकरण र बिश्लेषण रहेको छ । यस अध्यायमा अध्ययन क्षेत्रको परिचयको भाग अन्तर्गत काठमाण्डौ जिल्ला स्थित कीर्तिपुर नगरपालिकाको परिचय र यसको भौगोलिक, जनसाङ्ख्यिक, प्रशासनिक लगायत सामाजिक, धार्मीक, पुर्वाधार तथा आर्थिक अवस्थाको झलक प्रस्तुत गरिएको छ । साथै यस अध्ययायमा तथ्याङ्कको प्रस्तुतीकरण र बिश्लेषण अन्तर्गत अध्ययन गरिएको मा.बि.तह (कक्षा ११ र १२) को आम्दानीको स्रोत तथा खर्चका क्षेत्रहरु, चालु आम्दानी र चालु खर्चको विवरण तथा शैक्षिक उपलब्धिको तुलनात्मक विश्लेषणलाई बिभीन्न शिर्षकहरुमा बिभाजन गरी बर्णन गरिएको छ । अध्याय पाँचमा अध्ययनको साराश, निश्कर्ष र सुझावहरु राखिएका छन् ।

# अध्याय दुई (CHAPTER TWO)

## सम्बन्धित साहित्यको पुनरावलोकन र कार्यात्मक ढाँचा (REVIEW OF RELATED LITERATURE AND FUNCTIONAL FRAMEWORK)

माध्यमिक शिक्षाको प्रभाव र यसको महत्व बढ्दै जाँदा यसबारे बिभीन्न संघसंस्थाहरुले अध्ययनको चासो लिने प्रवृती पनि बढ्दै गएको पाइन्छ । प्रत्येक कार्यले सफलता पाउनको पछाडि विभीन्न कुराले प्रभाव पारेको हुन्छ । यसै सन्दर्भमा माध्यमिक विद्यालयको शैक्षिक तथा आर्थीक अवस्था, भौतिक अवस्था, लगानीको प्रभावकारिता, उपलब्धिको स्तर, कक्षा छाड्ने प्रवृती जस्ता विविध पक्षहरुबारे विभिन्न संघसंस्था, अध्ययनकर्ता हरुबाट विगतमा गरिएका अध्ययन प्रतिवेदन तथा अनुसन्धानबारे यस अध्यायमा समिक्षा गरिएको छ । यहाँ मुलतः सम्बन्धित साहित्यको पूनरावलोकन र सैद्धान्तिक ढाँचा प्रस्तुत  गरिएको छ । जसमा बिभीन्न शिर्षकहरु : सम्बन्धित साहित्यको पुनरावलोकन, अनुसन्धानात्मक साहित्यको पुनरावलोकन, साहित्यको पुनरावलोकन अध्ययनको उपादेयता, अनुसन्धान अन्तर, कार्यात्मक ढाँचाजस्ता उप-शिर्षकहरुलाई क्रमैसँग प्रस्तुत गरिएको छ ।

### २.१ सम्बन्धित साहित्यको पुनरावलोकन (Review of Related Literature)

यस अध्ययन कार्यलाई पुर्णता दिनको लागी यस शिर्षकसँग सम्बन्धित विभिन्न लेखकहरुका लेख रचनाहरु अध्ययन गरि सो लेखरचनाहरुको सारांशको रुपमा अर्थात सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयमा आर्थीक लगानी तथा शैक्षिक उपलब्धिको तुलनात्मक अध्ययन गर्न आवश्यक देखिने पक्षहरु समेटिएको छ । जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

थापा (२०५६) का अनुसार विद्यालय शिक्षा सञ्चालन गर्न लाग्ने लागत जस्तैः प्र.अ.,शिक्षक तथा प्रशासनिक कर्मचारीहरुका लागी तलव र भत्ताको लागी आवश्यक रकम हुनुपर्ने देखिन्छ् । शिक्षा क्षेत्रमा बढि मेहनतका साथ ल्याएको रकम हल्का रुपमा लागत लाभ (cost benefit ) को हिसाब नगरी खर्च गरिएको, एकातिर प्रति विद्यार्थी लगानी निकै बढेको देखिन्छ तथा अर्कोतिर उच्च लगानीको उच्च सदुपयोग नभई

अपेक्षित प्रतिफल प्राप्त हुन नसकेको अवस्था विद्यमान छ । थापाले यस अवस्थामा स्पष्ट लक्ष्य दिने, आवश्यक प्रतिबद्धताको साथ उपयुक्त रुपमा लगानी गर्ने, लगानीमा पारदर्शिता कायम गर्ने, प्रभावकारी अनुगमन गर्ने, जस्ता कार्यहरु गरेमा नेपालको शैक्षिक लगानीबाट अपेक्षित प्रतिफल प्राप्त हुन्छ भन्ने कुरामा कुनै शंका छैन भनी लगानी र यसबाट प्राप्त हुने प्रतिफलको लेखाजोखा गरी निश्चित अवसर तोकि लगानी गर्ने प्रवृत्तिको विकास गर्न आवश्यक छ भन्ने सुझाव समेत उक्त अध्ययनमा उल्लेख गरेका छन्, जुन सुझावहरु समेतलाई कार्यान्वयनमा ल्याउनु आजको आवश्यकता हो ।

अधिकारी (२०६०) का अनुसार सरकारले माध्यमिक शिक्षालाई कूल बजेटको करिब २४ प्रतिशत विनियोजन गर्दछ । सरकारबाट विद्यालयहरुले प्राप्त गर्ने अनुदानको लगभग धेरै जसो रकम शिक्षक तलबमा खर्च हुन्छ । खासगरी प्रवेश शुल्क, पुनः प्रवेश शुल्क तथा मासिक शुल्क लिन नपाउने गरी माध्यमिक शिक्षालाई निःशुल्क घोषणा गरेपछि विद्यालयको आम्दानीका स्थानीय र परम्परागत स्रोतहरु सुक्दै गएका छन् । परिणामस्वरुप विद्यालयभित्रका गतिविधिको गुणस्तर वृद्धि गर्न आवश्यक खर्च अपर्याप्त हुन गएको छ । विद्यालयको भौतिक सुविधाको विकास तथा सञ्चालन खर्च जुटाउनका लागि अभिभावक र विद्यालय दुवैले कठिनाइको सामना गर्नुपरेको छ । अहिलेको स्थितिमा अभिभावकले विद्यार्थीको शैक्षिक खर्चमा एकतिहाई व्यहोरिरहेको अनुमान गरिएको छ र सरकारले शिक्षामा सम्पूर्ण जिम्मेवारी लिन्छ भन्ने भ्रम स्थानीय निकाय र जनसमुदायमा पर्न गएको कुरा उक्त प्रतिवेदनहरुको विश्लेषणात्मक टिप्पणीमा उल्लेख गरेका छन् ।

उच्च माध्यमिक शिक्षा परिषद् (२०६४) ले शिक्षाको उद्देश्य अन्तर्गत राष्ट्रिय परम्परा, साँस्कृतिक, सामाजिक सम्पदा, लोकतान्त्रिक मूल्यसँग परिचित देशको आर्थिक विकासमा योगदान दिन सक्ने दक्ष र स्वस्थ नागरिकको उत्पादन गर्नु माध्यमिक शिक्षाको उद्देश्य हो, साथै देशको सर्वाङ्गीण विकास गर्नका लागि क्षमता अनुरुप ठोस योगदान दिन सक्ने सीपयुक्त जनशक्ति उत्पादन गर्नु र विश्वविद्यालय शिक्षाका लागि आवश्यक ज्ञान सीप प्रदान गरी सचेत नागरिक तयार पार्नु हो भनी उल्लेख गरेको छ । त्यसको लागि माध्यमिक तथा उच्च माध्यमिक शिक्षामा उल्लेखनीय उपलब्धिको आवश्यकता रहेको कुरा आफ्नो १८ औं सम्प्रेषण अंकमा उल्लेख गरेको छ ।

लुईटेल (२०६६) का अनुसार शिक्षा विनाको दिगो विकास परिकल्पनामा मात्र सिमीत रहने, शिक्षा र आर्थीक क्रियाकलापलाई ६० को दशकबाट सँगसँगै अघि बढाउने प्रयास विभीन्न देशहरुले थालनी गरेको छन् । लुईटेलले शिक्षामा गरिने लगानी र आर्थीक विकासविचको सम्बन्धमा (के शिक्षामा गरिएको लगानीले आर्थीक विकासको गतिलाई अगाडि बढाउन मदत पुर्‍याउदछ ?) भनी आर्थीक क्षेत्रको ज्यादै गहन प्रश्न उठान गर्दै सो को जवाफमा भन्दछन्, शिक्षामा गरिएको लगानीले आर्थीक वृद्धीको गति बढाउने कार्य गर्दछ । यद्यपी कस्तो खालको शिक्षा निती र संरचना सञ्चालन गरिएको छ, त्यसले आर्थीक विकासलाई निर्धारण गर्दछ भनी शिक्षा र आर्थीक विकासलाई एक सिक्काका दुई पाटाको रुपमा उल्लेख गरेका छन् ।

शर्मा (२०६८) का अनुसार गुणस्तरीय शिक्षाले व्यक्तिको सामाजिक, आर्थिक र सार्सँकृतिक विकासमा आवश्यक व्यवहारको निर्माण गराउने, शिक्षाले जस्तो सुकै अप्ठ्यारो परिवेशमा पनि समायोजन हुन सहयोग पुऱ्याउने, उपलब्ध साधनको पुर्ण उपयोगमा सहयोग पुऱ्याउने, निजी हितलाई सामुहिक हितमा परिवर्तन गर्दै पारस्परिक सहयोगको विकास गराउने तथा पारिवारिक, सामाजिक, राष्ट्रिय र अन्तर्राष्ट्रिय हितमा व्यक्तिलाई सचेत गराउने कुरा उल्लेख गरेका छन्, त्यसको लागि शिक्षा क्षेत्रमा लगानी बढाउनु अत्यन्तै आवश्यक हुने उनको ठहर छ ।

सिन्हा (२०७०) का अनुसार शिक्षामा गरिने लगानीलाई पनि राष्ट्रिय आर्थीक निती (National economic policy ) का रुपमा लिइन्छ । सरकारले कुल सरकारी बजेटमा शिक्षा क्षेत्रका लागी के कती प्रतीशत बजेट छुट्याएको छ भन्ने कुराले शिक्षा प्रतीको प्रतीबद्धतालाई देखाउछ, र यसले नै आर्थीक र शैक्षिक नीतिबिचको सम्बन्धलाई पनि दर्साउदछ । सिन्हाले प्रत्येक देशले शिक्षामा के कती लगानी गर्ने हो त्यो त सम्बन्धित देशको बृहत तथा सुक्ष्म आर्थीक अवस्था (Macro and Micro economic status), सामाजीक सास्कृतीक बनोट, जनसङ्ख्याको प्रवृती आदिमा निर्भर गर्दछ तर कम से कम सार्वजनीक बजेटको २० प्रतीशत तथा कुल ग्राहस्थ उत्पादनको ५ प्रतिशत रकम शिक्षा क्षेत्रमा खर्च गर्ने अन्तरराष्ट्रिय मान्यता रहेको देखाएका छन् । उनले राष्ट्रिय आय समुह तथा क्षेत्रीय स्तरमा शिक्षा क्षेत्रमा कुल राष्ट्रिय उत्पादनको लगानी प्रवृतीलाई तुलनात्मक रुपमा व्यक्त गर्दै करिब एक दशकमा मध्य एसियाका देशहरुमा शिक्षामा सरकारी लगानी

वृद्विदर सबभन्दा बढी ८.५ प्रतिशत भएको र सवभन्दा कम पुर्वी एसिया तथा प्रशान्त क्षेत्रमा प्रतिबर्ष जम्मा २ प्रतिशतका दरले बृद्धी भएको कुरा दर्साउदै शिक्षामा आर्थीक लगानी तथा शैक्षिक उपलब्धिलाई तुलनात्मक अध्ययन गरिनुपर्ने कुरामा जोड दिएका छन् साथै शिक्षामा लगानीप्रती सरकारको निती केन्द्रित विचार व्यक्त गरेका छन् ।

उपाध्याय (२०७१) का अनुसार शिक्षा बिकास निर्माणको अग्रणी आवश्यकता हो, शिक्षाले विविध किसमका ज्ञान दिन्छ, अज्ञानता हटाउछ, यसले नयाँ प्रगती र उन्नती गर्न मदत गर्दछ । शिक्षाले मानीसलाई सही मार्गको पहिचान गर्न सघाई सोही मार्गमा हिड्न प्रेरित गर्ने भएकोले आज बिश्वब्यापी रुपमा शिक्षालाई बिकासको पुर्वशर्त एवं पुर्वाधारको रुपमा लिने गरिएको पाईन्छ । सोही अनुरुप शिक्षा क्षेत्रमा लगानी र चासो पनि बढ्दै गएको छ । यसैले शिक्षा क्षेत्रमा बिगतमा भएका नितीगत प्रयासहरु एवं लगानीको परिणामस्वरुप शैक्षिक पुर्वाधारहरुको उल्लेखनिय बिकास तथा बिस्तार भएको भन्ने कुरा व्यक्त गरेका छन् । उपाध्यायले आफ्नो ‘समसामयिक विषयहरु’ नामक पुष्तकको अध्याय ३ मा विकाससँग सम्बन्धित मामिलाहरु शिर्षक अन्तर्गत मानव विकाससँग सम्बन्धित मामिलाहरु तथा पुर्वाधार विकाससँग सम्बन्धित मामिलाहरु अन्तर्गतका विभिन्न पक्षहरुको वर्णन गर्नुभएको छ । जसमा मानव विकास तथा पुर्वाधार विकाससँग सम्बन्धित ७/७ वटा पक्षहरुमा मुख्य पक्षको रुपमा शिक्षालाई लिईएको छ

अधिकारी (२०७१) का अनुसार शिक्षामा सरकारले गरेको अपर्याप्त लगानी वा बजेटको कारण गुणस्तरीय शिक्षाका लागि आवश्यक जस्तै : शैक्षिक व्यवस्थापन, आर्थिक व्यवस्थापन, पर्यावरणीय संरचनागत नीति तथा कार्यक्रमगत अनुगमन तथा मुल्याङ्कनगत समस्याहरुले गुणस्तरीय शिक्षा तथा शैक्षिक उपलब्धिलाई प्रभाव पारेको कुरा व्यक्त गरेका छन् । अधिकारीले शिक्षामा सरकारी तवरबाट पर्याप्त लगानी गरे गुणस्तरिय शिक्षा तथा शैक्षिक उपलब्धिमा समेत सुधार भई शैक्षिक क्षेत्रको विकास हुने तथा सो शैक्षिक क्षेत्रको विकासले अन्य विकासका क्षेत्र समेत मजवुत हुने कुरा समेत व्यक्त गरेका छन् ।

शिवाकोटी र पौडेल (२०७३) का अनुसार शिक्षामा लगानी अपरिहार्य रहेको छ किनकी कुनै पनि देशले मानव स्रोत बिकासका लागी शिक्षालाई पहिलो प्राथमीकता दिनुपर्छ ।

योग्य जनशक्ती तयार गरि राष्ट्र निर्माणमा सहयोग पुऱ्याउने कार्य शैक्षिक लगानी हो । अझ बढी लगानीको रुपमा शिक्षा भन्नाले शिक्षा क्षेत्रमा गरिएको लगानीबाट कम्तीमा पनि अन्य क्षेत्रमा गरिएको लगानी सरह आर्थीक लाभ हुनू हो । तर शिक्षामा गरिएको आर्थिक लगानीले छोटो समयमा कुनै लाभ दिदैन भने लामो समयपछि निरन्तर रुपमा लाभ भईरहन्छ । त्यसैले शिक्षा क्षेत्रमा आर्थीक लगानी गर्ने गरेको पाईन्छ भनी शैक्षिक लगानीप्रती चासो देखाउदै सो लगानीले अन्य क्षेत्रमा समेत लाभ हुने कुरा समेत व्यक्त गरेका छन् । साथै उनीहरुले शिक्षाको विकेन्द्रिकरण (माग पक्षिय लगानी) शिर्षकमा धेरै जसो सरकारहरुले आर्थीक र सामाजिक विकासको लागी शिक्षाको महत्व बुझेर त्यसै अनुरुप लगानी गरेको कुरालाई व्यक्त गरेका छन् । उनीहरुले पहुँच, समन्यायीकता र दक्षतालाई आधार मानी हेर्ने हो भने शिक्षामा धेरै काम गर्न बाँकी रहेको भन्दै केन्द्रिकृत आपुर्ती पक्षको व्यवस्थामा सुधार गर्नुपर्ने जोड दिएका छन् ।

## २.२ अनुसन्धानात्मक साहित्यको पुनरावलोकन (Review of the Research Literature)

सुवेदी (२०६२) ले 'उच्च माध्यमिक विद्यालयको वर्तमान अवस्था एक अध्ययन' शीर्षकमा मोरङ जिल्लाका ग्रामिण भेगका ३ वटा र शहरी भेगका ३ वटा उच्च माध्यमिक विद्यालयलाई नमुनाको रुपमा लिई अध्ययन गरेका थिए । उक्त अध्ययनको प्रमुख उद्देश्य उ.मा.वि. को शैक्षिक अवस्थाको विश्लेषण गर्नु र सो सम्बन्धि समस्या पहिचान गरि समाधानको उपाय पत्ता लगाउनु रहेको थियो । प्रश्नावली विधिमार्फत अध्ययनसँग सम्बन्धित तथ्याङ्कहरु संकलन गरि उनले अध्ययन कार्य सम्पन्न गरेका थिए । उक्त अध्ययनमा उनले उ.मा.वि. को लागत विवरणमा जम्मा खर्चको ८३.४० प्रतिशत शिक्षक तलब भत्तामा, कर्मचारी तलब भत्ता १०.१४ प्रतिशत र विद्यालयको भौतिक सुधारमा ४.१ प्रतिशत खर्च भएको देखाएका छन् । यसबाट उनले भौतिक सुधार तथा शैक्षिक स्तर बढाउने पुस्तकालय, शैक्षिक सामाजिक छात्रवृत्तिमा न्यून खर्च भएको पत्ता लगाएका छन् । आय स्रोत सम्बन्धमा ग्रामीण क्षेत्रका बसोबास गर्ने अभिभावक तथा विद्यार्थीबाट ४० प्रतिशत र शहरी क्षेत्रबाट ६० प्रतिशत प्राप्त हुन आएको, ग्रामीण क्षेत्रमा गैरसरकारी संस्थाबाट २० प्रतिशत र सरकारी अनुदान र स्थानीय निकायबाट २५ प्रतिशत प्राप्त भएको उनको अध्ययनमा उल्लेख छ । त्यस्तै शहरी क्षेत्रमा गैरसरकारी

क्षेत्रबाट ७ प्रतिशत, स्थानीय निकायबाट १० प्रतिशत प्राप्त भएको उनको अध्ययनले देखाएको छ । उक्त अध्ययनमा ग्रामीण क्षेत्रका उ.मा.वि. मा कार्यरत शिक्षकहरुमध्ये ४७.७ प्रतिशत योग्यता पुगेका र बाँकी योग्यता नपुगेका शिक्षकहरु रहेको देखाएको छ । त्यस्तै शहरी क्षेत्रमा ८०.१ प्रतिशत योग्यता पुगेका र बाँकी योग्यता नपुगेका देखाइएको छ । सुवेदीले आफ्नो उक्त तुलनात्मक अध्ययनमा ग्रामिण तथा शहरी क्षेत्रको तुलनामा उच्च माध्यमिक विद्यालयको अवस्था नाजुक भएको देखाएको र सोलाई सुधार गर्न उच्च माध्यमिक शिक्षा परिषद्बाट प्राप्त हुने अनुदान सहयोग गाँउमुखी हुनूपर्ने, तालीम नलिएका शिक्षकहरुलाई तालिमको व्यवस्था गर्नुपर्ने, तथा स्थानिय एवं गैर सरकारी निकायले ग्रामिण उच्च माध्यमिक विद्यालयहरुलाई विशेष ध्यान दिनुपर्ने सुझाव समेत दिएका छन् ।

शिवाकोटी (२००४) ले 'अ कम्प्यारेटिभ स्टडी अफ फाइनान्सीङ एण्ड कस्ट अफ पब्लिक एण्ड प्राइभेट सेकेन्डरी स्कुल इन नेपाल' बिषयमा पि.एच.डी. डिजर्टेसनका लागी अध्ययन गरेका छन् । उक्त अध्ययनको मुख्य उद्देश्य सरकारी र निजी माध्यमिक विद्यालयमा आधारित वित्तिय समस्याहरु पहिचान गरि समाधानका लागी सुझाव दिनु रहेको थियो । उक्त अध्ययन मुख्यतया प्राथमिक तथ्याङ्कमा आधारित छ । अध्ययनकर्ताले अध्ययन क्षेत्रका रुपमा छानीएका काठमाण्डौ, ललितपुर र भक्तपुर जिल्लाका १०९ वटा सरकारी माध्यमिक विद्यालय र ३४९ वटा निजी विद्यालयमध्येबाट १२/१२ वटा विद्यालय छनौट गर्नुका साथै प्रति विद्यालय प्रति कक्षा २ जनाका दरले ६ देखी १० कक्षाबाट २४० जना विद्यार्थीलाई नमुना छनौट गरि अध्ययन गरेका छन् । जुन अध्ययन मुलत: नेपालको माध्यमिक तहको शिक्षा क्षेत्र सँग सम्बन्धित वित्तिय लगानीसँग सम्बन्धित रहेको छ ।

अध्ययनको प्राप्तीलाई उल्लेख गर्दै शिवाकोटी भन्दछन् - सरकारी मा.वि. को आम्दानीको स्रोतको रुपमा ६३.४ प्रतिषत सरकारी अनुदानबाट, २८ प्रतिषत अभिभावकबाट, ७.५ प्रतिषत विद्यालयको आफ्नै स्रोतबाट र निकै थोरै अन्य स्रोतबाट प्राप्त हुन आएको छ । सरकारी मा. वि. को अनुदान रकममा शिक्षक तलवका लागी नै ठुलो रकम निकासा हुने र शैक्षिक गुणस्तर तथा स्टेशनरी तर्फ निकै कम अनुदान प्राप्त हुने भएकोले विद्यालयमा शैक्षिक सामाग्रीको अभाव देखिन्छ । यसै गरी यस अध्ययनमा अभिभावकबाट गरिने

विद्यालय शुल्कसँग सम्बन्धित र असम्बन्धित खर्चका बारेमा पनि विश्लेषण गरिएको छ । अनुसन्धानकर्ताका अनुसार विद्यालय शुल्कसँग सम्बन्धित खर्च सरकारी विद्यालयमा पढ्नेको औषत रु.१२४३ र निजी विद्यालयमा पढ्नेको औषत रु.१२७३८ भएकोले सरकारी र निजी विद्यालयमा शैक्षिक लागतका बिच ठुलो भिन्नता रहेको छ । अभिभावकहरुबाट गरिने विद्यालय शुल्कसँग असम्बन्धित शैक्षिक खर्च सरकारी विद्यालयमा रु.५२१७ र निजी विद्यालयमा रु.७६८४ भएको देखाएको छ । विद्यालय शुल्कसँग सम्बन्धित र असम्बन्धित दुवै खर्चका आधारमा सरकारी विद्यालयमा अभिभावकको औषत रु.६४६० र निजी विद्यालयमा रु.२०४२२ लागेको देखाएको छ । अनुसन्धानकर्ता शिवाकोटीले आफ्नो अध्ययनमा सरकारी विद्यालयले शुल्क र अन्य शैक्षिक लागतका लागी गरिब विद्यार्थीलाइ छात्रवृती दिने गरेको तर निजी विद्यालयले सर्वोत्कृष्ट विद्यार्थीलाई मात्र केही थोरै रुपमा छात्रवृती प्रदान गरेको, सरकारी विद्यालयको तुलनामा निजी विद्यालयका विद्यार्थीहरुका लागी पोषकमा बढी खर्च गरेको, कक्षाको तह बढ्दै जादा लागतमा पनि बृद्धी हुदै गएको, सरकारी विद्यालयले न्युन रुपमा बार्षीक शुल्क र निजी विद्यालयले चर्को रुपमा मासिक शुल्क उठाई आफ्नो आय स्रोत जम्मा गरेको, सरकारी विद्यालयको बार्षीक खर्चमा शैक्षिक गुणस्तर बृद्धी गर्नेजस्ता क्षेत्रमा निकै कम मात्र खर्च गरि खर्चको ठुलो रकम शिक्षक तलव - भत्तामा नै खर्च गरेको, सरकारी मा.वि. मा औषत ५१६ जना र निजीमा १८९ जना विद्यार्थीहरु रहेको उनको अध्ययनमा सरकारी विद्यालयमा विद्यार्थी शिक्षक अनुपात बढी र निजी विद्यालयमा सो अनुपात निकै कम देखिएको आफ्नो अध्ययनको निष्कर्ष बताएका छन् । यस्ता समस्या समाधानका उपायबारे उल्लेख गर्दै उनी अगाडी भन्दछन् - माध्यमिक तहको शिक्षालाई गुणात्मकता प्रदान गर्न अभिभावकको लगानी प्रतिषत बढाउनुपर्ने, विद्यालयले आफ्नो आम्दानीको स्रोतको रुपमा पुर्ण रुपले सरकारी अनुदानको भर नपरी बैकल्पिक स्रोतअन्तर्गत समुदाय, व्यक्ति र सामाजिक संघसंस्थाको खोजी गर्नुका साथै पिछडिएका तथा गरिब विद्यार्थीलाई सहुलियत प्रदान गर्नुपर्ने, सरकारी र निजी विद्यालयमा हुने गरेको औषत शैक्षिक खर्चको शुल्कमा सहुलियत दिनुपर्ने देखिन्छ । जसले गर्दा माध्यमिक तहको शिक्षामा सबैको सहभागिता तथा गुणात्मक हुन सक्दछ ।

श्रेष्ठ (२०६४) ले 'उच्च माध्यमिक शिक्षामा लगानी र यसको शैक्षिक उपलब्धि' शीर्षकमा मकवानपुर जिल्लाको हेटौँडा नगरपालिकाका ४ वटा सामुदायिक उ.मा.वि.

हरुलाई सुविधाजनक विधिबाट नमुना छनौट गरि उक्त विद्यालयहरुमा शैक्षिक क्षेत्रमा सरकारी पक्षबाट तथा अभिभावकहरुको पक्षबाट गरिने लगानी र सो लगानीबाट प्राप्त शैक्षिक उपलब्धिको अध्ययन गरेका थिए । उक्त अध्ययनको उद्देश्य उच्च माध्यमिक विद्यालयको लगानी र शैक्षिक उपलब्धिको लेखाजोखा गर्नु रहेको थियो । उक्त अध्ययन कार्यको लागी अध्ययनकर्ताले प्रश्नावली र अवलोकनका माध्यमबाट तथ्यांङ्क संकलन गरेका थिए । यस अध्ययनमा उ.मा.वि. को प्रमुख आय स्रोत अभिभावक तथा विद्यार्थी रहेका छन् । यस शिर्षकबाट सवभन्दा बढी ६७.७५ प्रतिषत आय प्राप्त भएको देखाएका छन् । सरकारी पक्षबाट ३२.२५ प्रतिशत लगानी भएको देखाएका छन् । यस अनुसन्धानमा शैक्षिक उपलब्धि अर्थात नतिजा हेर्दा आ.व. २०६१/६२ मा कक्षा ११ र १२ को क्रमश ४२.५ प्रतिशत र ४३.६ प्रतिशत प्राप्त भएको देखाएका छन् । उक्त अध्ययनमा उच्च माध्यमिक शिक्षामा भएको लगानी एंव उपलब्धि तुलना गर्दा शुरुमा लगानी बढाउँदा उपलब्धि बढेका र पछिल्लो बर्षको लगानी एंव उपलब्धि तुलना गर्दा उपलब्धि घटेको देखाएका छन् ।

लुइटेल (२०६६) ले 'उच्च माध्यमिक विद्यालयमा वित्तिय लगानी र शैक्षिक उपलब्धि' शीर्षकमा ओखलढुङ्गा जिल्लाका ४ वटा उ.मा.वि. हरुलाई सुविधाजनक उद्देश्यमुलक नमुना छनौट विधीको आधारमा अध्ययन गरेका थिए । उक्त अध्ययनको उद्देश्य उ.मा.वि. हरुको आम्दानीको स्रोत तथा खर्चको विश्लेषण गर्नु, विद्यालय तथा अभिभावकबाट गरिने खर्चका आधारमा प्रति विद्यार्थी शैक्षिक लागतको अवस्था पत्ता लगाउनु रहेको थियो । उक्त अध्ययनको लागी लुइटेलले प्रश्नावलीका आधारमा अन्तर्वार्ता, अवलोकन, लक्षित समुह छलफल जस्ता माध्यम प्रयोग गरि तथ्याङ्क संकलन गरेका थिए । उनले प्राप्त तथ्याङ्कहरुलाई तालीका, स्तम्भ चित्र तथा वृतचित्रमा देखाई ब्याख्या र बिश्लेषण गरेका थिए । अध्ययनकर्ताले उ.मा.वि. हरुको प्रमुख आयस्रोतको रुपमा विद्यार्थी तथा अभिभावकहरु रहेको र सरकारी लगानी न्यून रहेको कुरा देखाएका छन् । उनले अध्ययन क्षेत्रका उ.मा.वि. हरुको शैक्षिक उपलब्धि औषतमा ७४.६३ प्रतिषत देखाएका छन्, भने उ.मा.वि. हरुले गर्ने प्रति विद्यार्थी खर्च रु.५८९५.०९ देखाएका छन् । यस्तै अभिभावकहरुले उ.मा.वि. तहमा अध्ययन गर्ने आफ्ना बालबालिकाहरुलाई गरेको जम्मा खर्चमध्ये विद्यालय शुल्कसँग सम्बन्धित खर्च ३०.१६ प्रतिषत र विद्यालय शुल्कसँग

असम्बन्धित खर्च ६९.८३ प्रतिषत देखाएका छन् । अध्ययनमा विद्यालयहरुमा प्राप्त हुन आएको आय स्रोतमा सरकारी अनुदान १८.९५ प्रतिशत, अभिभावकहरुबाट ७६.७५ प्रतिशत र अन्य आयस्रोतबाट ५ प्रतिशत देखाएका छन् । यसबाट मा.वि. हरुको प्रमुख आयस्रोत विद्यार्थी तथा अभिभावक नै देखिन्छ । उनले यस अध्ययनमा सरकारी लगानी न्यून भएको देखाएका छन् । अध्ययन क्षेत्रका मा.वि. हरुको शैक्षिक उपलब्धि औसतमा ७४.६३ प्रतिशत देखाएका छन् । जुन उ..मा.वि. शिक्षा परिषद्को औसत नतिजा भन्दा राम्रो देखिएतापनि यसलाई अझै वृद्धि गर्न विषयगत दक्ष तालिमप्राप्त योग्यता पुगेका शिक्षकहरुको व्यवस्था गर्नुपर्ने देखाएका छन् । उ.मा.वि. को बित्तिय लगानी र शैक्षिक उपलब्धिलाई अझ प्रभावकारी रुपबाट अगाडि बढाउन विद्यालय, प्राचार्य, शिक्षक, विद्यार्थी, अभिभावक सबैले आफ्नो पक्षबाट जिम्मेवारीका साथ उत्तरदायित्व बहन गर्नुपर्ने सुझाव उक्त अध्ययनले दिएको छ ।

दाहाल (२०७२) ले 'उ.मा.वि.मा आर्थिक लगानी र शैक्षिक उपलब्धि' शीर्षकमा सिन्धुली जिल्लामा ३ आर्थीक वर्षको आर्थीक लगानी र शैक्षिक उपलब्धिलाई अध्ययन गरेका थिए । उक्त अध्ययनको मुख्य उद्देश्य उ.मा.वि. को आर्थीक लगानी र शैक्षिक उपलब्धिको तुलनात्मक अध्ययन गर्नु रहेको थियो । अध्ययनकर्ताले उ.मा.वि. मा २०६९/०७० मा २८.९० लगानी हुँदा शैक्षिक उपलब्धि ६३.३९ प्रतिशत, शैक्षिक वर्ष २०७०/०७१ मा ३६.०६ प्रतिशत लगानी हुँदा शैक्षिक उपलब्धि ६३.०४ प्रतिशत प्राप्त भएको देखाएका छन् । त्यस्तैगरी शैक्षिक वर्ष २०७१/०७२ मा कुल लगानीको ३५.०२ प्रतिशत लगानी हुँदा ६२.५७ प्रतिशत शैक्षिक उपलब्धि भएको देखाएका छन् । यसरी दाहालले तथ्यांङ्कलाई तुलनात्मक रुपले विश्लेषण गरी सबैभन्दा बढी शैक्षिक लगानी २०७०/०७१ मा भएको देखाए भने शैक्षिक उपलब्धि पनि २०७०/०७१ मा नै बढी भएको देखाए । उनको अध्ययनको उ.मा.वि. मा गरेको लगानीको अनुपातमा शैक्षिक उपलब्धि उच्च भएको निष्कर्ष छ ।

घिमिरे (२०७३) ले ‘सामुदायीक तथा संस्थागत उच्च माध्यमिक शिक्षामा आर्थिक लगानी र शैक्षिक उपलब्धि’ भन्ने शीर्षकमा झापा जिल्लाको बिर्तामोड नगरपालिका अर्न्तगत सञ्चालित सामुदायिक र निजि उ.मा.वि. हरुमध्ये केही नमूना छनौट गरी यी दुई बिचको आर्थीक लगानी र शैक्षिक उपलब्धिको बारेमा अध्ययन गर्नुभएको छ । उक्त

अध्ययनको साधारण उद्देश्य सामुदायिक तथा संस्थागत उ.मा.वि. मा आर्थीक लगानी र शैक्षिक उपलब्धिको तुलनात्मक अध्ययन गर्नु रहेको र बिशीष्ट उद्देश्यमा सामुदायिक तथा संस्थागत उ.मा.वि.मा प्रति एकाइ विद्यार्थी लागत पत्ता लगाउनु रहेको थियो । अध्ययनमा अनुसन्धानकर्ताले अध्ययनमा रहेको सामुदायिक उ.मा.वि. को विद्यार्थी उत्तीर्णदर औसतमा २०७०/०७१ मा २२.७२ प्रतिशत र २०७१/०७२ मा ३५.०६ प्रतिशत देखाएका छन् भने संस्थागत उ.मा.वि. को २०७०/०७१ मा विद्यार्थी उत्तीर्ण दर २९.५ प्रतिशत र २०७१/०७२ मा ३५.२२ प्रतिशत देखाएका छन् । यसरी सामुदायिकमा भन्दा संस्थागत उ.मा.वि.मा शैक्षिक उपलब्धि सन्तोषजनक रहेको, सामुदायिकमा भन्दा संस्थागत उ.मा.वि. मा विद्यालय छोड्ने दर न्युन रहेको, त्यस्तैगरी संस्थागत उ.मा.वि. मा आम्दानीको प्रमुख स्रोत विद्यार्थी शुल्क देखिएकाले २०७०/०७१–२०७१/०७२ सम्ममा उक्त उ.मा.वि. लाई औसत रु.८५,०८,९०० आम्दानी प्राप्त भएको छ । यसरी २ वर्षमा सामुदायिक उ.मा.वि. लाई भन्दा संस्थागत उ.मा.वि.लाई ६२,५९,१२७.५ बढी आम्दानी प्राप्त भएको देखाएका छन् । घिमिरेले अध्ययनमा रहेको सामुदायिक उ.मा.वि.को खर्चको विवरणलाई आ.व.२०७०/०७१–२०७१/०७२ सम्ममा सामुदायिक उ.मा.वि. मा भन्दा संस्थागत उ.मा.वि. मा रु.३९,३७,१००.५ ले बढी खर्च भएको देखाएका छन् । नमूना छनौटमा परेका उ.मा.वि. मध्ये सामुदायिक उ.मा.वि. मा २ वर्षमा प्रति विद्यार्थी औसत लागत सामुदायिक उ.मा.वि. मा भन्दा संस्थागत उ.मा.वि. मा रु.१८,९२५ बढी लागत लागेको समेत उनको अध्ययनले देखाएको छ । उ.मा.वि. ले शैक्षिक उपलब्धि बढाउनको लागी शैक्षिक लगानीका आधारहरुको विकास र विस्तार गरिनुपर्ने सुझाव घिमीरेको छ ।

## २.३ साहित्यको पुनरावलोकन अध्ययनको उपादेयता (Implication of the Review for the Research)

कुल राष्ट्रिय उत्पादनमा शिक्षाले उल्लेखनिय योगदान पुऱ्याउने भएकाले अधिकांश बिकासोन्मुख मुलुकहरुमा सार्वजनिक शिक्षाको खर्च जुटाउन राज्यको ढुकुटी नै प्रयोग गर्ने गरेको पाईन्छ । विभिन्न आयोगहरु, संघसंस्था र व्यक्तिहरुले गरेको अनुसन्धान शोध तथा लिखित पुस्तकहरुको लेखहरुका अनुसार शैक्षिक लगानी वृद्धि गर्दा शैक्षिक उपलब्धि पनि वृद्धि हुने कुरालाई ध्यान दिएको पाइयो । राष्ट्र निर्माणको लागि प्रथम

आधारभूत आवश्यकता भनेको नै शिक्षा हो । शिक्षा बिना आवश्यक दक्ष जनशक्तिको उत्पादन गर्न, सूचना प्रविधिको प्रयोग र विकास गर्न पनि सकिदैन जुन राष्ट्र निर्माणको लागि अति आवश्यक हुन्छ । वर्तमान समयको आर्थिक विकास विज्ञान र प्रविधिको विकासमा केन्द्रीत भएकोले गर्दा दक्ष जनशक्ति उत्पादनको लागि शिक्षामा लगानी र शैक्षिक उपलब्धि पनि आर्थिक विकासको लागि ज्यादै छलफलको विषय बनेको छ ।

सामुदायिक विद्यालयको उपलब्धि उच्च बनाउन, परीक्षाको नतिजा सुधार गर्न र शिक्षामा स्तरीयता ल्याउनका लागि शिक्षक कार्यभार, तालिमको प्रयोग, सेवा सुविधा, पारिश्रमिकता र समग्र व्यवस्थापकिय पक्षलाई एकरुपताका साथ कार्यान्वयन गराई लागु गर्नुपर्ने हुन्छ । विद्यार्थीले प्राप्त गरेको उपलब्धिले नै उसको जीवनस्तर निर्धारण गर्दछ । यसको लागि कुनै एक निकाय मात्र जिम्मेवार नभई सबै पक्ष जिम्मेवार रहनुपर्दछ । यिनै कुराहरुलाई ध्यानमा राख्दै शैक्षिक लगानी र शैक्षिक उपलब्धि बिचको सम्बन्धलाई तुलनात्मक विश्लेषण गरी शैक्षिक लगानीमा वृद्धि गर्न र उपलब्धिलाई अझ सुधार गर्नका लागि यो अध्ययन अनुसन्धान गरिएको छ ।

### २.४ अनुसन्धान अन्तर (Research Gap)


नेपालको विद्यालय तहको शिक्षा वर्तमान समयमा आधारभुत तह (कक्षा १ देखी ८ सम्म) र माध्यमिक तह (कक्षा ९ देखी १२ सम्म) गरि दुई तहमा बिभाजित छ । जसमध्ये सरकारी तवरबाट सञ्चालित विद्यालयलाई सामुदायिक विद्यालय र नीजि क्षेत्रबाट लगानी गरी सञ्चालन भएका विद्यालयलाई संस्थागत विद्यालय भनिन्छ । यस सम्बन्धमा बिभीन्न साहित्यको पुनरावलोकन गरेर हेर्दा पुर्व साहित्यहरु, अध्ययनहरू आर्थिक लगानीमा तथा प्रति विद्यार्थी लागतमा बढी केन्द्रित भएको, सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयको वित्तिय एवं आर्थीक क्षेत्रहरुमा मात्र केन्द्रित रहेको पाईयो । यो अध्ययन भने मुख्य रूपले आर्थिक लगानीका साथै शैक्षिक, उपलब्धिमा समेत केन्द्रित रहेको छ । अर्थात पुर्व अध्ययनहरुले यी दुई विद्यालयहरूको आर्थिक लगानी तथा शैक्षिक उपलब्धिको अध्ययन गरेको पाइएन ।

यसमा सम्बन्धित साहित्यको पुनरावलोकन तथा अनुसन्धानात्मक साहित्यको पुनरावलोकनबाट विद्यालयिय शिक्षामा लगानी गरिएको शिर्षकगत रकम अन्य

शिर्षकहरुमा खर्च गरिएको, लागत लाभ विश्लेषण नगरि खर्च गरिएको, उच्च लगानीको उच्च सदुपयोग नभई शैक्षिक उपलब्धि अपेक्षाकृत नभएको कुरा समस्याको रुपमा रहेको अवस्थामा सो समस्याहरुलाई समाधानको लागी विभिन्न किसमका पहलकदमहरु जस्तै, शिर्षकगत रुपमा प्राप्त रकम सम्बन्धित शिर्षकमा खर्च गर्नुपर्ने, लाभ लागत विश्लेषण गर्नुपर्ने, साथै वर्तमान समयमा नेपाल संघिय संरचनामा गईसकेको र विद्यालयहरुको सुधार गर्ने जिम्मा अब स्थानिय निकायहरुको रहेको हुदाँ सो सुधार गर्न स्थानिय निकायहरुको भुमिकालाई पनि यस अध्ययनमा समेट्दै यस अध्ययनमा मुख्य रुपमा संस्थागत तथा सामुदायिक माध्यमिक विद्यालयहरूको आर्थिक लगानी तथा शैक्षिक उपलब्धिको विश्लेषण गरिएको छ ।

## २.५ कार्यात्मक ढाँचा (Functional Framework)

यस अध्ययन कार्यमा विषयवस्तुसँग सम्बन्धित निम्नानुसारको कार्यात्मक ढाँचालाई प्रस्तुत गरेर अनुसन्धान कार्य अघि बढाईने छ




स्रोत: घिमिरे, दिपा (२०७३), *सामुदायीक तथा संस्थागत उ.मा.वि.मा आर्थीक लगानी र शैक्षिक उपलब्धी एक अध्ययन,* अप्रकाशित शोधपत्र, शिक्षाशास्त्र केन्द्रीयविभाग, त्रि.वि. कीर्तिपुर, काठमाडौं ।

# अध्याय तीन (CHAPTER THREE)

## अनुसन्धान विधि र प्रकृयाहरु (RESEARCH METHOD AND PROCEDURES)

यस अध्यायमा अनुसन्धान गर्दा अपनाइने विधि र प्रक्रियाहरुको बारेमा व्याख्या गरिएको छ । जसअन्तर्गत अनुसन्धान ढाँचा, तथ्यांङ्को स्रोत, अध्ययनको जनसङ्ख्या, नमूना छनौट , अध्ययन क्षेत्रको परिचय, तथ्यांङ्क संकलनको साधनहरु, तथ्यांङ्क संकलन प्रविधि, तथ्यांङ्को विश्लेषण प्रकृया र नितीगत प्रावधानहरुलाई समावेश गरिएको छ ।

### ३.१ अनुसन्धान ढाँचा (Research Design)

यो अध्ययन वर्णनात्मक र विश्लेषण ढाँचामा आधारित रहेको छ । जसका लागि परिमाणात्मक र गुणात्मक बिधी अपनाई अनुसन्धान कार्यलाई सम्पन्न गर्न आवश्यक तथ्याङ्क संकलनको लागी प्राथमिक तथा सहायक दुबै स्रोतहरुलाई प्रयोग गरि आवश्यक तथ्याङ्क संकलन गरिएको छ । अध्ययनको निचोड तथा निष्कर्षको प्रमाणिकरण र बैद्यताको लागी सम्बन्धित डकुमेन्टको विश्लेषण तथा सुचनादाताहरु सँगको सुचनालाई उपयुक्त तरिकाले प्रयोग गरिएको छ ।

### ३.२ जनसङ्ख्या, नमूना आकार र नमूना छनौट रणनीति (Population, Sample Size and Sampling strategy)

यस अध्ययनका लागि जनसङ्ख्या र यसबाट छनौट गरिएको नमूनाको आकार तथा नमूना छनौट रणनीति आवश्यक पर्ने हुनाले यिनीहरुलाई निम्नानुसार उल्लेख गरिएको छ ।

#### ३.२.१ जनसङ्ख्या (Population)

यस अध्ययन कार्यमा काठमाण्डौं जिल्लाको किर्तीपुर नगरपालिकामा सञ्चालित उद्देश्यमुलक नमुना छनौटमा परेका एक सामुदायिक र एक संस्थागत मा.वि.मा अध्ययनरत सम्पूर्ण विद्यार्थी, तिनीहरुका अभिभावक, शिक्षक, प्र.अ., शिक्षक बिद्यालयका प्रशासनिक कर्मचारीहरु जनसङ्ख्याको रुपमा रहेका छन् ।

### ३.२.२ नमूना आकार (Sample Size)

यस अध्ययनमा रहेको सामुदायिक तथा संस्थागत मा.वि. मा अध्ययनरत कुल बिद्यार्थी संख्या मध्ये ३०/३० प्रतिशतका दरले प्रतिनिधीत्व हुने गरि जम्मा बिद्यार्थीहरुलाई सम्भावनायुक्त नमुना छनौट बिधीको प्रयोग गरि गोला प्रथाबाट नमुना आकार तय गरिएको र छनौटमा परेका बिद्यार्थीहरुका अभिभावक नै उद्देश्यमुलक नमुना छनौट बिधीका आधारमा छनौट गरिएको छ । साथै छनौटमा परेका सामुदायिक तथा संस्थागत बिद्यालयका प्रधानाध्यापकलाई पनि नमुनाको रुपमा छनौट गरिएको छ ।

### ३.२.३ नमूना छनौट रणनीति (Sampling Strategy)

क) यस अध्ययनमा काठमाण्डौं जिल्लाको किर्तीपुर नगरपालिका मा रहेका कुल ७ वटा माध्यमिक विद्यालयहरुमध्ये उद्देश्यमुलक नमूना छनौटको आधारमा २ वटा माध्यमिक विद्यालयहरु (सामुदायिक तर्फ जनसेवा मा.वि र संस्थागत तर्फ लेवोरेटरी मा.वि) लाई समावेश गरिएको छ जसले अध्ययनको २९ प्रतिशत अध्ययन क्षेत्र ओगट्दछ ।

ख) यस अध्ययनमा सामुदायिक मा.वि. र संस्थागत मा.वि. को आर्थिक लगानी र शैक्षिक उपलब्धिको बारेमा तुलनात्मक अध्ययन गर्न नमुनाको छनौट गरिएको छ ।

## ३.३ तथ्यांङ्कको स्रोतहरु (Sources of Data)

यस अध्ययनमा तथ्यांङ्कहरु मुख्य रुपमा प्राथमिक स्रोतबाट लिइएको छ र अध्ययनका लागि थप तथ्यांङ्कहरु द्वितीय स्रोतबाट लिइएको छ । यि तथ्यांङ्का स्रोतहरु यस प्रकारका रहेका छन् ।

### ३.३.१ प्राथमिक स्रोतहरु (Primary Sources)

यस अध्ययनमा प्राथमिक स्रोतको रुपमा नमूना छनौटको रुपमा परेका माध्यमिक विद्यालयका प्र.अ., शिक्षक, अभिभावक, विद्यार्थी, विद्यालय व्यवस्थापन समिति र विद्यालय प्रशासन रहेका छन् ।

### ३.३.२ द्वितीय स्रोतहरु (Secondary Sources)

यस अध्ययन कार्यलाई नतिजामुखी तथा प्रभावकारी बनाउनका लागि सहायक स्रोतको रुपमा सम्बन्धित क्षेत्र वा विषयसँग सम्बन्ध राख्ने तथा सुचनाहरु प्रदान गर्ने पत्रपत्रिका, अर्थ मन्त्रालयबाट आर्थीक सर्वेक्षण, राष्ट्रिय परिक्षा वोर्ड, जिल्ला शिक्षा कार्यालय, केन्द्रीय तथ्यांङ्क विभाग, शिक्षा मन्त्रालय, किर्तीपुर नगरपालिकाको भौतीक, आर्थीक, सामाजिक, अवस्थाको बारेमा किर्तीपुर नगरपालिकाको कार्यालयबाट इमेलको माध्यमबाट आवश्यक तथ्याङ्क, साथै विभीन्न प्रकाशित तथा अप्रकाशित दस्तावेज द्वितीय स्रोतका रुपमा रहेका छन् ।

### ३.४ अध्ययन क्षेत्रको परिचय (Introduction to the Study Area)

नेपालका साविक ५ विकासक्षेत्र हाल ७ प्रदेश मध्येको तीन (३) नम्बर प्रदेशमा रहेको बाग्मती अञ्चलका विभिन्न जिल्लाहरुमध्ये एक जिल्ला काठमाडौँ पनि हो । यसै जिल्लाभित्रको दक्षिण-पश्चिम क्षेत्रमा काठमाडौँ उपत्यकादेखि करिव सात कि.मि. को दुरीमा अवस्थित कीर्तिपुर, काठमाडौँको प्रमुख नगरपालिकाहरु मध्येको एक हो । वि.स.२०५३ साल बैशाख १४ गते स्थापना भएको यस नगरपालिकामा तत्कालीन गा.वि.स. हरु चिठुविहार, पालिफल, विष्णुदेवी, बालकुमारी, चोभार, चम्पादेवी र बाहिरी गाउँलाई समेटेर निर्माण गरिएको र स्थापना कालदेखि नै कुल १९ वटा वडाहरुमा विभाजन गरिएको छ । यस अध्ययनमा यसै किर्तीपुर नगरपालिकामा अवस्थित ३ वटा सामुदायिक र ४ वटा संस्थागत गरि कुल ७ वटा माध्यमिक विद्यालयहरुमध्ये सामुदायिक तर्फ जनसेवा मा.वि. र संस्थागत तर्फ लेबोरेटरी मा.वि. लाई यस अध्ययन क्षेत्रको रुपमा छनौट गरिएको छ । (कीर्तिपुर न.पा. २०७४) ।

### ३.५ तथ्यांङ्क संकलनका साधनहरु (Tools of Data Collection)

अनुसन्धानको लागि तथ्यांङ्क संकलन गर्न निम्न साधनको प्रयोग गरिएको छ ।

### ३.५.१ प्रश्नावली (Questionnaire)

यस अध्ययनलाई पूर्णता प्रदान गर्नका लागि पुर्व निर्धारीत प्रश्नावलीको प्रयोग गरि तथ्यांङ्क संकलनका लागि अभिभावक, विद्यार्थी, प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितीका अध्यक्षलाई अर्न्तवार्ताका माध्यमवाट छुट्टाछुट्टै प्रश्नहरु सोधीएको छ । जसमा १२ वटा प्रश्नहरु भएको अभिभावक प्रश्नावली, ९ वटा प्रश्नहरु भएको विद्यार्थी प्रश्नावली, १३ वठा प्रश्नहरु भएको पधानाध्यापक प्रश्नावली र १० वटा प्रश्नहरु भएको विद्यालय व्यवस्थापन समिती अध्यक्ष प्रश्नावली तयार पारि अध्ययन गरिएको छ, जसलाई क्रमशः अनुसुची १,२,३ र ४ मा राखीएको छ ।

### ३.५.२ अवलोकन सूची (Observation List)

यस अध्ययनलाई पूरा गर्न अध्ययनकर्ता स्वयं अध्ययन स्थलमा गएर छनौटमा रहेको विद्यालयको भौतिक अवस्था, सरसफाई, खानेपानीको अवस्था, शौचालयको अवस्था, खेल मैदान आदि कुराको बारेमा १५ वटा प्रश्नहरु भएको अवलोकन सुची बनाई अवलोकन गरिएको छ । जसलाइ अनुसुची ५ मा राखीएको छ ।

## ३.६ तथ्यांङ्क संलकनका प्रविधिहरु (Techniques of Data Collection)

यस शोधपत्र अध्ययनको प्रारम्भिक छनौट पश्चात अध्ययन कार्यलाई पूर्णता दिनका लागी निम्नानुसारका तथ्यांङ्क संकलन प्रविधिहरु प्रयोग गरिएको छ :

### ३.६.१ अर्न्तवार्ता (Interview)

यस अध्ययनमा प्राथमिक तथ्यांङ्क संकलनका लागि प्रत्यक्ष अन्तरवार्ता प्रश्नावलीको माध्यमबाट आवश्यक तथ्यांङ्कहरु संकलन गरिएको छ । छनौटमा परेका बिद्यालयका सरोकारवालाहरु, प्र.अ., बि.ब्य.स.अध्यक्ष, बिद्यार्थीहरु, अभिभावकहरुलाई अलग अलग राखी प्रत्यक्ष प्रश्नोत्तरका माध्यमबाट तथ्याङ्क संकलन गर्न प्रत्यक्ष अन्तर्वार्ता लिइएको छ ।

### ३.६.२ प्रत्यक्ष अवलोकन (Direct Observation)

अध्यनयको उद्देश्य प्राप्तिका लागि आवश्यक पर्ने तथ्यांङ्क संकलन गर्न छनौट गरेको विद्यालयमा स्वयं गई त्यहाँको भौतिक अवस्था, खानेपानी, शौचालय, खेलमैदान आदिको अवलोकन गरिएको छ । अवलोकन गर्दा प्रत्यक्ष अवलोकन विधी अपनाएको र अवलोकनमा विद्यालयको वर्तमान अवस्था, परिवेश, उपयुक्तता, सररफाई जस्ता मुख्य पक्षहरुलाई प्राथमिकता दिईएको छ ।

### ३.६.३ लक्षित समूह छलफल (Focus Group Discussion-FGD)

यस अध्ययनका क्रममा आवश्यक तथ्यांङ्क संकलन गर्न सम्बन्धित विद्यालयका प्र.अ., अभिभावक, शिक्षक, व्यवस्थापन समितिका पदाधिकारी, सरोकार निकायहरुसँग १ घण्टाको समय राखी अध्ययनकर्ता आफैले छलफल सञ्चालन गरिएको छ । जसलाई अनुसुची ६ मा राखीएको छ ।

### ३.७ तथ्यांङ्क विश्लेषण प्रक्रिया (Data Analysis Procedure)

यस अध्ययनका क्रममा विभिन्न विधि तथा प्रविधिको प्रयोग गरि प्राप्त गरिएको परिमाणात्मक तथ्यांङ्क तथा सूचनालाई व्यवस्थित तरिकाले शीर्षक अनुसार तालिकाको माध्यमबाट प्रस्तुत गरि व्याख्या विश्लेषण गरिएको छ भने, गुणात्मक रुपमा प्राप्त तथ्यांङ्कलाई वर्णनात्मक शैलीमा प्रस्तुत गरिएको छ ।

### ३.८ नीतिगत प्रावधान (Ethical Consideration)

यस अध्ययनको क्रममा आवश्यक सूचना तथा तथ्यांङ्क संकलन गर्नका लागि अर्न्तवार्ता लिँदा अर्न्तवार्ता दिने व्यक्तिसँग अनुमती लिई प्राप्त सुचनालाई गोपनीय राखिनुका साथै प्राप्त तथ्यांङ्कलाई घटबढ नगरी जस्ताको तस्तै राखिएको छ । अर्न्तवार्ताको क्रममा उनीहरुसँग घनिष्ट सम्बन्ध राखि उनीहरुबाट आएको उत्तरमा कुनै किसिमको प्रतिक्रिया नदेखाई सूचना तथा जानकारी प्राप्त गरिएको छ । उनिहरुका बालबालिकाहरुसँग अर्न्तवार्ता लिदाँ उनीहरुको अभिभावकसँग अनुमति लिइएको छ । यसरी प्राप्त सूचना तथा तथ्यांङ्कलाई यस अध्ययनको उद्देश्य पूरा गर्नको निमित्त मात्र प्रयोग गरिएको छ ।

## अध्याय : चार (Chapter-Four)

## तथ्याङ्कको प्रस्तुतीकरण र विश्लेषण ( Analysis and Interpretation of Data)

अध्याय तीनमा उल्लेख गरिएका तथ्याङ्क संकलनका विभिन्न विधिहरुको प्रयोग गरि प्राप्त विवरणलाई यस अध्ययनमा प्रस्तुत गरिएको छ । अध्ययनको क्रममा प्राप्त कोरा तथ्याङ्कबाट कुनै सूचना व्यक्त नहुने हुँदा उक्त तथ्याङ्कको व्याख्या विश्लेषण गर्नुपर्ने हुन्छ । यस अध्यायमा अध्ययनका मुख्य उद्देश्य पूरा गर्नका लागि प्राप्त तथ्याङ्को आधारमा विभिन्न वुँदाहरुमा विभाजन गरी प्रस्तुत गरिएको छ ।

### ४.१ काठमांडौं जिल्लाको परिचय (Introduction to Kathmandu District)

नेपालका साविक ५ विकासक्षेत्र हाल ७ प्रदेश मध्ये तीन (३) नम्बर प्रदेश क्षेत्रमा रहेको बाग्मती अञ्चलका विभिन्न जिल्लाहरुमध्ये काठमाडौं एक हो । मन्दिरै मन्दिरको शहर र नेपालको राजधानीको रुपमा रहेको यस जिल्लाको पूर्व, उत्तर र पश्चिमतर्फ पहाडी क्षेत्र र दक्षिणमा समतल फाँट र टारहरु मिली बनेको छ । चारैतिरबाट हरिया डाँडा तथा पहाडि श्रृंखलाहरुले घेरिएको उपत्यका तीन जिल्ला मध्येको यस काठमाडौं जिल्लामा चन्द्रागिरी, शिवपुरी तथा नागर्जुन गरी तीन उच्च पहाडी श्रृंखलाहरु छन् । क्षेत्रफलको दृष्टिकोणले नेपाल अधिराज्यका ७५ जिल्लाहरु (हाल ७७) मध्ये ७३ औं स्थानमा रहेतापनि जनसंख्याको दृष्टिकोणले भने सबैभन्दा ठूलो जिल्ला यहि हो (जि.वि.स.२०७१) ।

#### ४.१.१ भौगोलिक अवस्था (Geographical Situation)

भौगोलिक रुपमा पूर्व, उत्तर र पश्चिमतर्फ पहाडी क्षेत्र र दक्षिणभाग समतल फाँट र टारहारु मिलि बनेको यो काठमाडौं जिल्ला समुद्री सतहबाट १२६२ देखि २,७३२ मि. उचाईमा रहेको छ । पूर्वबाट पश्चिमतिर फैलदै दक्षिणतर्फ मोडिएको यो जिल्लाको आकार अंग्रेजी L जस्तो देखिन्छ । चारैतिरबाट हरिया डाँडा तथा पहाडि श्रृंखलाहरुले घेरिएको उपत्यकाका तीन जिल्लामध्येको यस काठमाडौं जिल्लाको पूर्वमा भक्तपुर, काभ्रेपलाञ्चोक जिल्लाहरु, पश्चिममा नुवाकोट, धादिङ जिल्लाहरु, उत्तरमा नुवाकोट र सिन्धुपाल्चोक जिल्लाहरु र दक्षिणमा ललितपुर र मकवानपुर जिल्लाहरु पर्दछन् । छिमेकी सात जिल्लाका माझमा रहेको यो जिल्ला २७°२७' देखि २०°४९' उत्तर अक्षांश र

८५°१०' देखि ८५°३२' पूर्व देशान्तरका बीचमा अवस्थित छ । यस जिल्लाको क्षेत्रफल ३९५ वर्ग कि.मि अर्थात ३९५०० वर्ग हेक्टर रहेको छ । देशको कुल क्षेत्रफलमध्ये काठमाडौँ जिल्लाले ०.२७ प्रतिशत भाग ओगटेको छ (जि.वि.स.२०७१) ।

### ४.१.२ जनसाङ्ख्यिकीय विवरण (Demographic Description)

वि.स.२०६८ को राष्ट्रिय जनगणना अनुसार नेपालको कुल जनसंख्या २,६४,९४,५०४ छ । सबैभन्दा बढी जनसंख्या भएको काठमाडौँ जिल्लाको कुल जनसंख्या १७,४४,२४० रहेकोमा पुरुषको संख्या ९,१३,००१ र महिलाको संख्या ८,३१,२३९ रहेको छ । काठमाडौँ जिल्लाको जनघनत्व ४,४१६ वर्ग कि.मि. रहेको छ भने घरपरिवार संख्या ४,३६,३४४ रहेकोमा सरदर परिवार आकार ४ रहेको छ । काठमाडौँ जिल्लाको वार्षिक जनसंख्या वृद्धिदर ४.९ प्रतिशत रहेको छ । साक्षरता दरलाई हेर्दा ८३.३ प्रतिशत रहेको पाइन्छ ( जि.वि.स.२०७१) ।

### ४.१.३ प्रशासनिक विवरण (Administrative Description)

काठमाडौँ जिल्लाको राजनैतिक तथा प्रशासनिक विभाजनलाई हेर्दा संसदीय निर्वाचन क्षेत्र १० वटा, इलाका क्षेत्र संख्या १५ वटा, महानगरपालिका १ वटा र नगरपालिका संख्या १० वटा रहेका छन् (जि.वि.स. २०७१) ।

### ४.१.४ हावापानी (Climate)

काठमाडौँ जिल्लाको हावापानी सबै ठाउँमा एकैनास नभई उत्तरतिर भन्दा दक्षिणतिर आनुपातिक रुपले बढी तापक्रम हुने गरेको छ । हावापानीको हिसाबले हेर्ने हो भने यहाँ प्रायः समशितोष्ण भएतापनि भूतलीय स्वरुप अनुसार कहीं कहीं हिंउदमा हिँउ समेत पर्ने गर्दछ । हिन्द महासागरतिरबाट वहने दक्षिण-पश्चिम मनसुनी हावाले यस जिल्लामा वर्षा गराउंदछ । साधारणतयाः वर्षा ऋतुमा अधिकतम श्रावण महिनामा वर्षा हुने गरेको पाइन्छ । हिँउदमा समेत सामान्य वर्षा हुने गरेको पाइन्छ । यहाँको सापेक्षिक आद्रता ४० देखि ९० प्रतिशतसम्म पुग्ने गरेको पाइन्छ (जि.वि.स. २०७१) ।

## ४.२ कीर्तिपुर नगरपालिकाको परिचय (Introduction to Kritipur Municipality)

नेपालका साविक ७५ जिल्लाहरु हाल ७७ जिल्लाहरुमध्ये काठमाडौँ जिल्लाभित्र पर्ने कीर्तिपुर नगरपालिका एक ऐतिहासिक, साँस्कृतिक, भौगोलिक, सामाजिक तथा शैक्षिक महत्वका अतिरिक्त आफ्नो राजनीतिक एवं शैक्षिक महत्वसमेत सिद्ध गरिसकेको छ । तसर्थ यसको परिचय प्रस्तुत गर्नका निमित्त माथिको शीर्षकलाई तलको उपशीर्षकहरुमा बाँडेर हेर्नु आवश्यक हुन्छ ।

### ४.२.१ ऐतिहासिक विवरण ( Historical Description)

कीर्तिपुर नेपालको एक ऐतिहासिक तथा सांस्कृतिक नगर हो । काठमाडौँ उपत्यका कुनै समयमा जलमग्न भएको अवस्थामा पनि यसका उच्चो भागहरुमा मानव वस्तिहरु रहेको र तीमध्ये कीर्तिपुर पनि एक हो । प्राचिन कालदेखि नै कीर्तिपुरमा मानव वस्ति रहेकोले गर्दा यहाँको संस्कृति तथा सांस्कृतिक सम्पदाहरु पनि प्राचिन नै मानिन्छन् । खासगरी वर्तमानको बाघभैरवको मन्दिर र उमामहेश्वरको मन्दिर आसपासमा पाईने विविध मूर्तिहरुका साथै चिलंचो विहार, जलविनायक मन्दिर, चोभार गल्छि, मञ्जुश्री गुफा, टौदह क्षेत्र आदि प्राचिन सांस्कृतिक सम्पदाहरु कीर्तिपुर नगर क्षेत्र भित्र पर्दछन् । यि सम्पदाहरु निकै प्राचीन भएकोले यस क्षेत्रमा बसोबास गर्ने जातिहरु हिन्दु र बौद्ध दुवै किसिमका भएको अनुमान हुन्छ । यहाँ पाइने सांस्कृतिक सम्पदाहरु नेवारी संस्कृतिसँग मिल्दोजुल्दो भएकोले कीर्तिपुरका मुख्य बासिन्दाहरु नेवार समूदाय नै भएको प्रष्ट हुन्छ भने अझै पनि नेवार जातिकै बाहुल्यता रहेको क्षेत्रको रुपमा कीर्तिपुरलाई लिने गरिनुले उक्त कुरालाई थप पुष्ट्याई गर्दछ (जि.वि.स. २०७१) ।

कीर्तिपुर क्षेत्रमा मनाइने प्रमुख चाडपर्वहरुमा इन्द्रायणी जात्रा, लाखे जात्रा, गणेश जात्रा, कृष्ण जात्रा, बाघभैरब जात्रा, गाईजात्रा, सातगाउँले जात्रा, आदिनाथको एक महिने मेला आदि छन् । त्यसै गरी दशैँ, तिहार, नागपञ्चमी, माघे सक्रान्ति लगायतका पर्वहरु पनि यस क्षेत्रमा मनाउने गरिन्छ । माथि उल्लेखित जात्रा तथा पर्वहरु लिच्छवि तथा मल्लकालीन विभिन्न राजाका समयदेखि मनाउन शुरु गरी आजपर्यन्त मनाउने गरिन्छ ( कीर्तिपुर न.पा., २०७४) ।

मल्लकालीन समयका नेपाल मण्डलेश्वर उपाधिधारी राजा यक्ष मल्लको शासनकाल पछि उनका छोराहरु राय, रत्न र रण मल्लहरुले कान्तिपुर, भादगाउँ र पाटनलाई छुट्टाछुट्टै राज्य बनाई शासन गर्ने क्रममा कीर्तिपुर क्षेत्र त्यसबखत पाटन राज्य अर्न्तगत पर्दथ्यो । पछि वि.सं. १८१४ र १८२१ मा तत्कालीन गोरखाका राजा पृथ्वीनारायण शाहले आफ्नो राज्य विस्तार गर्ने क्रममा कीर्तिपुरमाथि आक्रमण गर्दा कीर्तिपुरे जनताले त्यसको डटेर सामना गरेका थिए । वि.सं.१८२२ चैत्र ३ मा गोरखालीहरुको करिब ६ महिनापछिको नाकाबन्दिले कीर्तिपुरले बाध्य भई हार खानु परेपछि कीर्तिपुर पहिले गोरखा र पछि विशाल नेपाल राज्यमा समाहित हुन पुगेको थियो (नेपाल, २०५५) ।

### ४.२.२ भौगोलिक स्थिती (Geographical Location)

नेपालका साविक ५ विकासक्षेत्र हाल ७ प्रदेश मध्येको तीन (३) नम्बर प्रदेश क्षेत्रमा रहेको बाग्मती अञ्चलका विभिन्न जिल्लाहरुमध्ये काठमाडौं एक हो । काठमाडौं उपत्यकाको दक्षिण-पश्चिम क्षेत्रमा उपत्यकादेखि करिव सात कि.मि. को दुरीमा अवस्थित कीर्तिपुर, काठमाडौंको प्रमुख नगरपालिकाहरु मध्येको एक हो । वि.स.२०५३ साल बैशाख १४ गते स्थापना भएको यस नगरपालिकामा तत्कालीन गा.वि.स. हरु चिठुविहार, पालिफल, विष्णुदेवी, बालकुमारी, चोभार, चम्पादेवी र बाहिरी गाउँलाई समेटेर निर्माण गरिएको र स्थापना कालदेखि नै कुल १९ वटा वडाहरुमा विभाजन गरिएको छ (कीर्तिपुर न.पा. २०७४) ।

भौगोलिक हिसाबले २७°१०' देखि २७°४२' उत्तरी अक्षांश तथा ८५°१०' देखि ८५°३३' पूर्वी देशान्तरसम्म फैलिएको यस नगरपालिकाले १४.६७ वर्ग कि.मि. अर्थात् १८०१.३५ हेक्टर क्षेत्रफल ओगटेको छ । यस न.पा.को पूर्वी सिमाना ललितपुर उपमहानगरपालिकासँग बाग्मती नदीले छुट्याएको छ भने पश्चिममा चन्द्रागिरी नगरपालिका, उत्तरमा काठमाडौं महानगरपालिका र चन्द्रगिरी नगरपालिका तथा दक्षिणी सिमाना दक्षिणकाली नगरपालिकासँग जोडिएको छ । समशितोष्ण हावापानी पाइने यस नगरपालिकामा बाग्मती, बल्खु र बोसन गरी तीनवटा नदी/खोला र एउटा दह (टौदह) पर्दछन् (कीर्तिपुर न.पा. २०७४) ।

### ४.२.३ जनसाङ्ख्यिकीय अवस्था (Demographic Situation)

वि.सं. २०६८ सालको एघारौं राष्ट्रिय जनगणना अनुसार कीर्तिपुर नगरपालिकाको कुल जनसङ्ख्या ६५,६०२ रहेको छ । यस न.पा. को कुल जनसङ्ख्यामध्ये पुरुषको जनसङ्ख्या ३६,४७६ अर्थात ५५.६०% र महिलाको जनसङ्ख्या २९,१२६ अर्थात ४४.४०% रहेको छ । यसरी नेपालको समग्र जनसङ्ख्यामा पुरुषको भन्दा महिलाको जनसङ्ख्या बढी रहेता पनि यस न.पा. को हकमा भने त्यसको ठीक विपरित अर्थात पुरुषको जनसङ्ख्या ७,३५० ले बढी रहेको पाइन्छ । यस न.पा. मा १९,४४१ घरपरिवारको बसोबास रहेको छ भने औषत परिवार सदस्य सङ्ख्या ३.३८ जनाप्रति परिवार रहेको पाइन्छ । यस न.पा. को वार्षिक जनसङ्ख्या वृद्धिदर ४.८% रहेको छ, जुन नेपालको समग्र जनसङ्ख्या वृद्धिदर १.३५% भन्दा बढी हो । यसका अलवा डेराभाडा (बहाल) मा अस्थायी रुपमा बसोबास गर्नेहरुको सङ्ख्या पनि अत्याधिक रहेको पाइन्छ (कीर्तिपुर न.पा.,२०७४)

### ४.२.४ सामाजिक विशेषताहरु (Social Features)

कीर्तिपुरमा प्राचिन आदिबासी जनजातिमूलका नेवार समुदाय रहेको पाईन्छ । यस न.पा. मा बसोबास गर्ने अन्य जातजातिहरुमा ब्राह्मण, क्षेत्री, तामाङ, गुरुङ्ग, मगर, दमाई, कामी आदि रहेका छन् भने अन्य जातिको नगन्य सङ्ख्यामा बसोबास रहेको छ । कीर्तिपुर नगरपालिकाको जाती स्वरुपलाई तालिका ४.१ र वृत्त चित्र ४.१ मा प्रस्तुत गरिएको छ ।


**तालिका ४.१**

**कीर्तिपुरका प्रमुख जातजातीहरु**

| क.सं. | जातजाती | जनसङ्ख्या (प्रतिशतमा) |
|---|---|---|
| १ | नेवार | ६५.८३ |
| २ | क्षेत्री | २०.१४ |
| ३ | ब्राह्मण | ९.०२ |
| ४ | तामाङ | १.४२ |
| ५ | मगर | १.१० |
| ६ | अन्य | २.४९ |
| जम्मा | | १०० |

स्रोत : वार्षिक नगर विकास योजना, २०७३-२०७४ ।

**चित्र ४.१**




स्रोत : तालिका ४.१ ।

माथिको तालिका ४.१ तथा वृतचित्र ४.१ मा कीर्तिपुर नगरपालिकाको जातीगत विवरणलाई देखाईएको छ । जसअनुसार सबैभन्दा बढी जनसंख्या नेवार जातीको ६५.८३ प्रतिशत रहेको पाइन्छ । त्यसै गरी क्षेत्री २०.१४, ब्राह्मण ९.०२, तामाङ १.४२, मगर १.१० र अन्य जाती २.४९ प्रतिशत रहेको देखिन्छ ।

कीर्तिपुर नगरपालिकामा मुख्य गरी नेवार जातीको बाहुल्यता भएकाले यहाँ बोलिने प्रमुख भाषा पनि नेपाल भाषा रहेको छ । नेपाल भाषा बाहेक नेपाली र तामाङ भाषा यस क्षेत्रमा बोलिने प्रमुख भाषा रहेका छन् । कीर्तिपुरमा बोलिने प्रमुख भाषाहरुलाई तालिका ४.२ र वृत्त चित्र ४.२ मा प्रस्तुत गरिएको छ ।


**तालिका ४.२**

**कीर्तिपुरमा बोलिने प्रमुख मातृभाषाहरु**

| क्र.सं. | प्रमुख भाषाहरु | जनसङ्ख्या (प्रतिशतमा) |
|---|---|---|
| १ | नेपाल | ५९.३५ |
| २ | नेपाली | ३४.२२ |
| ३ | तामाङ | १.०२ |
| ४ | अन्य | ५.४१ |
| जम्मा | | १०० |

स्रोत : वार्षिक नगर विकास योजना, २०७३-२०७४ ।

**चित्र ४.२**




स्रोत : तालिका ४.२ ।

तालिका ४.२ तथा वृत चित्रलाई अध्ययन गर्दा कीर्तिपुर नगरपालिकामा बोलिने भाषाहरुमा सबैभन्दा बढी नेपाल भाषा ५९.३५ प्रतिशत, नेपाली ३४.२२, तामाङ १.०२ र अन्य भाषा ५.४१ प्रतिशतले बोल्ने गरेका छन् ।

### ४.२.५ धार्मिक तथा साँस्कृतिक अवस्था (Nature of Religious and Culture)

कीर्तिपुर नगरपालिका नेपाल उपत्यकामा सबैभन्दा पहिला बस्ती बसेका क्षेत्रहरुमध्येको एक हो । यहाँका प्रमुख जातजातिहरुमा नेवार, ब्राह्मण, क्षेत्री, तामाङ्ग, मगर आदि रहेका छन् । विभिन्न धर्म मान्ने यी जातजातीहरुको आफ्नै किसिमको धार्मिक तथा आध्यात्मिक विश्वास, चालचलन र रीतिरिवाजहरु रहेका छन् । साँस्कृतिक रुपमा पनि यी विविध जातजातिहरुको आ आफ्नै जातिय तथा धार्मिक संस्कार अनुरुपका चाडपर्वहरु मनाउने परिपाटी रहेको छ । कीर्तिपुरको धार्मिक स्वरुपलाई तालिका ४.३ र वृत्त चित्र ४.३ मा प्रस्तुत गरिएको छ ।


**तालिका ४.३**

**कीर्तिपुर नगरपालिकाको धार्मिक स्वरुप**

| क.सं. | धर्म | जनसङ्ख्या(प्रतिशतमा) |
|---|---|---|
| १ | हिन्दु | ७४.६७ |
| २ | बौद्ध | १७.९१ |
| ३ | क्रिश्चियन | ५.७८ |
| ४ | अन्य | १.६४ |
| जम्मा | | १०० |

स्रोत : वार्षिक नगर विकास योजना, २०७३-२०७४ ।

**चित्र ४.३**




स्रोत : तालिका ४.३ ।

तालिका ४.३ तथा वृत चित्रअनुसार कीर्तिपुरमा मुख्यतया हिन्दु धर्म मान्ने मानिसको बाहुल्यता रहेको पाइन्छ । जसअनुसार हिन्दु धर्म मान्ने ७४.६७ प्रतिशत, बौद्ध धर्म मान्ने १७.९१, क्रिश्चियन ५.७८ र अन्य धर्म मान्ने १.६४ प्रतिशत जनसंख्या रहेको छ ।

### ४.२.६ पूर्वाधारको अवस्था (Infrastructure Situation)

कीर्तिपुर नगरपालिकाले नगरपालिका बन्नका लागि आवश्यक पर्ने सम्पूर्ण मापदण्डहरु पूरा गरेको तथा म.न.पा. र उ.म.पा. सँगै सिमाना जोडिएको उपत्यका भित्रै पर्ने एक नगरपालिका समेत भएको हुँदा यस नगरपालिकाको पूर्वाधारको विकास राम्ररी भएको पाइन्छ । कीर्तिपुर नगरपालिकाको पूर्वाधारको अवस्थालाई तलका विभिन्न उपशीर्षकहरुमा उल्लेख गरिएको छ :

### १. स्वास्थ्य (Health)

कीर्तिपुर नगरपालिकामा सरकारी स्तरको एउटा स्वास्थ्य केन्द्र तथा ८ वटा उप-स्वास्थ्य चौकीहरु रहेका छन् । त्यसै गरी निजी स्तरको एउटा अस्पताल र निजीस्तरका ३० वटा तथा सामुदायिक स्तरको एउटा क्लिनिक सञ्चालित रहेका छन् । यी स्वास्थ्य संस्थाहरुमा सबै गरी तालिमप्राप्त महिला स्वयंसेविकाहरुको सङ्ख्या ११३ जना रहेको पाइन्छ । यसरी हेर्दा कीर्तिपुरमा जनसङ्ख्याको हिसाबले स्वास्थ्य संस्थाहरु पर्याप्त नै रहेको मान्न सकिन्छ । (कीर्तिपुर न.पा.,२०७४) ।

### २. पिउने पानी (Drinking Water)

समग्र काठमाडौँ उपत्यकामा खानेपानी समस्याको बारेमा बारम्बार विभिन्न माध्यमहरुबाट समाचारहरु आइरहने र त्यो राष्ट्रिय बहसको विषय पनि हुने गरेको छ । यद्यपि उपत्यकाको पिउने पानी व्यवस्थापनको जिम्मा वि.स. २०६४ फागुन १ गतेबाट काठमाडौँ उपत्यका खानेपानी लिमिटेड (KUKL) लाई दिएपछि यहाँको पिउने पानीको केही मात्रामा भए पनि सहज आपूर्ति हुँदै आएको तथा आगामी दिनमा मेलम्चीको पानीको योजना सम्पन्न हुन गईरहेको हुँदा खानेपानकिो अझ सहज हुने देखीन्छ ।

कीर्तिपुर नगरपालिकाको हकमा यस क्षेत्रमा निजी प्रयोगका ४,३७० वटा धाराहरु तथा सार्वजनिक प्रयोगका १० वटा धाराहरु रहेका छन् । त्यसै गरी यहाँ २५,७०,००० लिटर क्षमताको ट्याङ्की पनि रहेको छ । यसरी यहाँको पिउने पानीको समस्या टर्दै आएको भएतापनि बेलाबखतमा कुनै-कुनै स्थानमा उत्पन्न हुने समस्यालाई ट्याङ्कर र जारको पानी खरिद गरी टार्ने गरेको पाइन्छ । यस नगरपालिकामा लुगाधुने, सरसफाइ गर्ने तथा सिंचाइ लगायतका कार्यमा आवश्यक पर्ने पानी इनार खनेर उपलब्ध हुने पानीबाट आपूर्ति गरिएको छ (कीर्तिपुर न.पा.,२०७४) ।

### ३. सरसफाई (Sanitation)

समयमै उचित किसिमले व्यवस्थापन गर्न नसकिएमा शहरीकरणसँगै बढ्ने जनसङ्ख्या र त्यसले उत्पन्न गर्ने फोहोरमैलाले शहरलाई नै प्रदुषित पार्नु अस्वभाविक होइन । कीर्तिपुर पनि घना बसोबास भएको एक शहर भएको हुँदा यहाँ दैनिकजस्तो १६ टन फोहोर उत्पादन हुने गरेको छ, र त्यसमध्ये ९ टनजति फोहोरलाई विभिन्न चारवटा संस्थाहरुले सङ्कलन गर्ने गरेका छन् । यस न.पा.का कुल घरधुरी १९,४४१ मध्ये १५०० घरधुरी

सङ्ख्याले प्लाष्टिकजन्य फोहोर संकलन तथा १४७५ घरधुरीले घरबाट उत्पन्न हुने फोहोरलाई कम्पोष्ट मल बनाउने गरेको पाइन्छ (कीर्तिपुर न.पा.,२०७४) ।

**४. विद्युत तथा सञ्चार (Electricity and Communication)**

कीर्तिपुर न.पा. ले विद्युत तथा सञ्चार क्षेत्रमा उल्लेख्य प्रगति गरेको पाइन्छ । यस न.पा. को कुल क्षेत्रमध्ये ९९% क्षेत्र विद्युतीकरण भइसकेको छ भने बाँकी एक प्रतिशत क्षेत्रमा विद्युतीकरण हुन सकेको छैन । यस नगरपालिकाको सञ्चार सेवाको अवस्थालाई तालिका ४.४ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.४**

**कीर्तिपुर नगरपालिकाको संचार सेवाको अवस्था**

| सञ्चार सेवा | सङ्ख्या (वटा) |
|---|---|
| टेलिफोन सेवा | ७२५० |
| इलाका हुलाक | १ |
| साप्ताहिक पत्रिका | ४ |
| केवल नेटवर्क | २ |

स्रोत : वार्षिक नगर विकास योजना, २०७३-२०७४

तालिका ४.४ मा कीर्तिपुर नगरपालिकाको संचार सेवाहरुको अवस्थालाई देखाइएको छ । जस अनुसार टेलिफोन सेवा ७,२५०, इलाका हुलाक १ वटा, साप्ताहिक पत्रिका ४ वटा, केवल नेटवर्क २ वटा र टेलिभिजन १ वटा रहेको पाइन्छ । उल्लिखित सञ्चार सेवाहरुका अतिरिक्त यस न.पा.मा नेपाल टेलिकम लगायतका विभिन्न कम्पनीहरुले मोवाइल तथा इन्टरनेट सेवासमेत प्रदान गर्दै आइरहेका छन् ।

**५. मनोरञ्जन तथा खेलकुद (Intertainment and Athelatic)**

मानव जातिका लागि मनोरञ्जन र खेलकुद आवश्यक चिज हुन । कीर्तिपुर न.पा.मा मनोरञ्जन तथा खेलकुदका लागि प्रशस्त स्थानहरु निर्माण गरिएका छन् । यहाँको मनोरञ्जन र खेलकुदको अवस्थालाई तालिका ४.५ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.५**

**कीर्तिपुर नगरपालिकाको मनोरञ्जन तथा खेलकुद अवस्था**

| मनोरञ्जन तथा खेलकुदस्थल | सङ्ख्या (वटा) |
|---|---|
| पार्क | ४ |
| अन्तर्राष्ट्रिय क्रिकेट खेलमैदान | १ |
| फुटबल कोर्ट | २ |
| बास्केटबल कोर्ट | ३ |
| भलिबल कोर्ट | ३ |

स्रोत : वार्षिक नगर विकास योजना, २०७३-२०७४ ।

तालिका ४.५ मा कीर्तिपुर नगरपालिकामा रहेका मनोरञ्जन तथा खेलकुदस्थलहरुको संख्यालाई देखाइएको छ । जसअर्न्तगत पार्क ४ वटा, अर्न्तराष्ट्रिय क्रिकेट मैदान १ वटा, फुटबल कोर्ट २ वटा, बास्केटबल कोर्ट ३ वटा र भलिबल कोर्ट ३ वटा रहेका छन् । उल्लिखित बाहेक पनि यस क्षेत्रमा फुटबल, भलिबल, बास्केटबल, क्रिकेट, टेबलटेनिस, ब्याडमिन्टन लगायतका खेलहरु खेल्नका लागि अन्य क्षेत्रका विभिन्न विद्यालय, कलेज तथा क्लबहरुले पनि आ-आफ्नो क्षेत्रमा खेल मैदान निर्माण गरेका छन् ।

### ६. सुरक्षा (Security)

मानव जीवनका आधारभूत आवश्यकताका साथै सुरक्षा विकासको पूर्वाधार पनि हो । कीर्तिपुर न.पा. मा सुरक्षा व्यवस्था राम्रो रहेको पाइन्छ । यहाँ महानगरीय प्रहरी प्रभाग, कालिञ्चोक शसस्त्र प्रहरी गण, महानगरीय ट्राफिक प्रहरी प्रभाग र सामुदायिक प्रहरीका एक-एक वटा शाखाहरु रहेका छन्, जसले गर्दा यहाँ सुरक्षाको प्रत्याभूति हुने गर्दछ । (कीर्तिपुर न.पा.२०७४) ।

### ७. विद्यालय तथा क्याम्पसको अवस्था (Situation of School and Campus)

शिक्षा नै विकासको मेरुदण्ड हो, सोही तथ्यलाई आधार मानि यस नगरपालिकामा पनि धेरै सरकारी तथा निजी विद्यालय तथा क्याम्पसहरु स्थापना गरेको पाइन्छ, जसलाई तालिका ४.६ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.६**

**कीर्तिपुर नगरपालिकाको शैक्षिक संस्थाको विवरण**

| शिक्षण संघसंस्था | निजी | सरकारी | जम्मा |
|---|---|---|---|
| त्रिभुवन विश्वविद्यालय | ० | १ | १ |
| क्याम्पस | २ | ० | २ |
| उ.मा.वि. | ४ | ३ | ६ |
| मा.वि. | १८ | १० | २८ |
| प्रा.वि. | ४ | ६ | १० |
| महिला विद्यालय | १ | ० | १ |
| शिशु स्याहार केन्द्र | ० | ४ | ४ |

स्रोत : वार्षिक नगर विकास योजना, २०७३-२०७४ ।

तालिका ४.६ मा कीर्तिपुर न.पा.मा रहेका शैक्षिक संस्थाहरुको विवरण देखाइएको छ । जसअनुसार यहाँ त्रिभुवन विश्वविद्यालयका साथै सरकारी स्तरका प्रा.वि. ६ वटा, मा.वि. १० वटा, उ.मा.वि.हरु (सामुदायिकतर्फ ३ वटा तथा संस्थागततर्फ ४ वटा), शिशु स्याहार केन्द्र तथा निजी स्तरमा प्रा.वि. ४ वटा, मा.वि. १८ वटा, उच्च मा.वि. ३ वटा र क्याम्पस २ वटा रहेको देखिन्छ ।

### ४.२.७ आर्थिक अवस्था (Economic Status)

कीर्तिपुर नगरपालिकाको आर्थिक अवस्थालाई अध्ययन गर्दा निम्न उपशीर्षकमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ :

#### १. उद्योग, पेशा र व्यवसाय (Industries, Profession and Business)

कीर्तिपुर नगरपालिकाको प्रमुख व्यवसाय व्यापार हो । त्यसै गरी कृषि र घरभाडा पनि पेशा,व्यवसायकै रुपमा फस्टाएका छन् । यिनीहरुका अतिरिक्त निजी तथा सरकारी जागिर, बैंक तथा सहकारी, ट्युसन सेन्टरहरु, शिक्षण लगायतका अन्य थुप्रै पेशागत तथा व्यवसायिक संस्थाहरु सञ्चालित छन् । कीर्तिपुर नगरपालिकामा दुई वटा उद्योग र दर्ता

भइ संचालनमा रहेका विभिन्न व्यवसाय १७२५ वटा रहेका छन् (कीर्तिपुर न.पा.२०७४) ।

## २. भू-उपयोग (Land Holding)

कीर्तिपुर न.पा.को भूँमि सबै ठाउँमा समान खालको छैन । यहाँको भू-भागलाई कृषि भूँमि, वन क्षेत्र, आवास क्षेत्र, संघसंस्था क्षेत्र, उद्योग क्षेत्र र खोलानाला बगरले ओगटेको क्षेत्रको रुपमा विभाजन गरिएको छ। कीर्तिपुर नगरपालिकाको भू-उपयोगको अवस्थालाई तालिका ४.७ मा प्रस्तुत गरिएको छ।

**तालिका ४.७**

**कीर्तिपुर नगरपालिकाको भू-उपयोगको अवस्था**

| क.सं. | भूमि/क्षेत्र | क्षेत्रफल (वर्ग कि.मि.) |
|---|---|---|
| १ | कृषि भूमि | ६.६७५ |
| २ | वन क्षेत्र | २.४०६ |
| ३ | आवास क्षेत्र | १.०९८ |
| ४ | संघसंस्था क्षेत्र | ०.४६२ |
| ५ | उद्योग क्षेत्र | ०.११२९ |
| ६ | खोलानाला /बगर | १.२७५९ |
| जम्मा | | १४.६७ |

स्रोत : वार्षिक नगर विकास योजना, २०७३-२०७४ ।

तालिका ४.७ मा कीर्तिपुर नगरपालिकाको भू-उपयोगको अवस्थालाई देखाइएको छ । यस नगरपालिकाको कुल क्षेत्रफल १४.७६ वर्ग कि.मिरहेको छ । जसमध्ये कृषि भूमि ६.६७५ वर्ग कि.मि., वन क्षेत्र २.४०६, आवास क्षेत्र १.०९८, सङ्घसंस्था क्षेत्र ०.४६२, उद्योग क्षेत्र ०.११२९ र खोलानाला बगरले ओगटेको क्षेत्र १.२७५९ वर्ग कि.मि.रहेको छ।

## ३. वित्तीय संघसंस्था (Financial Organization)

कीर्तिपुर नगरपालिकामा नेपालमा रहेका प्रमुख वित्तीय संस्थाहरुका शाखा र विभिन्न निजी बैङ्क तथा सहकारी संस्थाहरु रहेका छन् । कीर्तिपुर नगरपालिकामा रहेका वित्तीय संघसंस्थाको तथ्याङ्कलाई तालिका ४.८ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.८**

**कीर्तिपुर नगरपालिकामा रहेका वित्तीय संघसंस्थाहरु**

| क्र.सं. | वित्तीय सङ्घसंस्थाहरु | संख्या |
|---|---|---|
| १ | वाणिज्य बैंक | ७ |
| २ | विकास बैंक | २ |
| ३ | सहकारी संस्था | ८६ |

स्रोत : वार्षिक नगर विकास योजना, २०७३-२०७४ ।

तालिका ४.८ मा नेपालका बैंक तथा वित्तीय सङ्घसंस्थाहरु मध्ये कीर्तिपुर नगरपालिकामा वाणीज्य बैंक ७ वटा, विकास बैंक २ वटा तथा ८६ वटा सहकारी संस्थाहरु रहेको कुरालाई देखाइएको छ ।

## ४.३ सामुदायिक तथा संस्थागत विद्यालयहरुको भौतिक विवरण (Physical Description of Community and Institutional Schools)

अध्ययन क्षेत्रमा परेका सामुदायिक तथा संस्थागत मा.वि. को भौतिक अवस्थाको पहिचान गर्न विद्यार्थी, शिक्षक, प्रधानाध्यापक, अभिभावक, कर्मचारी र विद्यालय व्यवस्थापन समितिसंग छलफल, प्रश्नावली, सर्वेक्षण फारम, अवलोकन आदिको सहायताबाट सम्बन्धित विद्यालयको यथार्थ अवस्थाको विवरण तयार पारिएको छ , जसलाई निम्नानुसार बुँदागत रुपमा प्रस्तुत गर्न सकिन्छ :-

### ४.३.१ भवन र कक्षाकोठाको क्षेत्रफल (Building and Classroom Area)

छनौटमा परेका सामुदायिक र संस्थागत मा.वि. मध्ये सामुदायिक मा.वि.ले माध्यमिक तहको विद्यालय भवनको प्रयोग गरेको छ भने संस्थागत मा.वि.ले आफ्नै भवनको प्रयोग गरेको

छ । अध्ययन गर्दा सामुदायिक मा.वि.को ३ वटा भवन रहेको पाइयो, जुन भवन अंग्रेजी 'L' आकारको रहेको पाइयो, भने संस्थागतको ४ वटा भवन रहेकोमा जुन भवन अंग्रेजी 'Z' आकारको रहेको पाइयो । त्यस्तैगरी कक्षाकोठाको डेक्स, वेञ्च र कोठाको आकारमा पनि फरक देखिन्छ । सामुदायिकमा औषत ४ विद्यार्थी बराबर १ डेक्स १ वेञ्चको व्यवस्था छ भने संस्थागतमा २ विद्यार्थी बराबर १ डेक्स वेन्चको व्यवस्था गरेको पाइयो । प्रति विद्यार्थी कक्षाकोठाको क्षेत्रफललाई तालिका ४.९ मा प्रस्तुत गरिएको छ ।

**तलिका ४.९**

**प्रति विद्यार्थी कक्षाकोठाको क्षेत्रफल (वर्गफिट) २०७१/०७२**

| मा.वि. | कक्षाकोठा संख्या | कोठाको क्षेत्रफल (वर्गफिट) | विद्यार्थी संख्या | प्रतिविद्यार्थी क्षेत्रफल (वर्गफिट) |
|---|---|---|---|---|
| सामुदायिक | २३ | १००५ | १२३ | ८.१७ |
| संस्थागत | १३ | १०२४ | ४८७ | २.१० |
| जम्मा | ३६ | २०२९ | ६१० | १०.२७ |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४ ।

तालिका ४.९ मा प्रतिविद्यार्थी कक्षाकोठाको क्षेत्रफल देखाइएको छ जसमा छनौटमा परेका मा.वि. हरुमा जम्मा ३६ वटा कक्षाकोठा रहेको छ भने त्यसको कुल क्षेत्रफल २०२९ वर्गफिट रहेको छ । दुवै मा.वि.को कुल विद्यार्थी संख्या ६१० जना रहेका छन् । छनौटमा परेका सामुदायिक मा.वि. मा २३ वटा कक्षाकोठा रहेका छन् जसको कुल क्षेत्रफल १००५ वर्गफिट रहेको छ भने विद्यार्थी संख्या १२३ जना देखिन्छ । त्यस्तै गरी प्रतिविद्यार्थी क्षेत्रफल ८.१७ वर्गफिट रहेको छ । संस्थागत मा.वि. मा भने १३ वटा

कक्षाकोठा रहेको छ जसमा कक्षाकोठाको क्षेत्रफल १०२४ वर्गफिट छ भने विद्यार्थी संख्या ४८७ जना छन् र प्रतिविद्यार्थी क्षेत्रफल २.१० वर्गफिट रहेको छ ।

### ४.३.२ खेल मैदान (Play Groud)

अध्ययनमा रहेका मा.वि. हरुमा फराकिलो खेलमैदान रहेको पाइयो । उक्त खेल मैदानमा संस्थागत मा.वि.मा पर्खाल र काँडेतारले घेरिएको थियो भने सामुदायिकमा पर्खालले घेरिएको थियो । उक्त खेल मैदानमा भलिवल, टेवल-टेनिस, ब्याटमिन्टन, जस्ता खेलहरु खेलाउने गरेको पाइयो । सामुदायिक मा.वि.को खेल मैदान ८,००० वर्गमिटर छ भने संस्थागत मा.वि.को खेल मैदान २०,४०० वर्गमिटर रहेको पाइयो ।

### ४.३.३ शौचालय संख्या (Number of Toilets)

नमूना छनौटमा परेका दुवै मा.वि. हरुमा शौचालयको व्यवस्था उपयुक्त भएको पाइयो । दुवैमा.वि. मा १-१० कक्षा दिवा समयमा सञ्चालन हुने र ११-१२ विहान सञ्चालन हुने हुँदा एउटै शौचालय सबैले प्रयोग गरेको पाइयो । त्यस्तैगरी सामुदायिक मा.वि. मा शौचालय फोहोर हुने गुनासो विद्यार्थीहरुले जनाएका थिए तर शौचालय संख्या भने विद्यार्थीहरुका लागि पुग्ने देखिन्थ्यो । सामुदायिक मा.वि.मा जम्मा शौचालय भवन १ छात्र र १ छात्रा गरी २ वटा रहेका जसमा ५/५ वटा कोठा रहेका थिए । त्यस्तैगरि संस्थागत मा.वि.तर्फ पनि ४ वटै शौचालय रहेको पाइयो र जसमध्ये छात्राको दुई र छात्रको दुई शौचालय रहेको थियो, भनेदुवै मा.वि. हरुका शिक्षकहरुले भने अलग सौचालय प्रयोग गर्ने गरेको पाईयो ।

### ४.३.४ फर्निचर संख्या (Number of Furniture)

शैक्षिक उपलब्धि उच्च तुल्याउन कक्षा कोठाको पर्याप्तताका साथै फर्निचरको पर्याप्तता पनि एक हो । छनौटमा परेका मा.वि. हरुमा आवश्यक साइजका पर्याप्त मात्रामा फर्निचर भएको पाइयो । विद्यालयमा प्रति विद्यार्थी फर्निचरको संख्यालाई तालिका ४.१० मा प्रस्तुत गरिएको छ ।

## तालिका ४.१०

## प्रतिविद्यार्थी फर्निचर संख्या शैक्षिक वर्ष २०७१/०७२

| क्र.सं. | मा.वि. | डेक्स वेञ्च संख्या | विद्यार्थी संख्या | प्रति विद्यार्थी डेक्स वेञ्च संख्या |
|---|---|---|---|---|
| १ | सामुदायिक | १४० | १२३ | १.१३ |
| २ | संस्थागत | १९१ | ४८७ | ०.३९ |
| जम्मा | | ३३१ | ६१० | १.५२ |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४ ।

तालिका ४.१० मा छनौटमा परेका सामुदायिक र संस्थागत मा.वि.हरुको डेक्स वेञ्चको संख्यालाई देखाइएको छ जसमा सामुदायिक मा.वि. मा भन्दा संस्थागत मा.वि. मा डेक्स वेञ्चको संख्या वढि रहेको छ । सामुदायिक विद्यालयमा विद्यार्थी थोरै भएका कारणले प्रति विद्यार्थी डेक्स वेञ्चको संख्या १.१३ रहेको छ भने संस्थागत मा.वि.मा धेरै विद्यार्थी भएका कारणले पनि विद्यार्थी डेक्स वेञ्चको संख्या ०.३९ रहेको देखिन्छ ।

### ४.३.५ पिउने पानीको अवस्था (Drinking Water)

यस अध्ययन कार्य सम्पन्न गर्न नमूना छनौटमा परेका विद्यालयहरुको पिउने पानीको अवस्था हेर्दा पर्याप्त मात्रामा पिउने पानी रहेको पाइयो । विद्यालयमा २/२ वटा खानेपानीको ट्याङ्की फिल्टर सहित राखेकाले पिउनका लागि पानीको सुविधा देखिन्छ ।

### ४.३.६ पुस्तकालय (Library)

सामुदायिक र संस्थागत दुवै विद्यालयहरुमा १/१ वटा पुस्तकालय रहेको पाइयो । पुस्तकालयमा पर्याप्त पुस्तकहरु रहेको र सो पुष्तकालयको ब्यवस्थापन गर्न दुवै बिद्यालयहरुले एक जना पुस्तकालय ईन्चार्ज राखी पुस्तकहरु पनि व्यवस्थित तरिकाले खोजेको वखत तुरुन्त भेटिने तरिकाले राखिएको थियो ।

### ४.३.७ छात्रवास, प्रयोगशाला, कम्प्युटर र शैक्षिक सामग्री (Hostel, Laboratary, Computer and Teaching Materials)

अध्ययनमा परेका विद्यालयमध्ये संस्थागत उच्च माध्यमिक विद्यालयमा छात्रवासको व्यवस्था भएको तर सामुदायीक बिद्यालयमा छात्रावासको ब्यबस्थाको लागी प्रयासरत रहेको कुरा बिद्यालय व्यवस्थापन समितीका अध्यक्षले वताउनुभएको थियो । दुवै बिद्यालयहरुमा अध्ययन गर्न आउने बिद्यार्थीहरु अधिकांस भाडामा बस्ने गरेको र उनिहरु बिद्यालय नजिकै बस्ने गरेकोले छात्रावासको त्यती आवश्यकता नभएको पाईयो ।

त्यस्तै गरी सामुदायिक र संस्थागत मा.वि.मध्ये सामुदायिक मा विज्ञान विषय पढाई नहुने भएकाले प्रयोगशालाको व्यवस्था नभएको पाइयो तर संस्थागत मा.वि.मा विज्ञान विषय पढाई हुने भएकाले विज्ञानका लगि अनिवार्य प्रयोगशाला चाहिने भएकाले प्रयोगशालाको व्यवस्था भएको देखियो ।

छनौटमा परेका दुवै मा.वि. मा विद्युत्को सुविधा पुगेको  र कम्प्युटर कक्षा सञ्चालनमा रहेको देखियो । यसका साथै शैक्षिक सामग्रीको सन्दर्भमा कम्प्युटर बाहेक दैनिक प्रयोग हुने मार्कर, डस्टर, पाठ्यपुस्तक, सन्दर्भ एवं पुस्तक लगायतका शैक्षिक सामग्री पनि दुवै उच्च माध्यमिक विद्यालयमा व्यवस्था भएको पाइयो ।

## ४.४ सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयहरुको शैक्षिक विवरण (Educational Description of  Community and Institutional Secondary Schools)

शैक्षिक क्षेत्रका महत्वपुर्ण लगानी विद्यार्थी भएकाले उनीहरुले नै उच्च माध्यमिक विद्यालयमा लगानी गर्दछन र उपलब्धिको मापन पनि उनिहरुबाटै हुन्छ । जसको कारण मा.वि. हरुको राम्रो नतिजा शैक्षिक प्रक्रियासंग प्रत्यक्ष सम्बन्ध रहन्छ । अध्ययनको उद्देश्य पूरा गर्नका लागी नमूना छनौटमा परेका मा.वि.को शैक्षिक स्थितिलाई निम्न उपशीर्षकहरुमा विश्लेषण गर्न सकिन्छ ।

### ४.४.१ छनौटमा परेका माध्यमिक विद्यालयहरुको संकाय र विषयहरु (Faculty and Subjects of Selected Secondary Schools)

नमूना छनौटमा परेका मा.वि.हरुको संकाय र विषयहरुको विश्लेषण गर्दा सामुदायिक मा.वि.मा व्यवस्थापन र शिक्षा विषय पठनपाठन भएको पाइयो, भने संस्थागत मा.वि. मा व्यवस्थापन र विज्ञान विषय सञ्चालन गरिएको पाइयो । व्यवस्थापन संकायमा लेखा, अर्थशास्त्र, विजनेस स्टडिज, मार्केटिङ, कम्प्युटर,जस्ता विषय पढाई भएको पाइयो । त्यस्तै शिक्षा संकायमा अंग्रेजी, नेपाली, गणित, स्वास्थ्य, जनसंख्या, मेजर नेपाली जस्ता विषयहरु पढाई भएको पाईयो भने विज्ञान तर्फ भौतिक विज्ञान, रसायन विज्ञान, जिवविज्ञान, कम्प्युटर जस्ता विषयहरु पढाई भएको पाइयो ।

### ४.४.२ छनौटमा परेका माध्यमिक विद्यालयहरुमा शिक्षकहरुको विवरण (Description of Teachers on Selected Secondary Schools)

नमूना छनौटमा परेका सामुदायिक र संस्थागत माध्यमिक विद्यालयमा शिक्षक-शिक्षिकाहरुको विवरणलाई तालिका ४.११ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.११**

**छनौटमा परेका माध्यमिक बिद्यालयहरुमा शिक्षकहरुको विवरण २०७१/०७२**

| मा.वि. | जम्मा शिक्षक संख्या (कक्षा ११-१२) | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| सामुदायिक | ३ | ११ | १४ |
| संस्थागत | १ | २८ | २९ |
| जम्मा | ४ | ३९ | ४३ |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४ ।

तालिका ४.११ लाई विश्लेषण गर्दा २०७१/०७२ मा सामुदायिक मा.वि.मा जम्मा १४ जना शिक्षक-शिक्षिका रहेकोमा महिला ३ जना र पुरुष ११ जना देखिन्छ भने संस्थागत मा.वि.मा महिला १ र पुरुष २८ जना गरि जम्मा २९ जना शिक्षक-शिक्षिकाहरु रहेको पाइयो । यसरी सामुदायिक र संस्थागत दुवै मा.वि.मा महिला जम्मा ४ जना छन् भने

पुरुष ३९ जना रहेका छन् भने महिला र पुरुष गरि जम्मा ४३ जना शिक्षक-शिक्षिका रहेका छन् ।

### ४.४.३ छनौटमा परेको सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना (Students Enrollment in Selected Community School)

छनौटमा परेको सामुदायिक माध्यमिक तह कक्षा ११ र १२ मा २ वर्षको विद्यार्थी भर्ना देखाइएको छ । जसमा छात्रा र छात्रलाई छुट्टा-छुट्टै रुपमा देखाइएको छ । यसलाई तालिका ४.१२ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१२**
**सामुदायिक विद्यालयको विद्यार्थी भर्ना, २०७०/०७१–२०७१/०७२**

| शैक्षिक सत्र | कक्षा | | | | | | | | विद्यार्थी संख्या | औषत प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | ११ | | | | १२ | | | | | |
| | छात्र | छात्रा | जम्मा | प्रतिशत | छात्र | छात्रा | जम्मा | प्रतिशत | | |
| २०७०/०७१ | १९ | २२ | ४१ | ३७.९६ | ३३ | १४ | ४७ | ४५.६३ | ८८ | ४१.७९ |
| २०७१/०७२ | ३९ | २८ | ६७ | ६२.०३ | ३७ | १९ | ५६ | ५४.३६ | १२३ | ५८.१९ |
| जम्मा | ५८ | ५० | १०८ | १०० | ७० | ३३ | १०३ | १०० | २११ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४ ।

तालिका ४.१२ मा सामुदायिक मा.वि.को विद्यार्थी भर्ना दर देखाइएको छ । जसमा छात्र को भर्ना, छात्राको भर्ना र जम्मा भर्ना प्रतिशत देखाइएको छ । त्यस्तैगरि कक्षा ११ र १२ को जम्मा विद्यार्थी संख्यालाई जोडेर कुल विद्यार्थी संख्या निकालिएको छ । उक्त तालिकामा २ वर्षको विद्यार्थी भर्ना विवरण देखाइएको छ । जसमा शैक्षिक सत्र २०७०/०७१ मा कक्षा ११ मा जम्मा विद्यार्थी संख्या ४१ जना भएकोमा छात्र १९ र छात्रा २२ जना रहेका छन् भने जम्मा औसत प्रतिशत ३७.९६ रहेको छ । त्यस्तैगरि कक्षा १२ मा जम्मा ४७ विद्यार्थी भर्ना भएकोमा ३३ छात्र र १४ छात्रा रहेका छन भने जम्मा औसत प्रतिशत ४५.६३ रहेको छ । शैक्षिक सत्र २०७१/०७२ मा हेर्दा कक्षा ११ मा जम्मा ६७ जना विद्यार्थी भर्ना भएकोमा छात्र ३९ जना र छात्रा २८ जना रहेका छन भने औसत प्रतिशत ६२.०३ रहेको छ । कक्षा १२ मा ३७जना छात्र र १९ जना छात्रा गरि जम्मा ५६ जना विद्यार्थी भर्ना भएका छन भने औसत प्रतिशत ५४.३६ भर्ना भएका छन । यसरी हेर्दा औसतमा २०७०/०७१ मा ४१.७९ प्रतिशत र २०७१/०७२ मा

५८.१९ प्रतिशत रहेको छ । समग्रमा २०७०/७१ र २०७१/०७२ मा कक्षा ११ मा जम्मा ५८ छात्र, ५० छात्रा गरि जम्मा १०८ विद्यार्थी भर्ना भएका छन भने कक्षा १२ मा ७० छात्र, ३३ छात्रा गरि जम्मा १०३ विद्यार्थी भर्ना भएका छन । २ वर्षको कक्षा ११ र १२ को जम्मा विद्यार्थी संख्या २११ रहेको छ । यो तालिकालाई तुलनात्मक रुपमा हेर्दा कक्षा ११ र १२ मा छात्राको भन्दा छात्रको संख्या बढि रहेको देखिन्छ ।

### ४.४.४ छनौटमा परेको संस्थागत विद्यालयमा विद्यार्थी भर्ना (Students Enrollment in Selected Institutional School)

छनौटमा परेको संस्थागत मा.वि. तह कक्षा ११ र १२ मा २ वर्षको विद्यार्थी भर्ना देखाइएको छ जसलाई तालिका ४.१३ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१३**

**संस्थागत माध्यमिक विद्यालयको विद्यार्थी भर्ना, २०७०/०७१–२०७१/०७२**

| शैक्षिक सत्र | कक्षा | | | | | | | | विद्यार्थी संख्या | औषत प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | ११ | | | | १२ | | | | | |
| | छात्र | छात्रा | जम्मा | प्रतिशत | छात्र | छात्रा | जम्मा | प्रतिशत | | |
| २०७०/०७१ | १६५ | ७४ | २३९ | ४८.५७ | १३९ | ४२ | १८१ | ४३.६१ | ४२० | ४६.३० |
| २०७१/०७२ | १९८ | ५५ | २५३ | ५१.४२ | १६४ | ७० | २३४ | ५६.३८ | ४८७ | ५३.६९ |
| जम्मा | ३६३ | १२९ | ४९२ | १०० | ३०३ | ११२ | ४१५ | १०० | ९०७ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४ ।

तालिका ४.१३ मा संस्थागत विद्यालयको विद्यार्थी भर्नादरलाई देखाइएको छ । उक्त तालिका मा २०७०/७१ मा कक्षा ११ मा जम्मा २३९ जना विद्यार्थी रहेकोमा छात्रा १६५ जना र छात्रा ७४ जना रहेका छन् । त्यस्तैगरी कक्षा १२ मा जम्मा १८१ जना विद्यार्थी रहेका छन जसमा १३९ जना छात्र र ४२ जना छात्रा रहेका छन् । त्यस्तैगरी शैक्षिक सत्र २०७१/०७२ को तथ्यांङ्कलाई हेर्दा जम्मा २५३ जना कक्षा ११ मा भर्ना भएकोमा छात्र १९८ र छात्रा ५५ जना रहेका छन भने कक्षा १२ मा १६४ जना छात्र र ७० जना छात्रा गरि जम्मा २३४ जना विद्यार्थी भर्ना भएको देखिन्छ । यसरी हेर्दा औसतमा २०७०/०७१ माकक्षा ११ र १२ मा जम्मा ४२० जना अर्थात ४६.३१ प्रतिशत

विद्यार्थी भर्ना भएका छन् भने २०७१/०७२ मा कक्षा ११ र १२ मा जम्मा ४८७ जना अर्थात ५३.६९ प्रतिशत विद्यार्थी भर्ना भएका छन् । शैक्षिक सत्र २०७०/०७१ र २०७१/०७२ मा कक्षा ११ मा ३६३ छात्र र २५६ जना छात्रा गरि जम्मा ४९९ जना विद्यार्थी भर्ना भएका छन् । त्यस्तै गरि कक्षा १२ मा २१९ छात्र र १२९ छात्रा गरि जम्मा ४९२ जना विद्यार्थी भर्ना भएका छन् भने कक्षा ११ र १२ मा गरी कुल विद्यार्थी संख्या ९०७ जना रहेको देखिन्छ । यसरी बिद्यार्थीको भर्नादरलाई तुलनातमक रुपमा हेर्दा छात्रको संख्या छात्राको संख्याभन्दा बढी रहेको देखीन्छ ।

### ४.४.५ छनौटमा परेका माध्यमिक विद्यालयहरुमा शिक्षक–विद्यार्थी अनुपात (Teacher - Student Ratio in selected secondary schools)

नमुना छनौटमा परेका सामुदायिक र संस्थागत मा.वि. कक्षा ११ र १२ का जम्मा विद्यार्थी संख्यालाई सोही वर्षमा अध्यापन गराउने कुल शिक्षक संख्याले भागगरी शिक्षक विद्यार्थी अनुपात निकालिएको छ । सामुदायिक र संस्थागत मा.वि. मा शिक्षक विद्यार्थी अनुपातको गणना गर्दा शै.स. २०७०/०७१ र २०७१/०७२ को कुल विद्यार्थी संख्यालाई सोहि वर्षको शिक्षक संख्यासँग तुलना गरिएको छ । जसलाई तालिका ४.१४ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१४**

**छनौटमा परेका माध्यमिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपात,२०७०/०७१–२०७१/०७२**

| मा.वि. | शैक्षिक वर्ष | कुल विद्यार्थी कक्षा ११ र १२ | कुल शिक्षक कक्षा ११ र १२ | अनुपात |
|---|---|---|---|---|
| सामुदायिक | २०७०/०७१ | ८८ | १४ | १:७ |
| | २०७१/०७२ | १२३ | १४ | १:९ |
| संस्थागत | २०७०/०७१ | ४२० | २८ | १:१५ |
| | २०७१/०७२ | ४८७ | २९ | १:१७ |

स्रोतः स्थलगत सर्वेक्षण,२०७४ ।

तालिका ४.१४ मा सामुदायिक र संस्थागत मा.वि.को शिक्षक विद्यार्थी अनुपातलाई देखाइएको छ । शैक्षिक वर्ष २०७०/०७१ मा सामुदायिक मा.वि. मा कुल ८८ जना विद्यार्थी र १४ जना शिक्षक रहेको पाइयो । यो तथ्यांङ्क अनुसार शिक्षक विद्यार्थी अनुपात १:७ हुन आउँछ, अर्थात १ जना शिक्षक बराबर ७ जना विद्यार्थी पर्न जान्छ । त्यस्तैगरि २०७१/०७२ मा १२३ जना विद्यार्थी रहेका थिए भने शिक्षक १४ जना रहेका थिए । यसका शिक्षक विद्यार्थी अनुपात १:९ नै हुन आउँछ अर्थात १ जना शिक्षक बराबर ९ जना विद्यार्थी पर्न जान्छ । अर्कोतर्फ संस्थागत मा.वि.मा २०७०/०७१ मा ४२० जना विद्यार्थी र २८ जना शिक्षक रहेका छन् । यसमा १ जना शिक्षक बराबर १५ जना विद्यार्थी पर्न जान्छ भने २०७१/०७२ मा जम्मा ४८७ जना विद्यार्थी र २९ जना नै शिक्षक रहेका छन् । यसमा १जना शिक्षक बराबर १७ जना विद्यार्थी पर्न जान्छ । यसरी हेर्दा सामुदायिकमा भन्दा संस्थागत मा.वि.मा शिक्षक विद्यार्थी अनुपात बढि रहेको छ ।

### ४.४.६ छनौटमा परेका माध्यमिक विद्यालयहरुमा विद्यार्थी उत्तीर्ण दर (Student Promoted Rate in selected Secondary Schools)

पहिले उच्च माध्यमिक तह (हाल मा.वि.तह) कक्षा ११ र १२ को परीक्षा उच्च माध्यमिक शिक्षा परिषद्ले लिदै आएको थियो, भने हाल आएर सो परिक्षा राष्ट्रीय परिक्षा बोर्डले लिदै आएको छ । परीक्षाको नतिजाले कक्षा ११ र १२ को शैक्षिक स्तर वा उपलब्धि मापन गर्न आधार प्रदान गर्दछ । बोर्डले कक्षा ११ र १२ मा १ विषय अनुत्तिर्ण हुने परीक्षार्थीलाई पुरक परीक्षा सञ्चालन गरी नतिजा उच्च पार्दै शैक्षिक स्तर वद्धि गर्ने प्रयास गरेको छ । मा.वि.को उपलब्धि मापन गर्न अर्को कक्षाका लागि उत्तीर्ण भएको विद्यार्थी संख्यालाई त्यस कक्षाको कुल विद्यार्थी संख्याले भाग गरि १०० ले गुणन गरि निकालिएको छ ।

यस उत्तीर्ण दरले मा.वि. को शैक्षिक उपलब्धिको मापन गर्नको लागि २ शैक्षिक सत्रमा सम्मिलित विद्यार्थी संख्या र त्यसबाट कक्षा ११ र १२ मा उत्तीर्ण प्रतिशत निकालि औसतमा देखाइएको छ ।

#### १. सामुदायिक माध्यमिक विद्यालयको विद्यार्थी उत्तीर्ण दर (Student Promoted Rate of Community Secondary School)

सामुदायिक मा.वि.को विद्यार्थी उत्तीर्ण दरलाई तालिका ४.१५ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१५**

**सामुदायिक माध्यमिक विद्यालयको विद्यार्थी उत्तीर्ण दर,२०७०/०७१–२०७१/०७२**

| शैक्षिक सत्र | कक्षा | | | | | | औषत उत्तीर्ण दर |
|---|---|---|---|---|---|---|---|
| | ११ | | | १२ | | | |
| | स.वि.स. | उत्तीर्ण वि.स. | उत्तीर्ण दर | स.वि.स. | उत्तीर्ण वि.स. | उत्तीर्ण दर | |
| २०७०/०७१ | ३१ | २३ | ७४.१९ | ४० | २३ | ५७.५ | ६५.८५ |
| २०७१/०७२ | ५८ | ३४ | ५८.६२ | ४३ | २९ | ६७.४४ | ६३.०३ |
| जम्मा | ८९ | ५७ | ६४.०४ | ८३ | ५२ | ६२.६५ | ६३.३४ |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४ ।

तालिका ४.१५ मा सामुदायिक मा.वि.को नियमित उत्तीर्ण दरलाई देखाइएको छ । जसमा कक्षा ११ मा शैक्षिक सत्र २०७०/७१ मा २३ जना र कक्षा १२ मा पनी २३ जना नै विद्यार्थी उत्तीर्ण भएका छन् भने शैक्षिक सत्र २०७१/७२ मा कक्षा ११ मा परीक्षामा सम्मिलित ५८ मध्ये ३४ जना र कक्षा १२ मा ४३ जनामध्ये २९ जना विद्यार्थी उत्तीर्ण भएका छन् । माथिको तालिका अनुसार २०७०/७१ देखि २०७१/०७२ सम्ममा कक्षा ११ मा जम्मा ८९ जना विद्यार्थी मध्ये ५७ जना उत्तीर्ण अर्थात ६४.०४ प्रतिशत उत्तीर्ण भएका छन् भने कक्षा १२ मा २०७०/०७१ देखि २०७१/०७२ मा जम्मा ८३ विद्यार्थीमध्ये ५२ जना अर्थात ६२.६५ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् । शैक्षिक वर्ष २०७०/७१ मा कक्षा ११ र १२ को औसत उत्तीर्ण दर ६५.८५ प्रतिशत रहेको छ भने २०७१/७२ मा यो दर घटेर ६३.०३ प्रतिशत पुगेको देखिन्छ ।

### २. संस्थागत माध्यमिक विद्यालयको विद्यार्थी उत्तीर्ण दर (Student Promoted Rate of Institutional Secondary School)

संस्थागत मा.वि.मा विद्यार्थीको उत्तीर्ण दरलाई तालिका ४.१६ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१६**

**संस्थागत माध्यमिक विद्यालयको विद्यार्थी उत्तीर्ण दर,२०७०/०७१–२०७१/०७२**

| शैक्षिक सत्र | कक्षा | | | | | | औषत उत्तीर्ण दर |
|---|---|---|---|---|---|---|---|
| | ११ | | | १२ | | | |
| | स.वि.स. | उत्तीर्ण संख्या | उत्तीर्ण दर | स.वि.स. | उत्तीर्ण संख्या | उत्तीर्ण दर | |
| २०७०/०७१ | २३९ | १८५ | ७७.४० | १८१ | १४० | ७७.३ | ७७.३५ |
| २०७१/०७२ | २५३ | २०१ | ७९.४ | २३४ | १९३ | ८२.५ | ८०.९५ |
| जम्मा | ४९२ | ३८६ | ७८.४५ | ४१५ | ३३३ | ८०.२४ | ७९.३४ |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४ ।

तालिका ४.१६ मा संस्थागत मा.वि.को नियमिततर्फको उत्तीर्ण दरलाई देखाइएको छ । शैक्षिक सत्र २०७०/७१ मा जम्मा २३९ जना विद्यार्थीले कक्षा ११ मा परीक्षा दिएकोमा १८५ जना उत्तीर्ण भएका छन् भने कक्षा १२ मा जम्मा १८१ जनाले परीक्षा दिएकोमा १४० जना उत्तीर्ण भएका छन् । यसरी २०७०/७१ मा कक्षा ११ र १२ को औसत उत्तीर्ण दर ७७.३५ रहेको छ । त्यस्तै गरि २०७१/७२ मा कक्षा ११ मा जम्मा २५३ जना विद्यार्थीमा २०१ जना विद्यार्थी उत्तीर्ण भएका छन् भने कक्षा १२ मा २३४ जनामा १९३ जना विद्यार्थी उत्तीर्ण भएका छन् । यसरी २०७१/७२ मा औसतमा कक्षा ११ र १२ मा ८०.९५ प्रतिशत विद्याार्थी उत्तीर्ण भएका छन् । यसरी शैक्षिक सत्र २०७०/७१ र २०७१/७२ मा कक्षा ११ मा जम्मा ४९२ जना विद्यार्थी परीक्षामा सामेल भएकोमा ३८६ जना उत्तीर्ण भएका छन् अर्थात ७८.४५ प्रतिशत उत्तीर्ण भएका छन् भने कक्षा १२ मा २०७०/०७१ र २०७१/०७२ मा ३७१ जनामा १४१ जना अर्थात ८०.२४ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् ।

समग्रमा विश्लेषण गर्दा नमुना छनौटमा परेका सामुदायिक माध्यमिक विद्यालयका कुल २१ जना विद्यार्थीहरुका अभिभावकहरुबाट उक्त २१ जना मध्ये ९ जना प्रथम श्रेणीमा, ७ जना दोस्रो श्रेणीमा, ५ जना तृतीय श्रेणीमा उत्तीण भएको पाईयो, यसै गरि नमुना छनौटमा परेका संस्थागत माध्यमिक विद्यालयका कुल ४८ जना विद्यार्थीहरुका अभिभावकहरुबाट उक्त ४८ जनामध्ये २८ जना प्रथम श्रेणीमा, १२ जना दोस्रो श्रेणीमा,

८ जना तृतीय श्रेणीमा उर्त्तीण भएको पाईयो । यसरी हेर्दा सामुदायिक माध्यमिक विद्यालयको भन्दा संस्थागत माध्यमिक विद्यालयको शैक्षिक उपलब्धि राम्रो रहेको पाईयो ।

### ४.४.७ छनौटमा परेका माध्यमिक विद्यालयहरुमा विद्यार्थीहरुको विद्यालय छोड्ने दर (Students Droup out Rate of selected Secondary Schools)

विद्यालयमा भर्ना भएका विद्यार्थीहरुमध्ये धेरै विद्यार्थीहरु सामाजिक, आर्थिक, भौगोलिक तथा वैवाहिक कारणले गर्दा पढाई पुरा नभई विचैमा विद्यालय छोड्न वाध्य हुने गरेको पाइयो । प्रत्येक वर्ष भर्ना भएका जम्मा विद्यार्थी संख्याबाट परीक्षामा सामेल भएका विद्यार्थी संख्यालाई घटाएर कक्षा छोड्ने विद्यार्थी संख्या निकालिएको छ । कक्षा छोड्ने दरलाईअर्को वर्षको कक्षामा भर्ना नभएको कुल विद्यार्थी संख्यालाई तोकिएको कक्षामा यस वर्ष भर्ना भएको विद्यार्थी संख्याले भाग गरि १०० ले गुणन गरि निकालिएको छ ।कक्षा छोड्ने दरलाई सामुदायिक र संस्थागत विद्यालयमा छुट्टाछुट्टै निकालिएको छ ।

**१. सामुदायिक माध्यमिक विद्यालयमा विद्यालय छोड्ने दर (Droup out Rate of Community Secondary School)**

सामुदायिक मा.वि. मा विद्यालय छोड्ने दरलाई तालिका ४.१७ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१७**

**सामुदायिक माध्यमिक विद्यालयमा विद्यालय छोड्ने दर, २०७०/०७१–२०७१/०७२**

| शैक्षिक सत्र | कक्षा | | | | | | औषत कक्षा छोड्ने दर |
|---|---|---|---|---|---|---|---|
| | ११ | | | १२ | | | |
| | स.वि.स. | क.छा.स. | क.छा.दर | स.वि.स. | क.छा.स. | क.छा.दर | |
| २०७०/०७१ | ४१ | १० | २४.३९ | ४७ | ७ | १४.८९ | १९.६४ |
| २०७१/०७२ | ६७ | ९ | १३.४३ | ५६ | १३ | २३.२१ | १८.३२ |
| जम्मा | १०८ | १९ | ३७.८२ | १०३ | २० | ३८.१ | ३७.९६ |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४ ।

तालिका ४.१७ मा सामुदायिक मा.वि.को कक्षा छोड्ने दर देखाइएको छ । शैक्षिक सत्र २०७०/७१ मा ४१ विद्यार्थी कक्षा ११ मा भर्ना भएकोमा १० जनाले अर्थात २४.३९

प्रतिशतले कक्षा छोडेका छन भने कक्षा १२ मा ४७ जना भर्ना भएकोमा ७ जनाले कक्षा छोडेका छन् । २०७०/७१ मा कक्षा छोड्ने दर ११ र १२ को औसतमा १९.६४ प्रतिशत रहेको छ । शैक्षिक सत्र २०७१/७२ मा कक्षा ११ मा ६७ जना भर्ना भएकोमा ९ जना अर्थात १३.४३ प्रतिशतले कक्षा छोडेका छन् भने कक्षा १२ मा ५६ विद्यार्थी मध्ये १३ जना अर्थात २३.२१ प्रतिशतले कक्षा छोडेका छन् । औसतमा कक्षा ११ र १२ मा जम्मा १८.३२ प्रतिशतले कक्षा छोडेको देखियो । यसरी २ वर्षमा कक्षा ११ मा १०८ जना भर्ना भएकोमा १९ जनाले कक्षा छोडेका छन् भने कक्षा १२ मा १०३ विद्यार्थी भर्ना भएर २० जनाले कक्षा छोडेका छन् । औसतमा कक्षा ११ र १२ मा २ वर्षमा ३७.९६ प्रतिशतले कक्षा छोडेको देखियो ।

### २. संस्थागत मा.वि.मा विद्यालय छोड्ने दर (Droup out Rate of InstitutionalS.S)

संस्थागत मा.वि.मा कक्षा छोड्ने दरलाई तालिका ४.१८ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१८**

**संस्थागत मा.वि.मा विद्यालय छोड्ने दर, २०७०/०७१–२०७१/०७२**

| शैक्षिक सत्र | कक्षा | | | | | | औषत कक्षा छोड्ने दर |
|---|---|---|---|---|---|---|---|
| | ११ | | | १२ | | | |
| | स.वि.स. | क.छा.स. | क.छा.दर | स.वि.स. | क.छा.स. | क.छा.दर | |
| २०७०/०७१ | २३९ | ५ | २.०९ | १८१ | - | - | २.०९ |
| २०७१/०७२ | २५३ | २४ | ९.४८ | २३४ | - | - | ९.४८ |
| जम्मा | ४९२ | २९ | ११.५७ | ४१५ | - | - | ५.७८ |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४ ।

तालिका ४.१८ मा संस्थागत मा.वि.मा २०७०/७१ र २०७१/७२ को विद्यालय छोड्ने दरलाई देखाइएको छ । शैक्षिक सत्र २०७०/७१ मा कक्षा ११ मा २३९ जना विद्यार्थी भर्ना भएकोमा ५ जना अर्थात २.०९ प्रतिशतले कक्षा छोडेका छन् भने कक्षा १२ मा १८१ जना विद्यार्थीमध्ये कुनै बिद्यार्थीले पनि कक्षा छाडेको देखीदैन् । त्यस्तै गरी

२०७१/०७२ मा कक्षा ११ मा २५३ जनामध्ये २४ जनाले कक्षा छाडेका छन् र कक्षा १२ मा २३४ जनामध्ये कुनै बिद्यार्थले पनि कक्षा छोडेको देखिदैन् । यसरी २ वर्षमा कक्षा ११ मा ४९२ विद्यार्थी भर्ना भएकोमा २९ जना अर्थात ११.५७ प्रतिशतले र कक्षा १२ मा ४१५ जना भर्ना भएकोमा कुनै पनि बिद्यार्थीले कक्षा छाडेको देखिदैन् । यसरी सामुदायीक र संस्थागत दुवै बिद्यालयको बिद्यार्थीको कक्षा छाड्ने दरलाई तुलना गर्दा सामुदायीक बिद्यालयमा संस्थागत बिद्यालयको भन्दा बढी बिद्यार्थीले कक्षा छोड्ने गरेको पाईयो ।

## ४.५ छनौटमा परेका सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयहरुको आम्दानीको स्रोत तथा खर्चका क्षेत्रहरु (Source of Income & Sectors of Expenditure of Selected Community & Institutional Secondary Schools)

यस शीर्षक अर्न्तगत नमूना छनौटमा परेका मा.वि को आम्दानीको स्रोत तथा खर्चका क्षेत्रहरुलाई विभिन्न उपशीर्षकहरुमा विश्लेषण गरिएको छ ।

### ४.५.१ सामुदायिक माध्यमिक विद्यालयको वार्षिक चालु आम्दानीको स्रोत (Source of Annual Income in Community Secondary Schools)

नमूना छनौटमा परेको सामुदायिक मा.वि.को चालु आम्दानीको प्रमुख स्रोतको रुपमा सरकारी अनुदान रहेको पाईयो । उक्त सरकारी अनुदान मा.वि.को भौतिक पूर्वाधार निर्माण गर्न, जेहेन्दार, गरिब, दलित, पिछडिएका तथा जनजाति विद्यार्थीका लागि छात्रवृत्ति स्वरुप प्राप्ति हुने गरेको देखियो । उक्त आम्दानीमध्ये चालु आम्दानीको विवरणलाई तालिका ४.१९ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.१९**

**सामुदायिक माध्यमिक विद्यालयको चालु आम्दानी विवरण, २०७०/०७१–२०७१/०७२**

| आम्दानी शीर्षक | शैक्षिक वर्ष | | जम्मा (रु.) | औषत आम्दानी (रु.) | औषत प्रतिशत |
|---|---|---|---|---|---|
| | २०७०/७१ (रु.) | २०७१/०७२ (रु.) | | | |
| सरकारी अनुदान ( जिशिका.बाट बजेट निकासा) | १,१५,५६,१७१ | १,३१,३८,७५१ | २,४६,९४,९२२ | १,२३,४७,४६१ | ८६.६६ |
| विद्यार्थी शुल्क | १३,५६,४९० | २४,४२,३२० | ३७,९८,८१० | १८,९९,४०५ | १३.३३ |
| जम्मा(रु.) | १,२९,१२,६६१ | १,५५,८१,०७१ | २,८४,९३,७३२ | १,४२,४६,८६६ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४ ।

तालिका ४.१९ मा सामुदायिक मा.वि.को २०७०/०७१ र २०७१/०७२ को चालु आम्दानीको विवरणलाई देखाइएको छ । यस अनुसार आर्थिक वर्ष २०७०/०७१ मा मा.वि.को कुल आम्दानी रु.१,२९,१२,६६१ रहेको देखियो भने २०७१/०७२ मा बढेर रु.१,५५,८१,०७१ पुगेको देखियो । त्यस्तैगरि शैक्षिक वर्ष २०७०/०७१ देखि २०७१/०७२ मा सरकारी अनुदानबाट जम्मा रु.२,४६,९४,९२२ अर्थात ८६.६६ प्रतिशत आम्दानी भएको थियो, भने विद्यार्थी शुल्कबाट २०७०/०७१ र २०७१/०७२ मा जम्मा रु.३७,९८,८१० अर्थात १३.३३ प्रतिशत आम्दानी प्राप्त भएको छ । माथिको तालिका हेर्दा सरकारी अनुदान बढि र विद्यार्थी शुल्क कम भएको देखिन्छ ।

### ४.५.२ सामुदायिक माध्यमिक विद्यालयको वार्षिक चालु खर्च (Annual Expenditure of Community Secondary School)

सामुदायिक मा.वि.ले विभिन्न शीर्षकहरुमा खर्च गरेको हुन्छ । यी खर्चहरु व्यवस्थित तथा प्रभावकारी र प्राथमिकताको आधारमा विनियोजन गर्न सकिएन भने ती शैक्षिक संस्थाहरुले अपेक्षित उद्देश्य प्राप्त गर्न सक्दैनन् । छनौटमा परेको सामुदायिक मा.वि.को चालु बार्षीक खर्चको विवरणलाई तालिका ४.२० मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.२०**

**सामुदायिक माध्यमिक विद्यालयका वार्षिक चालु खर्च विवरण, २०७०/०७१–२०७१/०७२**

| खर्च शिर्षक | शैक्षिक सत्र | | जम्मा (रु.) | औषत खर्च (रु.) | औषत प्रतिशत |
|---|---|---|---|---|---|
| | २०७०/७१ (रु.) | २०७१/०७२ (रु.) | | | |
| तलब तथा भत्ता खर्च | ८८,४४,२८७ | ९९,१७,०९६ | १,८७,६१,३८३ | ९३,८०,६९१ | ९०.७४ |
| प्रशासनिक | २,०३,३७० | ९४,४३५ | २,९७,८०५ | १,४८,९०२ | १.४४ |
| परीक्षा खर्च | २,७५,०२६ | १,६९,२९१ | ४,४४,३१७ | २,२२,१५८.५ | २.१४ |
| अन्य खर्च (पुजीँगत बाहेक) | ६,३१,४५८ | ५,४०,२७९ | ११,७१,७३७ | ५,८५,८६८ | ५.६६ |
| जम्मा (रु.) | ९९,५४,१४१ | १०,७२१,१०१ | २,०६,७५,२४२ | १,०३,३७,६२१ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४ ।

तालिका ४.२० मा सामुदायिक मा.वि.को बार्षीक चालु खर्चको विवरणलाई प्रस्तुत गरिएको छ । सामुदायिक मा.वि.ले आफुले प्राप्त गरेको आम्दानीको धेरै भाग शिक्षक तलब भत्तामा खर्च गरेको देखियो । शैक्षिक वर्ष २०७०/०७१ देखि २०७१/०७२ मा जम्मा खर्च रु.२,०६,७५,२४२ रहेको छ, जसको शिक्षक तलब भत्तामा मात्र औसत रु.९३,८०,६९१ अर्थात् ९०.७४ प्रतिशत खर्च भएको देखिन्छ । त्यस्तै गरी प्रशासनिक खर्चमा १.४४ प्रतिशत, परीक्षा खर्चमा ५.१४ प्रतिशत पाइयो । शैक्षिक सत्र २०७०/०७१ मा मात्र उक्त मा.वि.ले जम्मा रु.९९,५४,१४१ खर्च गरेको थियो भने २०७१/०७२ मा यो खर्च बढेर रु.१,०७,२१,१०१ पुगेको देखियो ।

### ४.५.३ सामुदायिक माध्यमिक विद्यालयको वार्षिक बचत (Annual Surplus of Community Secondary School)

तालिका ४.१९ मा रहेको चालु आम्दानीको विवरण र तालिका ४.२० मा रहेको चालु खर्चको विवरण विश्लेशण गर्दा सामुदायिक मा.वि.मा शैक्षिक वर्ष २०७०/०७१ देखि २०७१/०७२ मा कुल आम्दानी रु.२,८४,९३,७३२ प्राप्त भएको देखियो भने कुल खर्च रु.२,०६,७५,२४२ भएको छ । यसरी २ वर्षमा सामुदायिक मा.वि.मा रु.७८,१८,४९० रकम बचत भएको छ । त्यसैगरी शैक्षिक वर्ष २०७०/०७१ मा मात्र चालु आम्दानी रु.१,२९,१२,६६१ प्राप्त भएको छ भने चालु खर्च रु.९९,५४,१४१ भएको मा कुल बचत रु.२९,५८,५२० भएको छ । शैक्षिक वर्ष २०७१/०७२ मा चालु आम्दानी रु.१,५५,८१,०७१ र चालु खर्च रु.१,०७,२१,१०१ भएकोमा जम्मा बचत रु.४८,५९,९७० भएको छ । यसरी सामुदायिक मा.वि. मा २०७०/०७१ मा भन्दा २०७१/०७२ मा आम्दानी र बचत बढि भएको देखिन्छ ।

### ४.५.४ संस्थागत माध्यमिक विद्यालयको वार्षिक चालु आम्दानीको स्रोत (Source of Annual Income in Institutional Secondary School)

संस्थागत मा.वि.को चालु आम्दानीको एउटै स्रोत विद्यार्थी शुल्क हो । यस्ता मा.वि.मा सामुदायको लगानी र सरकारी अनुदान प्राप्त हुँदैन । नीजि प्रयास र लगानीबाट सञ्चालित संस्थागत मा.वि. विद्यार्थीहरुलाई सेवा पुऱ्याउने उद्देश्यले स्थापना भएता पनि बढि मात्रामा नाफाबाट प्रेरित हुने गर्दछ । नमूना छनौटमा परेको संस्थागत मा.वि.को चालु बार्षीक आम्दानीको विवरणलाई तालिका ४.२१ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.२१**

**संस्थागत माध्यमिक विद्यालयको चालु आम्दानी विवरण, २०७०/०७१–२०७१/०७२**

| शैक्षिक सत्र | विद्यार्थी शुल्कबाट प्राप्त आम्दानी (रु) |
|---|---|
| २०७०/०७१ | १,०९,२२,१०९ |
| २०७१/०७२ | १,२२,६८,८५२ |
| जम्मा आम्दानी (रु.) | २,३१,९०,९६१ |
| औसत आम्दानी (रु.) | १,१५,९५,४८०.५ |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४ ।

तालिका ४.२१ मा संस्थागत मा.वि.को चालु आम्दानीको विवरण देखाइएको छ । जसमा शैक्षिक सत्र २०७०/७१ मा विद्यार्थी शुल्कबाट विद्यालयले रु.८४,२८,८०० आम्दानी प्राप्त गरेको छ भने शैक्षिक सत्र २०७१/७२ मा आम्दानी बढेर रु.८५,८९,००० पुगेको छ । यसबाट के देखिन्छ भने शैक्षिक सत्र २०७०/०७१ मा भन्दा २०७१/०७२ मा विद्यार्थी शुल्कबाट बढि आम्दानी प्राप्त भएको छ । उक्त मा.वि.ले २०७०/०७१ देखि २०७१/०७२ सम्ममा जम्मा रु.१,७०,१७,८०० आम्दानी प्राप्त गरेको छ, भने औसतमा २ वर्षमा रु.८५,०८,९०० आम्दानी प्राप्त गरेको छ ।

### ४.५.५ संस्थागत माध्यमिक विद्यालयको वार्षिक चालु खर्च (Annual Current Expenditure of Institutional Secondary School)

संस्थागत मा.वि.ले आफुले प्राप्त गरेको आम्दानीलाई कुन कुन क्षेत्रमा खर्च गर्दछन् भन्ने कुराको विश्लेषण गरिएको छ । संस्थागत मा.वि. ले गर्ने खर्चको विवरणलाई तालिका ४.२२ मा प्रस्तुत गरिएको छ ।

## तालिका ४.२२

## संस्थागत माध्यमिक विद्यालयको चालु खर्च विवरण, २०७०/०७१–२०७१/०७२

| खर्च शिर्षक | शैक्षिक सत्र | | जम्मा (रु.) | औषत खर्च (रु.) | औषत प्रतिशत |
|---|---|---|---|---|---|
| | २०७०/७१ (रु.) | २०७१/०७२ (रु.) | | | |
| तलब तथा भत्ता खर्च | ९०,००,००० | ९३,००,००० | १,८३,००,००० | ९१,५०,००० | ९७.८३ |
| प्रशासनिक खर्च | १,५०,००० | १,६०,००० | ३,१०,००० | १,५५,००० | १.६५ |
| परीक्षा खर्च | ४५,००० | ५०,००० | ९५,००० | ४७,५०० | ०.५२ |
| अन्य खर्च (पुँजीगत बाहेक) | २,७५,००० | ३,१५,००० | ५,९०,००० | २,९५,००० | ३.०६ |
| जम्मा (रु.) | ९४,७०,००० | ९८,२५,००० | १,९२,९५,००० | ९६,४७,५०० | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४ ।

तालिका ४.२२ मा छनौटमा परेको संस्थागत मा.वि.ले कसरी कुनकुन क्षेत्रमा खर्च गरेको थियो भन्ने कुरा स्पष्ट भएको छ । तालिका अनुसार कुल आम्दानीको धेरै जसो भाग शिक्षक तथा कर्मचारीको तलब भत्तामा खर्च भएको छ जसको औसत खर्च २०७०/०७१ देखि २०७१/०७२ मा रु.९,१५,००,००० अर्थात ९४.८ प्रतिशत रहेको छ । त्यस्तैगरी परीक्षा खर्चमा पनि औसत रुपमा रु.४७,५०० अर्थात ०.५ प्रतिशत खर्च भएको देखिन्छ । त्यस्तै गरि प्रशासनिक खर्चमा १.६० प्रतिशत, र अन्य खर्च (पुँजीगत बाहेक)मा ३.०६ प्रतिशत रहेको छ । यसरी शैक्षिक सत्र २०७०/०७१ मा मात्र कुल खर्च रु. ९४,७०,००० रहेको देखिन्छ भने २०७१/०७२ मा कुल रु.९८,२५,००० खर्च भएको देखिन्छ । शैक्षिक सत्र २०७०/०७१ र २०७१/०७२ मा कुल रु.१,९२,९५,००० खर्च भएको देखिन्छ ।

### ४.५.६ संस्थागत माध्यमिक विद्यालयको वार्षिक बचत (Annual Surplus of Institutional Secondary School)

तालिका ४.२१ मा रहेको संस्थागत मा.वि.को चालु आम्दानीको विवरण र तालिका ४.२२ मा रहेको संस्थागत मा.वि.को चालु खर्च विवरण विश्लेषण गर्दा शैक्षिक सत्र २०७०/०७१ देखि २०७१/०७२ मा संस्थागत मा.वि. मा चालु आम्दानी रु.२,३१,९०,९६१ प्राप्त भएको छ भने चालु खर्च रु.१,९२,९५,००० भएको देखिन्छ । यसरी २ वर्षमा संस्थागत मा.वि.को बचत रु.३८,९५,९६१ रहेको देखिन्छ । शैक्षिक सत्र २०७०/०७१ मा संस्थागत मा.वि.को चालु आम्दानी रु.१,०९,२२,१०९ देखिन्छ भने चालु खर्च रु.९४,७०,००० भएको छ । जसमा बचत रु.१४,५२,१०९ भएको देखिन्छ । त्यस्तैगरी२०७१/०७२ मा चालु आम्दानी रु.१,२२,६८,८५२ र चालु खर्च रु.९८,२५,००० भई बचत रु.२४,४३,८५२ भएको देखिन्छ । यसरी शैक्षिक सत्र २०७०/०७१ मा भन्दा २०७१/०७२ मा संस्थागत मा.वि. को आम्दानी र बचत बढि भएको देखिएको छ ।

## ४.६ सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयहरुको प्रति एकाई विद्यार्थी लागत (Per Unit Student Cost in Community and Institutional Secondary Schools)

सामुदायिक र संस्थागत मा.वि. कक्षा ११ र १२ मा अध्ययन गर्ने विद्यार्थीहरुले उक्त कक्षा अध्ययन गर्दा लाग्ने कुल लागतका आधारमा प्रति विद्यार्थी लागत निकालिएको छ । मा.वि.मा प्रति एकाई विद्यार्थी औसत लागतको गणना गर्नको लागि अभिभावकले पढाईमा गरेको कुल खर्च रकमलाई कुल विद्यार्थी संख्याले भाग गरि प्रति विद्यार्थी लागत निकाल्न सकिन्छ । यसरी प्रति विद्यार्थी कुल लागतलाई २ ले भाग गरी औसत लागत निकाल्न सकिन्छ । प्रति विद्यार्थी लागतको गणना गर्दा विद्यार्थीले मा.वि.लाई तिर्ने नगद रकम जस्तै भर्ना शुल्क, पढाई शुल्क, परिक्षा शुल्क, पुस्तकालय शुल्क, खेलकुद शुल्क, रजिस्ट्रेशन शुल्क आदिलाई शैक्षिक खर्च तथा विद्यालय पोसाक खर्च, स्टेशनरी खर्च, ट्युसन खर्च, यातायात खर्च, खाजा खर्च, आदिलाई विद्यालयलाई नतिरेको शिक्षासँग सम्बन्धित अन्य खर्चको रुपमा विद्यार्थीहरुका अभिभावकहरुलाई प्रश्नावलीमार्फत सोधी प्राप्त खर्चलाई प्रति विद्यार्थी लागतमा समावेश गरिएको छ ।

### ४.६.१ सामुदायिक माध्यमिक विद्यालयमा प्रति एकाई विद्यार्थी औसत लागत (Per Unit Student Average Cost in Community Secondary School)

सामुदायीक मा.वि.मा नमूना छनौटमा परेकाकुल बिद्यार्थी संख्याको १० प्रतिशतले हुन आउने २१ जना विद्यार्थीका अभिभावकसँग प्रत्यक्ष अर्न्तवार्ता लिँदा उनिहरुले २ वर्षमा गरेको खर्च रकमलाई जस्तै भर्ना शुल्क, पढाई शुल्क, परिक्षा शुल्क, पुस्तकालय शुल्क, खेलकुद शुल्क, रजिस्ट्रेशन शुल्क आदिलाई शैक्षिक खर्च तथा विद्यालय पोसाक खर्च, स्टेशनरी खर्च, ट्युसन खर्च, यातायात खर्च, खाजा खर्च, आदिलाई विद्यालयलाई नतिरेको शिक्षासँग सम्बन्धित अन्य खर्चको रुपमा तालिका ४.२३ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.२३**

**सामुदायिक माध्यमिक विद्यालयमा प्रति एकाई विद्यार्थी औसत लागत,२०७०/०७१–२०७१/०७२**

| | |
|---|---|
| कुल खर्च (रु.) | १४,१७,५०० |
| विद्यार्थी संख्या | २१ |
| प्रति एकाई विद्यार्थी (औसत) लागत (रु.) | ६७,५०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४ ।

तालिका ४.२३ मा सामुदायिक मा.वि.मा विद्यार्थीलाई कक्षा ११ र १२ पढ्नका लगि लाग्ने प्रतिएकाई लागतलाई देखाइएको छ । यहाँ २१ जना विद्यार्थीलाई नमूना छनौट गरी उनीहरुलाई पढ्न लाग्ने कुल लागत निकालिएको छ । २ वर्षका लागि कुल रु. १४,१७,५०० खर्च भएकोमा प्रति एकाई विद्यार्थी (औषत) लागत रु. ६७,५०० हुन आउँछ ।

### ४.६.२ संस्थागत माध्यमिक विद्यालयमा प्रति एकाई विद्यार्थी औसत लागत (Per Unit Student Average Cost in Institutional Secondary School)

संस्थागत मा.वि.मा नमूना छनौटमा परेकाकुल बिद्यार्थी संख्याको १० प्रतिशतले हुन आउने ४८ जना विद्यार्थीका अभिभावकसँग प्रत्यक्ष अर्न्तवार्ता लिँदा उनिहरुले २ वर्षमा गरेको खर्च रकमलाई जस्तै भर्ना शुल्क,पढाई शुल्क, परिक्षा शुल्क,पुस्तकालय शुल्क, खेलकुद शुल्क, रजिस्ट्रेशन शुल्क आदिलाई शैक्षिक खर्च तथा विद्यालय पोसाक खर्च, स्टेशनरी खर्च, ट्युसन खर्च, यातायात खर्च, खाजा खर्च, आदिलाई विद्यालयलाई नतिरेको शिक्षासँग सम्बन्धित अन्य खर्चको रुपमा तालिका ४.२४ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.२४**

**संस्थागत माध्यमिक विद्यालयमा प्रति एकाई विद्यार्थी औसत लागत, २०७०/०७१– २०७१/०७२**

| | |
|---|---|
| कुल खर्च (रु.) | ५३,२८,००० |
| विद्यार्थी संख्या | ४८ |
| प्रति एकाई विद्यार्थी (औषत) लागत (रु.) | १,११,००० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७४ ।

तालिका ४.२४ मा संस्थागत मा.वि.मा विद्यार्थीलाई कक्षा ११ र १२ पढ्नका लगि लाग्ने प्रतिएकाई लागतलाई देखाइएको छ । यहाँ ४८ जना विद्यार्थीलाई नमूना छनौट गरी उनीहरुलाई पढ्न लाग्ने कुल लागत निकालिएको छ । २ वर्षका लागि कुल रु.५३,२८,००० खर्च भएकोमा प्रति एकाई विद्यार्थी (औषत) लागत रु.१,११,००० हुन आउँछ ।

## ४.७ सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयहरुको प्रति एकाई विद्यार्थी लागत र शैक्षिक उपलब्धि विचको तुलनात्मक विश्लेषण (Comparative Analysis of Per Unit Student Cost and Educational Achievement Between Community and Institutional Secondary Schools)

यस शीर्षकमा सामुदायिक तथा संस्थागत मा.वि.मा लागेको प्रति एकाई विद्यार्थी लागत र यसले शैक्षिक क्षेत्रमा पारेको प्रभावको तुलनात्मक विश्लेषण गरिएको छ । शिक्षामा गरिएको लगानीले शैक्षिक उपलब्धिमा वृद्धि गरेको हुनु पर्दछ । यदि लगानी अनुरुप उपलब्धि हुन सकेन भने अभिभावकको लगानी त्यसै खेर जाने हुन्छ । यहाँ प्रति एकाई विद्यार्थी लागत र शैक्षिक उपलब्धिको तुलनात्मक विश्लेषणलाई अलग-अलग शीर्षकमा राखिएको छ ।

### ४.७.१ सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयहरुको प्रति एकाई विद्यार्थी लागतको तुलनात्मक विश्लेषण (Comparative Analysis of Per Unit Student Cost in Community and Institutional Secondary Schools)

यस शीर्षकमा सामुदायिक तथा संस्थागत मा.वि.को प्रति एकाई विद्यार्थी लागतको तुलना गरिएको छ । सामुदायिक र संस्थागत मा.वि.मा विद्यार्थीहरुले ११ र १२ पुरा गर्न लागेको कुल खर्चलाई तालिका ४.२५ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.२५**

**सामुदायिक र संस्थागत माध्यमिक विद्यालयहरुको प्रति एकाई विद्यार्थी औषत लागतको तुलनात्मक विश्लेषण,२०७०/०७१–२०७१/०७२**

| सामुदायिक मा.वि. | | संस्थागत मा.वि. | |
|---|---|---|---|
| प्रति एकाई विद्यार्थी (औषत) लागत (रु.) | ६७,५०० | प्रति एकाई विद्यार्थी (औषत) लागत (रु.) | १,११,००० |

स्रोत : स्थलथत सर्वेक्षण, २०७४ ।

तालिका ४.२५ मा सामुदायिक र संस्थागत मा.वि.मा लागेको प्रति एकाई विद्यार्थी (औषत) लागतलाई प्रस्ट पारिएको छ । सामुदायिक मा.वि.को प्रति एकाई विद्यार्थी (औषत) लागत रु.६७,५०० रहेको छ भने संस्थागत मा.वि.मा रु.१,११,००० रहेको छ ।

यसरी सामुदायिकमा भन्दा संस्थागत मा.वि. मा प्रति एकाई विद्यार्थी (औषत) लागत रु.४३,५०० ले बढि देखिन्छ । यस्तो देखिनुमा संस्थागत मा.वि. मा बिज्ञान संकायको शुल्क शिक्षाशास्त्र संकाय र व्यवस्थापन संकायको भन्दा बढी हुनु ले हो ।

### ४.७.२ सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयहरुको शैक्षिक उपलब्धिको तुलनात्मक विश्लेषण (Comparative Analysis of Educational Achievement of Community &Institutional Secondary Schools)

यस अध्ययनमा कक्षा ११ र १२ उत्तीर्णलाई शैक्षिक उपलब्धिको रुपमा लिइएको छ । सामुदायिक र संस्थागत मा.वि.मा जम्मा परीक्षामा सहभागी विद्यार्थीमध्ये नियमित रुपमा उत्तीर्ण भएका विद्यार्थी नै शैक्षिक उपलब्धिको रुपमा रहेका छन् । सामुदायिक र संस्थागत मा.वि.को शैक्षिक उपलब्धिको तुलनात्मक बिश्लेषण गर्नमा लागि तालिका ४.१५ र तालिका ४.१६ लाई आधार लिई शैक्षिक उपलब्धिको तुलनात्मक विश्लेषण गरिएको छ जसलाई तालिका ४.२६ मा प्रस्तुत गरिएको छ ।

**तालिका ४.२६**

**सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयहरुको शैक्षिक उपलब्धिको तुलनात्मक विश्लेषण,२०७०/०७१–२०७१/०७२**

| शैक्षिक वर्ष | सामुदायिक मा.वि. | | | संस्थागत मा.वि. | | |
|---|---|---|---|---|---|---|
| | उत्तीर्ण दर | | औसत उत्तीर्ण दर जम्मा | उत्तीर्ण दर | | औसत उत्तीर्ण दर जम्मा |
| | ११ | १२ | (११र१२) | ११ | १२ | (११र१२) |
| २०७०/०७१ | ७४.१९ | ५७.५ | ६५.८५ | ७७.४ | ७७.३ | ७७.३५ |
| २०७१/०७२ | ५८.६२ | ६७.४४ | ६३.०३ | ७९.४ | ८२.३ | ८०.९५ |

स्रोत : स्थलथत सर्वेक्षण, २०७४ ।

तालिका ४.२६ मा सामुदायिक र संस्थागत मा.वि.को शैक्षिक वर्ष २०७०/०७१ र २०७१/०७२ को शैक्षिक उपलब्धिको तुलनात्मक विश्लेषण गरिएको छ । यहाँ प्रत्येक वर्ष सामुदायिकको भन्दा संस्थागत मा.वि. को औसत उत्तीर्ण दर बढि भएको देखिएको छ । उक्त तालिकाको विश्लेषण गर्दा शैक्षिक वर्ष २०७०/०७१ मा सामुदायिक मा.वि. मा कक्षा ११ को उत्तीर्ण दर ७४.१९ प्रतिशत र कक्षा १२ को ५७.५ प्रतिशत भई

औसतमा कक्षा ११ र १२ को उत्तीर्ण दर ६५.८५ प्रतिशत रहेको छ, भने संस्थागत मा.वि.मा कक्षा ११ को उत्तीर्ण दर सामुदायिकको भन्दा बढि अर्थात ७७.४ प्रतिशत र कक्षा १२ को उत्तीर्ण दर ७७.३ प्रतिशत भई औसतमा ७७.३५ प्रतिशत रहेको देखिन्छ । यसरी २०७०/०७१ को विश्लेषण गर्दा सामुदायिक मा.वि. मा भन्दा संस्थागत मा.वि. मा बढि विद्यार्थी उत्तीर्ण भएको देखिन्छ ।

त्यस्तै गरि शैक्षिक वर्ष २०७१/०७२ लाई विश्लेषण गर्दा सामुदायिक मा.वि. कक्षा ११ मा ५८.६२ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् भने कक्षा १२ मा ६७.४४ प्रतिशत उत्तीर्ण भई औसतमा कक्षा ११ र १२ मा ६३.०३ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् भने संस्थागत तर्फ कक्षा ११ मा ७९.४ प्रतिशत र कक्षा १२ मा ८२.३ प्रतिशत उत्तीर्ण भई कक्षा ११ र १२ मा औसतमा ८०.९५ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् । यसरी हेर्दा औसतमा सामुदायिक भन्दा संस्थागत मा.वि. मा बढि विद्यार्थी उत्तीर्ण भएको देखिएको छ ।

अध्ययनको अर्को महत्वपुर्ण पक्षको रुपमा प्रतिविद्यार्थी आम्दानी र लागतबिचको फरकलाई हेर्दा सामुदायिक माध्यमिक विद्यालयको विद्यार्थी शुल्कबाट (२०७०/०७१ र २०७१/०७२) बाट प्राप्त कुल रु. ३७,९८,८१० आम्दानीमा प्रतीबिद्यार्थी आम्दानी रु. १८,००३ र प्रतिएकाई विद्यार्थी कुल लागत रु.६७,५०० हुन आउदछ । जसको विश्लेषण गर्दा आम्दानी र लागतबिच रु.४९,४९७ फरक हुन आउदछ । अर्थात आम्दानी भन्दा लागत बढी देखिन्छ । यस्तै संस्थागत माध्यमिक विद्यालयको मुख्य आम्दानीको स्रोतको रुपमा रहेको विद्यार्थी शुल्कबाट (२०७०/०७१ र २०७१/०७२) बाट प्राप्त कुल रु. २,३१,९०,९६१ आम्दानीमा प्रतीबिद्यार्थी आम्दानी रु. २५,५६८ र प्रतिएकाई विद्यार्थी कुल लागत रु.१,११,००० हुन आउदछ । जसको विश्लेषण गर्दा आम्दानी र लागतबिच रु. ८५,४३२ फरक हुन आउदछ । अर्थात आम्दानी भन्दा लागत बढी देखिन्छ । यसरी हेर्दा दुवै माध्यमिक विद्यालयहरुमा प्रतीविद्यार्थी लागत बढी देखिन्छ ।

यसै गरी माथी तालिका नं. ४.२३ र तालिका नं.४.२४ लाई आधार लिई नमुना छनौटमा परेका विद्यार्थीहरुको शैक्षिक उपलब्धिको तुलनात्मक विश्लेषणलाई हेर्दा सामुदायिक माध्यमिक विद्यालयका कुल २१ जना मध्ये ९ जना प्रथम श्रेणीमा, ७ जना दोस्रो श्रेणीमा, ५ जना तृतीय श्रेणीमा उर्त्तीण भएको पाईयो, यसै गरि नमुना छनौटमा परेका संस्थागत माध्यमिक विद्यालयका कुल ४८ जना मध्ये २८ जना प्रथम श्रेणीमा, १२

जना दोस्रो श्रेणीमा, ८ जना तृतीय श्रेणीमा उत्तीर्ण भएको पाईयो । यसरी हेर्दा सामुदायिक माध्यमिक विद्यालयको भन्दा संस्थागत माध्यमिक विद्यालयको शैक्षिक उपलब्धि राम्रो रहेको पाईयो ।

## अध्याय पाँच (CHAPTER FIVE)

## सारांश, निष्कर्ष र सुझावहरु (SUMMARY, CONCLUSION AND RECOMMENDATIONS)

अध्ययनको यस अध्यायमा यस अध्ययनसँग सम्बन्धित छनौटमा परेका काठमाण्डौ जिल्ला कीर्तिपुर नगरपालिकाका दुई वटा माध्यमिक विद्यालयहरुको विभिन्न तथ्याङ्क संकलनका साधनहरुको माध्यमबाट संकलित तथ्याङ्कलाई सश्लेषण गरिएको छ । यस अध्यायलाई सारांश, निष्कर्ष र सुझावहरु गरि जम्मा तीन भागमा विभाजन गरिएको छ । यस अध्यायमा अघिल्लो अध्याय अर्थात अध्याय चारमा गरिएको तथ्याङ्क विश्लेषण र ब्याख्यालाई सारांशमा समेट्ने प्रयास गरिएको छ, भने संकलित तथ्याङ्कको विश्लेषणबाट प्राप्त भएका बिषयबस्तुलाई निष्कर्षको रुपमा प्रस्तुत गरिएको छ । अन्तमा, प्राप्तिका आधारमा सुधार गर्नुपर्ने पक्षहरुलाई सुझावहरुको रुपमा प्रस्तुत गरिएको छ ।

### ५.१ अध्ययनको सारांश (Summary of the Study)

प्रस्तुत अध्ययनको शीर्षक “सामुदायिक तथा संस्थागत मा.वि. मा आर्थिक लगानी तथा शैक्षिक उपलब्धिको तुलनात्मक अध्ययन : कीर्तिपुर नगरपालिका, काठमांडौ” रहेको छ । यस अध्ययन कार्य सम्पन्न गर्न लागि विभिन्न माध्यमहरुबाट तथ्यांङ्क संकलन गरि गहन अध्ययन गरिएको थियो । यस अध्ययनको साधारण उद्देश्य सामुदायिक तथा संस्थागत मा.वि. मा आर्थिक लगानी तथा शैक्षिक उपलब्धिको तुलनात्मक अध्ययन गर्नु रहेको छ भने प्रस्तुत शोधपत्रमा सामुदायिक तथा संस्थागत उच्च माध्यमिक विद्यालयको आम्दानीको स्रोत तथा खर्चका क्षेत्रहरु पहिचान गर्ने, सामुदायिक तथा संस्थागत उच्च माध्यमिक विद्यालयको चालु आम्दानी र चालु खर्चको तुलनात्मक अध्ययन गर्ने र सामुदायिक तथा संस्थागत उच्च माध्यमिक विद्यालयको शैक्षिक उपलब्धिको तुलनात्मक अध्ययन गर्ने यस अध्ययनका विशिष्ट उद्देश्यहरु रहेका छन् । माथिका उद्देश्यहरुलाई पुरा गर्नका लागि कीर्तिपुर नगरपालिकामा रहेका ३ सामुदायिक र ४ संस्थागत मा.वि. मध्ये १ वटा सामुदायिक र १ वटा संस्थागत मा.वि. लाई नमूनाको रुपमा छनौट गरी मा.वि. को वर्तमान अवस्था, भौतिक अवस्था, आर्थिक तथा शैक्षिक अवस्थाका वारेमा विविध शीर्षक तथा उपशीर्षकहरु निर्माण गरी तथ्यांङ्क संकलन गरीएको थियो । यसरी

प्राप्त गरिएको प्राथमिक र द्धितीय तथ्यांङ्को सहायताबाट यस अध्ययन कार्य विश्लेषण गर्नका लागि व्याख्यात्मक र विश्लेषणात्मक विधि अपनाइएको थियो ।

अध्ययनका लागि प्राथमिक तथ्यांङ्क संकलन गर्नका लागि नमूना छनौटका रुपमा छनौट गरिएको मा.वि. को प्र.अ., शिक्षक, बिद्यार्थी, अभिभावक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र विद्यालय प्रशासनलाई विविध प्रश्नावलि र अवलोकन सूची को माध्यमबाट अर्न्तवार्ता, प्रत्यक्ष अवलोकन र लक्षित समूह छलफल संचालन गरिएको थियो भने द्धितीय तथ्यांङ्क संकलन गर्न अर्थ मन्त्रालय, उच्च माध्यमिक शिक्षा परिषद्, जिल्ला शिक्षा कार्यालय, जिल्ला विकास समिती, केन्द्रीय तथ्थांङ्क विभाग, शिक्षा मन्त्रालय, किर्तीपुर नगरपालिका र प्रकाशित तथा अप्रकाशित तथ्यांङ्को सहायता लिईएको थियो । यसरी संकलन गरिएको तथ्यांङ्कहरुलाई तालिका तथा आवश्यकता अनुसार स्तम्भचित्र, वृत चित्र आदिको माध्यमवाट विश्लेषणात्मक तरिकाले प्रस्तुत गरी नतिजा निकालिएको छ, जसको सारांशलाई निम्नानुसार बुँदाबद्ध गरिएको छ :–

छनौटमा परेका मा.वि. मध्ये सामुदायिक तथा संस्थागत दुवै मा.वि. ले माध्यमिक तहको विद्यालय भवनको प्रयोग गरेको पाइयो । जसमा सामुदायीक बिद्यालयको ३ वटा भवन र संस्थागतको ४ वटा भवन प्रयोगमा रहेको पाईयो ।

सामुदायिक मा.वि. को प्रति विद्यार्थी क्षेत्रफल ८.१७ वर्गफिट देखियो भने संस्थागत मा.वि. को २.१० वर्गफिट प्रति विद्यार्थी क्षेत्रफल रहेको देखियो ।

अनुसन्धानमा रहेको मा.वि. मध्ये सामुदायिकमा प्रति विद्यार्थी डेक्स वेन्च संख्या १.१५ रहेको छ भने संस्थागतमा २.५४ रहेको छ । दुवै मा.वि. मा पिउने पानी, पुस्तकालय र शैक्षिक सामग्रीको अवस्था सन्तोषजनक रहेको देखिएको छ ।

नमूना छनौटमा परेका मा.वि.मा शिक्षककहरुको विवरण हेर्दा सामुदायिकमा १४ जना र संस्थागतमा २९ जना रहेका छन् । जसमा सामुदायीकमा ३ जना महिला तथा संस्थागतमा १ जना महिला शिक्षक अध्यापनरत रहेको पाईयो ।

मा.वि.को विद्यार्थी भर्ना दर औसतमा हेर्दा २०७०/०७१ मा सामुदायिकमा ४१.७९ प्रतिशत र २०७१/०७२ मा ५८.१९ प्रतिशत रहेको छ भने संस्थागत मा.वि. मा

२०७०/०७१ मा औषतमा ४६.३० प्रतिशत र २०७१/०७२ मा ५३.६९ प्रतिशत रहेको छ ।

सामुदायिक मा.वि. मा शिक्षक विद्यार्थी अनुपात १:७/१:९ रहेको छ भने संस्थागत मा.वि. मा १:१५/१:१७ रहेको छ ।

मा.वि. को आर्थिक गतिविधिलाई हेर्दा सामुदायिक मा.वि. को मुख्य आम्दानीको स्रोतको रुपमा सरकारी अनुदान र विद्यार्थी शुल्कलाई देखाइएको छ जस अनुसार सरकारी अनुदान २ वर्षमा औसतमा रु.१,२३,४७,४६१ अर्थात ८६.६६ प्रतिशत रहेको छ भने विद्यार्थी शुल्क औसतमा रु.१८,९९,४०५अर्थात १३.३३ प्रतिशत रहेको छ । यसरी २ वर्षमा सामुदायिक मा.वि. को औसत आम्दानी रु.१,४२,४६,८६६ रहेको छ । त्यस्तैगरी संस्थागत मा.वि. को भने विद्यार्थी शुल्क नै आम्दानिको प्रमुख स्रोतको रुपमा रहेको र जसमा २ वर्षमा कुल रु.२,३१,९०,९६१ आम्दानी प्राप्त भएको छ भने औसतमा २ वर्षमा जम्मा रु.१,१५,९५,४८०.५ आम्दानी प्राप्त भएको छ ।

नमूना छनौटमा परेको सामुदायिक मा.वि. को चालु खर्चका क्षेत्रहरु मा जम्मा २०७०/०७१ देखि २०७१/०७२ मा रु. २,०६,७५,२४२ खर्च भएको छ, भने संस्थागतमा रु.१,९२,९५,००० खर्च भएको देखिएको छ । यसरी २ वर्षमा सामुदायिक मा.वि. मा औसतमा रु.१,०३,३७,६२१ खर्च भएको छ भने संस्थागत मा.वि. मा औसतमा रु.९६,४७,५०० खर्च भएको छ ।

मा.वि.को प्रति विद्यार्थी लागतको अवस्था हेर्दा सामुदायिक मा.वि. मा २ वर्षमा प्रति विद्यार्थी (औषत) लागत रु.६७,५०० देखिन्छ त्यस्तै गरी संस्थागत मा.वि. मा प्रति विद्यार्थी (औषत) लागत रु.१,११,००० देखिन्छ । यसरी सामुदायिकमा भन्दा संस्थागत मा.वि. मा प्रति एकाई विद्यार्थी (औषत) लागत रु.४३,५०० ले बढि देखिन्छ ।

नमूना छनौटमा परेको सामुदायिक मा.वि. को उत्तीर्ण दरलाई हेर्दा २०७०/०७१ मा औसतमा ६५.८५ रहेको छ भने २०७१/०७२ मा ६३.०३ प्रतिशत रहेको छ । यसरी औसतमा २ वर्षमा विद्यालय उत्तीर्ण दर ६३.३४ प्रतिशत रहेको छ भने कक्षा छोड्ने दर २ वर्षमा औसतमा ३७.९६ प्रतिशत रहेको छ । त्यस्तैगरी संस्थागत मा.वि. को २०७०/०७१ को औसत उत्तीर्ण दर ७७.३५ प्रतिशत रहेको छ भने २०७१/०७२ मा

औसत उत्तीर्ण दर ८०.९५ प्रतिशत रहेको छ । यसरी २ वर्षको औसत उत्तीर्ण दर ७९.३४ प्रतिशत रहेको छ भने कक्षा छोड्ने दर २ वर्षमा ५.७८ प्रतिशत देखिएको छ ।

## ५.२ निष्कर्ष र सुझावहरु (Conclusion and Recommendations)

सामुदायिक तथा संस्थागत मा.वि. को आर्थिक लगानी तथा शैक्षिक उपलब्धिको तुलनात्मक अध्ययन अर्न्तगत यस अध्ययनमा काठमांडौ जिल्ला किर्तीपुर न.पा. स्थित सामुदायिक तर्फ जनसेवा मा.वि. र संस्थागत तर्फ लेवोरेटरी मा.वि. को आर्थिक लगानी तथा शैक्षिक उपलब्धि को विश्लेषण गरिएको छ । अध्ययनको उद्देश्यलाई पूरा गर्नका लागि विभिन्न विषयवस्तुहरु मार्फत सूचना समावेश गर्ने प्रयास गरिएको छ । यस अध्यायमा अध्ययनको विश्लेषणका आधारमा पत्ता लगाईएका निष्कर्ष र आवश्यक सुझावहरु लाई समावेश गरिएको छ ।

### ५.२.१ निष्कर्ष (Conclusion)

काठमांडौ जिल्लाको कीर्तिपुर न.पा. मा रहेको सामुदायिक र संस्थागत मा.वि. को विश्लेषणबाट प्राप्त हुन आएको सारांश अनुरुपको निष्कर्षलाई निम्नानुसार बूँदाबद्ध गरिएको छ ।

अध्ययनमा परेको सामुदायिक तथा संस्थागत मा.वि. ले माध्यमिक तहका विद्यालय भवनको प्रयोग गरेको पाइयो ।

सामुदायिक मा.वि. को ३ वटा भवन रहेको देखियो भने संस्थागत मा.वि.मा ४ वटा भवन रहेको देखियो । यसरी सामुदायिकमा भन्दा संस्थागत मा.वि. मा बढी भवन रहेको पाईयो ।

सामुदायिक मा.वि. मा प्रति विद्यार्थी कक्षाकोठाको क्षेत्रफल ८.१७ वर्गफिट रहेछ भने संस्थागत तर्फ २.१० वर्गफिट रहेको देखियो ।

अध्ययन क्षेत्रका सामुदायिक र संस्थागत मा.वि. को खेलमैदान, शौचालय, पिउने पानी र शैक्षिक सामग्री आदिको व्यवस्था संतोषजनक रहेको पाईएता पनी सामुदायीक बिद्यालयको खेलमैदानलाई केही मर्मत संभार गर्नुपर्ने देखीयो ।

नमूना छनौटमा परेका मा.वि. मध्ये संस्थागत मा.वि. मा विज्ञान संकाय अध्यापन गराइएको पाइयो, भने सामुदायीक मा.वि.मा बिज्ञान संकाय अध्यापन गराएको पाईएन ।

अध्ययन क्षेत्रका मा.वि. मध्ये सामुदायिक मा.वि.मा १४ जना शिक्षक देखियो भने संस्थागत मा.वि. मा २९ जना शिक्षकहरु रहेको देखियो । जसमा सामुदायीक बिद्यालयका कुल १४ जना मध्ये ३ जना महिला शिक्षक तथा संस्थागतका कुल २९ जना शिक्षकहरुमध्ये १ जना महिला शिक्षक रहेको पाईयो ।यसरी हेर्दा शिक्षकहरुमा पनि महिला भन्दा पूरुषको संख्या अत्यन्तै बढि रहेको र सामुदायिकमा भन्दा संस्थागत मा.वि. मा वढि शिक्षक रहेको देखियो ।

नमूना छनौटमा परेका सामुदायिक मा.वि. मा २०७०/०७१ देखि २०७१/०७२ सम्ममा जम्मा २११ जना विद्यार्थी भर्ना भएको पाइयो भने संस्थागत मा.वि. मा ९०७ जना विद्यार्थी भर्ना भएको पाइयो ।

अध्ययनमा रहेको सामुदायिक को विद्यार्थी उत्तीर्णदर औसतमा २०७०/०७१ मा ६५.८५ प्रतिशत र २०७१/०७२ मा ६३.०३ प्रतिशत देखियो भने संस्थागत मा.वि. को २०७०/०७१ मा औषत विद्यार्थी उत्तीर्ण दर ७७.३५ प्रतिशत र २०७१/०७२ मा ८०.९५ प्रतिशत देखियो । यसरी सामुदायिकमा भन्दा संस्थागत मा.वि. मा शैक्षिक उपलब्धि सन्तोषजनक भएको देखिन्छ । अर्थात नमुना छनौटमा परेका सामुदायिक माध्यमिक विद्यालयका कुल २१ जना मध्ये ९ जना प्रथम श्रेणीमा, ७ जना दोस्रो श्रेणीमा, ५ जना तृतीय श्रेणीमा उर्त्तीण भएको पाईयो, यसै गरि नमुना छनौटमा परेका संस्थागत माध्यमिक विद्यालयका कुल ४८ जना मध्ये २८ जना प्रथम श्रेणीमा, १२ जना दोस्रो श्रेणीमा, ८ जना तृतीय श्रेणीमा उर्त्तीण भएको पाईयो । यसरी हेर्दा सामुदायिक माध्यमिक विद्यालयको भन्दा संस्थागत माध्यमिक विद्यालयको शैक्षिक उपलब्धि राम्रो रहेको पाईयो ।

सामुदायिक मा.वि. मा विद्यालय छोड्ने विद्यार्थी २०७०/०७१ देखि २०७१/०७२ सम्ममा औसतमा ३७.९६ प्रतिशत देखिएको छ भने संस्थागत मा.वि. मा २०७०/०७१ देखि २०७१/०७२ सम्ममा ५.७८ प्रतिशत देखिएको छ । यसरी सामुदायिकमा भन्दा संस्थागत मा.वि.मा विद्यालय छोड्ने दर न्युन रहेको पाइयो ।

अध्ययनमा रहेको मा.वि. मध्ये सामुदायिक मा.वि. को प्रमुख आम्दानीको स्रोत मध्ये सरकारी अनुदान २०७०/०७१–२०७१/०७२ मा औसतमा रु.१,२३,४७,४६१ प्राप्त भएको छ अर्थात ८६.६६ प्रतिशत प्राप्त भएको छ भने विद्यार्थी शूल्कबाट २ वर्षमा औसतमा रु.१८,९९,४०५ देखियो अर्थात १३.३३ प्रतिशत देखियो, भने २ बर्षमा औषतमा रु.१,४२,४६,८६६ प्राप्त भएको पाईयो । त्यस्तैगरी संस्थागत मा.वि. मा आम्दानीको प्रमुख स्रोत विद्यार्थी शुल्क देखिएकाले २०७०/०७१–२०७१/०७२ सम्ममा उक्त मा.वि. लाई औसत रु.१,१५,९५,४८०.५ आम्दानी प्राप्त भएको छ । यसरी २ वर्षमा सामुदायिक मा.वि. लाई संस्थागत मा.वि.को भन्दा २६,५१,३८५.५ बढी आम्दानी प्राप्त भएको देखिन्छ ।

अध्ययनमा रहेको सामुदायिक मा.वि.को चालु खर्चको विवरण हेर्दा २०७०/०७१–२०७१/०७२ सम्ममा औसत रु.१,०३,३७,६२१ खर्च भएको देखिन्छ, जसअर्न्तगत तलब तथा भत्तामा ९०.७४ प्रतिशत, परीक्षा खर्च २.१४ प्रतिशत, प्रशासनिक खर्च १.४४ अन्य खर्च (पुँजीगत बाहेक) मा ५.६६ प्रतिशत पाइयो । त्यस्तैगरी संस्थागत मा.वि. मा २ वर्षमा औसतमा रु.९६,४७,५०० खर्च भएको देखिन्छ । जसअर्न्तगत तलब तथा भत्तामा ९४.८४ प्रतिशत, प्रशासनिक खर्च १.६१ प्रतिशत, परीक्षा खर्च ०.४९ प्रतिशत र अन्य खर्च (पुँजीगत बाहेक) मा ३.०६ प्रतिशत खर्च भएको देखिएको छ । यसरी २०७०/०७१–२०७१/०७२ सम्ममा सामुदायिक मा.वि. मा संस्थागत मा.वि. मा भन्दा औसतमा रु.६,९०,१२१ ले बढी खर्च भएको देखिन्छ ।

मा.वि.को प्रति विद्यार्थी लागतको अवस्था हेर्दा सामुदायिक मा.वि. मा २ वर्षमा प्रति विद्यार्थी (औषत) लागत रु.६७,५०० देखिन्छ त्यस्तै गरी संस्थागत मा.वि. मा प्रति विद्यार्थी (औषत) लागत रु.१,११,००० देखिन्छ । यसरी सामुदायिकमा भन्दा संस्थागत मा.वि. मा प्रति एकाई विद्यार्थी (औषत) लागत रु.४३,५०० ले बढि देखिन्छ ।

निष्कर्षमा के देखिन्छ भने, शैक्षिक उपलब्धि बढाउनको लागी शैक्षिक लगानीका आधारहरुको विकास र विस्तार हुनुपर्दछ ।

### ५.२.२ सुझावहरु (Recommendations)

यो अध्ययन सामुदायिक र संस्थागत माध्यमिक विद्यालयलाई अध्ययनको क्षेत्र मानेर सम्पन्न गरिएको छ । यस अध्ययनका आधारमा लगानी अनुसारको शैक्षिक उपलब्धि हासील गर्नका लागी लगानीकर्ता, नीति निर्माता एवं यस अध्ययनको क्षेत्रसँग सम्बन्ध राख्ने सरोकारवालालाई यस अध्ययनको निश्कर्षको आधारमा केही सुझावहरु पेश गर्न सकिन्छ, जसलाई नितीगत क्षेत्र तथा प्रयोगात्मक क्षेत्रसँग सम्बन्धित गरी दुई भागमा बिभाजन गरि निम्नानुसार बुँदागत रुपमा निम्नानुसार उल्लेख गरिएको छ ।

**(क) नीतिसँग सम्बन्धित सुझावहरु (Policy Related Recommendations)**

सामुदायिक तथा संस्थागत मा.वि. को शैक्षिक उपलब्धि वृद्धि गराउनका लागी नीतिगत रुपमा निम्नानुसारका सुधारसम्बन्धी सुझावहरु पेश गरिएको छ :–

अ) अध्ययनमा रहेको सामुदायिक मा.वि. लाई सरकारी अनुदान ८६.६६ प्रतिशत मात्र प्राप्त हुने गरेको तथा संस्थागत मा.वि. लाई यस्तो अनुदान प्राप्त नहुने भएकाले यसको आर्थीक स्तर कमजोर भएको देखिन्छ । यस्ता संस्थागत मा.वि. सञ्चालन गर्ने जि.वि.स., नगरपालिका तथा अन्य संघसंस्थाहरुले सहयोग गर्नुपर्ने देखिन्छ ।

आ) सामुदायीक मा.वि. मा २०७१/०७२ मा १२३ जना विद्यार्थी भर्ना भएकोमा संस्थागत मा.वि. मा ४८७ जना विद्यार्थी मात्र भर्ना भएका छन् । यसरी संस्थागत मा.वि.प्रति बिद्यार्थीहरुको आकर्षण बढ्दो तथा सामुदायिक मा.वि. प्रति विद्यार्थीहरुको आकर्षण घट्दै गएको सन्दर्भमा यसलाई समयमा समाधान गर्न सरकारी क्षेत्रबाट विभिन्न बिद्यार्थी आकर्षण कार्यक्रमहरु जस्तै : आत्म सहयोग विकास कार्यक्रम, बिद्यालय शान्ती क्षेत्र घोषणा जस्ता कार्यक्रमहरु सामुदायिक मा.वि. मा कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

इ) सामुदायिक मा.वि. मा सरकारी अनुदान र विद्यार्थी अभिभावक समेत विद्यालयको आम्दानीको स्रोत भएको तथा संस्थागत मा.वि. लाई सरकारले अनुदान नदिने कारणले गर्दा विद्यार्थी अभिभावक मात्र आम्दानीको स्रोत भएकोले दुवै मा.वि.ले आम्दानीको वैकल्पिक स्रोतको वाटो अपनाउनु पर्ने देखिन्छ ।

ई) दुवै मा.वि. मा शिक्षकहरु विषयवस्तुप्रति कम दक्ष भएको र पढाउने शैलि पनि पुरानो भएको कारणले विद्यार्थी उत्तीर्ण दर न्युन रहेको गुनासो अभिभावकवाट आईरहेको

सन्दर्भमा तालिम दिने निकायहरुले शिक्षकहरुलाई उपयुक्त तालिम तथा पूनर्ताजकी तालिम, सेवाकालीन तालीम लगायत तालीमहरु दिनुपर्ने देखिन्छ । साथै प्र.अ.सँग कार्यसम्पादन सम्झौता गरि निर्धारित गरिएका उपलब्धिका आधारमा विद्यालयलाई थप सुविधा दिने व्यवस्था सरकारी तवरबाट कडाईका साथ लागु गरिनुपर्ने देखिन्छ ।

उ) शिक्षक विद्यार्थीसँगको सम्बन्ध बालमैत्री तथा सिकाई उपलब्धि उच्च तुल्याउन विद्यार्थीको रुचि अनुरुपका विभिन्न कार्यक्रमहरुको साथै शिक्षा बिकास तथा आधुनीकिकरण सँगसँगै सिकाई केन्द्रहरु, शान्ती शिक्षा, बाल सहयोगी वातावरण, मानव अधिकार, विश्वव्यापिकरण, प्रविधीमैत्री साक्षरता जस्ता कार्यक्रमहरु विद्यालयले ल्याउनुपर्दछ ।

**(ख) प्रयोगात्मक क्षेत्रसँग सम्बन्धित सुझावहरु (Practice Related Recommendations)**

अध्ययनकार्य सम्पन्न गरिसकेपश्चात यस अध्ययनबाट सामुदायिक तथा संस्थागत मा.वि. को प्रयोगात्मक पक्ष सुधारसम्बन्धी सुझावहरु पेश गरिएको छ, जसलाई निम्नानुसार बुदाँगत रुपमा उल्लेख गरिएको छ :–

अ) सामुदायिक र संस्थागत मा.वि.को आम्दानीको स्रोत तथा खर्चका क्षेत्रहरु पहिचान गर्दा सामुदायिक मा.वि.सरकारी अनुदानमुखी रहेको र आम्दानीको मुख्य स्रोतको रुपमा सरकार रहेको र यस्ता विद्यालयहरु नाफामुखि नहुने हुँदा प्राप्त भएको आम्दानीको सिमित परिधिमा रहि आवश्यकता अनुसार मितव्ययी किसिमले खर्च गर्नुपर्ने देखिन्छ । अर्थात जुन शिर्षकमा खर्च गर्न अनुदान तथा अन्य आयस्रोत प्राप्त भएको हो, सोही शिर्षकमा प्रयोग हुनू नतिजामुखी हुन आउदछ ।

आ) सामुदायिक र संस्थागत दुवै मा.वि. मा विद्यार्थीहरुको पढाईप्रति ध्यान नभएका कारणले उपलब्धि उच्च नभएको गुनासो शिक्षकहरुवाट, शिक्षण शैली पुरानो, बिद्यालयमा स्रोतसाधनहरुको कमी जस्ता कमजोर पक्ष अभिभावकहरुबाट आएको र अध्ययन सामाग्रीहरुको अपर्याप्तता, टाढाका विद्यार्थीहरुलाई बस्नको लागी होस्टेलको सुविधा नभएको, शिक्षकहरुमा पनि विषयगत दक्षता कम रहेको सन्दर्भमा शैक्षिक उपलब्धिको स्तर कमजोर भएको देखिन्छ । जसको समाधानका लागी अभिभावकले आफ्ना छोराछोरीलाई पढाईका लागी अभिप्रेरित गर्दै उपयुक्त शैक्षिक वातावरण सिर्जना

गरिदिनुपर्दछ र शिक्षकहरुलाई पनि सम्बन्धित निकायले बिभीन्न किसमका तालीमहरु प्रदान गरेर बिद्यार्थीको सिकाईको स्तर सुधार गर्न अभिप्रेरित गर्नुपर्ने साथै विद्यार्थीहरुका समस्याहरुलाई पनि सरोकारवाला पक्ष जस्तै अभिभावक तथा विद्यालय प्रशासनले तदारुकताका साथ योजना बनाएर समाधान गर्नुपर्ने देखिन्छ ।

इ) मा.वि. तहमा लगानीको साथसाथै वैज्ञानिक शिक्षण विधि जस्तै : कक्षा प्रस्तुती, प्रोजेक्ट कार्य, परिवार, समाजको उत्तरदायित्व, सामाजिक उत्तरदायित्व आदि जस्ता क्रियाकलापमा शिक्षकहरुले ध्यान दिनुपर्दछ ।

ई) विद्यार्थी उत्तीर्ण दर २०७०/०७१–२०७१/०७२ मा कक्षा ११ र १२ को सामुदायिक मा.वि. मा ६३.३४ प्रतिशत र संस्थागत मा.वि. मा ७९.३४ प्रतिशत मात्र रहेको अवस्थामा उक्त उत्तीर्ण दर उच्च बनाउनको लागी शैक्षिक प्रशासन चुस्त दुरुस्त राख्ने, विद्यार्थीको रुचिअनुसारको विषयहरु सञ्चालन गर्ने, परीक्षा प्रणालिमा सुधार गर्ने, व्यवस्थित शैक्षिक सामग्री प्रयोग गर्ने, उपयुक्त किसिमको शैक्षिक नियम जस्तै निश्चित प्रतिषत छुट्याई सो प्रतिषत माथिको शैक्षिक उपलब्धिलाई छात्रवृती प्रदान जस्ता उत्प्रेरणात्मक कार्यहरु गर्ने, दक्ष जनशक्तिको व्यबस्थापन गरि पठनपाठनको कार्य र स्वच्छ शैक्षिक वातावरणको व्यवस्था विद्यालयले गर्नुपर्दछ ।

# अनुसूची १ (Appendix 1)

## माध्यमिक तहका विद्यार्थीको अभिभावकका लागि प्रश्नावली

नाम : ठेगाना :

लिङ्ग : पेशा :

परिवार सङ्ख्या : छोरा : छोरी :

१. तपाईको गाउँमा मा.वि. कति सालमा स्थापना भयो ?

मिति : ................................................

२. मा.वि. आफ्नै गाउँमा स्थापना भएकोमा तपाईलाई कस्तो लागेको छ ?

क) राम्रो ख) नराम्रो ग) ठिकै घ) अन्य

३. आफ्नो छोराछोरीलाई मा.वि. तहमा पढाउनु भएको रहेछ, किन आफ्नो छोराछोरीलाई यसै मा.वि. नै पढाउनु भयो ?

क) घर पायक भएर ख) राम्रो पठनपाठन हुने भएर

ग) राम्रो अनुशासन भएर

४. तपाईको विचारमा यस मा.वि. को शुल्क कस्तो छ ?

क) ज्यादै महँगो ख) महंगो ग) सस्तो घ) ठिकै

५. तपाईको छोराछोरी मा.वि.तहमा अध्ययन गर्दा नियमित रुपमा उत्तीर्ण भएका छन् ?

क) छन् ख) छैनन्

६. छन् भने कुन श्रेणीमा उत्तीर्ण भएका छन् ?

क) विशिष्ट ख) प्रथम ग) द्वितीय घ) तृतीय

७. तपाईको विचारमा मा.वि. तहमा राम्रो नतिजा ल्याउन के गर्नुपर्ला ?

............................................................................................

८. खर्च गरेअनुरुप उपलब्धि प्राप्त भएको छ ?

क) छ ख) छैन

९. तपाईको वार्षिक आय मध्ये छोराछोरीहरुको लागि विगत २ आ.व. मा गरेको शैक्षिक खर्च उल्लेख गर्नुहोस् ।

| क्र.सं. | खर्चको विवरण | २०७०/०७१ | २०७१/०७२ |
|---|---|---|---|
| १. | भर्ना शुल्क (वार्षिक) | | |
| २. | पढाई शुल्क (वार्षिक) | | |
| ३. | परीक्षा शुल्क | | |
| ४. | रजिष्ट्रेसन शुल्क | | |
| ५. | खेलकुद शुल्क | | |
| ६. | पुस्तकालय शुल्क | | |
| ७. | अन्य शुल्क | | |
| ८. | जम्मा शुल्क | | |

१०. तपाईले विद्यालयलाई नतिरेको शिक्षासँग सम्बन्धित अन्य खर्च उल्लेख गर्नुहोस् ।

| क्र.सं. | विवरण | २०७०/०७१ | २०७१/०७२ |
|---|---|---|---|
| १ | यातायात खर्च | | |
| २ | खाजा खर्च | | |
| ३ | विद्यालय पोसाक खर्च | | |
| ४ | स्टेशनरी खर्च | | |
| ५ | ट्युसन खर्च | | |
| ६ | अन्य खर्च | | |
| | जम्मा | | |

११.माथि बुदाँ नं. १० को ५ नम्बर मा ट्युसन खर्च मध्ये तपाईले आफ्ना छोराछोरीहरुलाई कुन -कुन बिषयहरुमा के कति खर्च गर्नुभएको छ? उल्लेख गर्नुहोस ।

| क्र.सं. | बिषयको नाम | २०७०/०७१ मा खर्च | २०७१/०७२ मा खर्च |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |

१२. पढाई सुधार्न तपाईको केहि सुझाव छ कि ?

.............................................................................

.................................................................................

१३. यहाँको सम्पर्क नम्बर ..............................................

सहयोगका लागी धन्यबाद

## अनुसूची २ (Appendix 2)

## माध्यमिक तहका विद्यार्थीको लागि प्रश्नावली

विद्यार्थीको नाम : ठेगाना :

अध्ययन संकाय ..................

१.तपाईले अध्ययन गरेको बिद्यालयको नाम ..........................................

२. तपाई किन यस विद्यालयमा भर्ना हुनुभयो ?

क) पठनपाठन राम्रो भएर ख) अनुशासित वातावरण भएर

ग) कोर्ष राम्रो भएर घ) थाहा छैन

३. तपाईले इच्छा अनुसारको विषय पढ्न पाउनु भएको छ वा छैन ?

...............................................................................................................

४. यस विद्यालयले पठनपाठन बाहेक अन्य अतिरिक्त क्रियाकलाप गर्छ वा गर्दैन ?

क) गर्छ ख) गर्दैन

५. तपाई घरबाटै विद्यालय जानुहुन्छ कि भाडामा बस्नुहुन्छ ?

.....................................................................................

६. यस मा.वि. मा अध्ययन गर्दा तपाईलाई अन्य के कस्ता समस्या आईपरेका छन् ?

.............................., ................................, ..........................,

...................

७. उक्त समस्यालाई समाधान गर्न के कस्ता उपायहरु अपनाउनु पर्ला ?

.........................., ............................., ......................., ..................

८. तपाई यस विद्यालयको पठनपाठनमा सन्तुष्ट हुनुहुन्छ ?

क) छु ख) छैन

९. अन्य केही भन्नुहुन्छ ?

...............................................................................................

१०. सहयोगको लागी धन्यवाद ।

# अनुसूची ३ (Appendix 3)

## माध्यमिक तहका प्रधानाध्यापकका लागि प्रश्नावली

विद्यालयको नाम :

विद्यालयको ठेगाना :

प्र.अ. को नामः ठेगानाः

शैक्षिक योग्यता : कार्यकाल :

१. यो विद्यालयमा मा.बि.सञ्चालन भएको कति वर्ष भयो ?

……………………………………………………………………………………………

२. यस विद्यालयमा कुन कुन संकाय सञ्चालन गर्नु भएको छ ?

………………, ……………………, ………………………, …………………,

………….

३. मा. बि. तहको वार्षिक आम्दानीका स्रोतहरु के के हुन ?

| आम्दानीका स्रोतहरु आ.व. ( २०७०/०७१) | आम्दानीका स्रोतहरु आ.व. (२०७१/०७२) |
|---|---|
| | |
| | |
| | |
| | |

……………………………………………………………………

४.बार्षीक खर्चका क्षेत्रहरु कुन कुन हुन ?

| खर्चका क्षेत्रहरु आ.व. ( २०७०/०७१) | खर्चका क्षेत्रहरु आ.व. (२०७१/०७२) |
|---|---|
| | |
| | |
| | |
| | |

५. हाल विद्यालय सञ्चालन गर्न के के समस्या आइपरेका छन् ?

……………………………………………………………………………………

६. यी समस्याले गुणस्तरीय शिक्षा प्रदान गर्न के के बाधा पार्छन् ?

.................................................................................................

७. विद्यार्थीहरुले शुल्क समयमा नै तिर्छन् ?

क) तिर्छन्                    ख) तिर्दैनन्

८. तिर्दैनन् भने नतिर्ने कारण के होला त ?

...................................................................................................

९. तपाई विद्यालयको शैक्षिक उपलब्धिसँग सन्तुष्ट हुनुहुन्छ ?

..................................................................................................

१०. शैक्षिक उपलब्धि उच्च तुल्याउन के के गर्नुपर्ला ?

..................................................................................................

११. आर्थिक अवस्था कमजोर भएका विद्यार्थीहरुका लागि विद्यालयले छात्रवृत्तिको व्यवस्था गरेको छ या छैन ?

................................................................................................

१२. विद्यालय र समुदाय विचको सम्बन्ध कस्तो छ ?

.....................................................................................................

१३. हालको मा.वि.तहको पाठ्यक्रमलाई सुधार गर्नुपर्ने ठान्नुहुन्छ ?

..........................................................................................

सहयोगको लागी धन्यबाद ।

## अनुसूची ४ (Appendix 4)

## विद्यालय व्यवस्थापन समितिका अध्यक्षका लागि प्रश्नावली

नाम : ठेगाना :

१. तपाई समितिमा बसी काम गर्नुभएको कति समय भयो ?

...........................................................................

२. अन्य कुनै संघ संस्थासँग पनि आवद्ध हुनुहुन्छ ?

............................................................................

३. तपाईले विद्यालयमा कत्तिको समय दिनुहुन्छ ?

..............................................................................

४. तपाई विद्यालयमा आएपछि के–के सुधार गर्नुभयो ?

...................., ....................., ...................., ....................

५. विद्यालयको आर्थिक अवस्था सुदृढ बनाउन कुन–कुन क्षेत्रबाट स्रोत जुटाउन सकिन्छ ?

................, ...................., ....................., ............................

६. शैक्षिक उपलब्धि उच्च बनाउन तपाईले कस्तो योजना बनाउनुभएको छ ?

...............................................................................

७. विद्यालयको शैक्षिक उपलब्धि सँग सन्तुष्टि हुनुहुन्छ ?

...................................................................

८.तपाईलाई विद्यालयको भौतिक पूर्वाधारमा के कमि भएको जस्तो लाग्छ ?

......................, ...................., ......................., ...............

९. विद्यालयमा सामाजिक लेखा परिक्षण गर्न लेखा समिति बनाउनु भएको छ ?

......................................................................................

१०. तपाइको बिचारमा पढाईको स्तर सुधार्न व्यवस्थापन समितिको भूमिका कस्तो रहनुपर्छ

..........................................................................................................

११. सहयोगका लागी धन्यबाद ।

सम्पर्क नं.....................

## अनुसूची ५ (Appendix 5)

## विद्यालय अवलोकन फाराम

विद्यालयको नाम :

ठेगाना :

१. विद्यालय भवन संख्या..................कच्ची भवन.................पक्की भवन................

२. विद्यालयमा जम्मा कोठा संख्या...................

क) मा.वि. कक्षा सञ्चालन हुने कक्षा कोठा संख्या :

ख) अफिस कोठा संख्या :

ग) प्रयोगशाला कोठा संख्या :

घ) पुस्तकालय कोठा संख्या :

ङ) स्टोर कोठा संख्या :

३. डेक्स बेन्चको संख्या :

४. प्रति कोठा डेक्स बेन्च संख्या :

५. पुस्तकालयमा उपलब्ध पुस्तक संख्या :

६. डेक्स बेन्चको लम्बाई :

७. कक्षा ११ र १२ का लागी पाठ्यपुस्तक संख्या :

८. सन्दर्भ पुस्तक संख्या :

९. पाठ्यक्रम संख्या :

१०. पुस्तकालयमा अध्ययन गर्ने व्यवस्था छ / छैन ?

११. व्यवस्था भए कति विद्यार्थी बसेर पढ्न सक्छन् ?

१२. प्रयोगशालाको व्यवस्था छ / छैन ?

१३. खेल मैदानको व्यवस्था छ / छैन ?

१४. शौचालय सुविधा छ/छैन ? छात्र छात्रालाई छुट्टाछुट्टै व्यवस्था छ /छैन ?

१५. कम्प्युटरको व्यवस्था छ / छैन ? कार्यालय प्रयोजनको लागि मात्र छ कि विद्यार्थीको लागी पनि छ ?

## अनुसूची ६ (Appendix 6)

## लक्षित समूह छलफल निर्देशिका

## लक्षित समूह छलफलका लागि तयार गरिएको सुची

१) मा.वि. सञ्चालन गर्दा आइपर्ने समस्याहरु के के हुन ?

२) मा.वि. सञ्चालन गर्दा सरकार वा सम्बन्धित पक्षले के के गर्नुपर्ने देख्नुहुन्छ ?

३) मा.वि. मा अझ सुधार गर्नुपर्ने पक्षहरु के के छन ?

## सन्दर्भ सामाग्री (Reference)


अर्थमन्त्रालय (२०७३), *बजेट बक्तव्य २०७३/०७४,* काठमाडौं : अर्थ मन्त्रालय, नेपाल सरकार ।

अधिकारी, वालकृष्ण (२०७१), *शिक्षा र विकास,* सनलाइट पब्लिकेसन, कीर्तिपुर ।

अधिकारी, विष्णुप्रसाद (२०६०), *नेपालका शिक्षा आयोगका प्रतिवेदनहरुको संग्रह,* आशिष पुस्तक भण्डार, बागबजार : काठमाडौ ।

अधिकारी, विष्णुप्रसाद (२०७१), *माध्यमिक विद्यालय निरीक्षक,* आशिष बुक्स प्रकाशन ।

उच्च माध्यमिक शिक्षा परिषद् (२०६४), *संप्रेषण अंक १८, बर्ष ११,* भक्तपुर : उच्च माध्यमिक शिक्षा परिषद् ।

उपाध्याय, गोकर्णप्रसाद (२०७१), *समसामयीक बिषयहरु,* काठमाण्डौंः दिपमाला पब्लिकेसन प्रा.ली. ।

कीर्तिपुर नगरपालिका (२०७३), *बार्षिक नगर विकास योजना,* कीर्तिपुर : नगरपालिका ।

गौतम, दिनानाथ (२०६७), *शैक्षिक सुपरिवेक्षण, शैक्षिक स्मारिका,* सानोठिमी भक्तपुरः शिक्षा विभाग ।

गौतम, सुर्यप्रसाद र कोईराला, सिताराम (२०७३) *शिक्षासम्बन्धी आधारभुत ज्ञान,* मकालु प्रकाशन गृह, डिल्लीबजार, काठमाण्डौ ।

घिमिरे, केशवप्रसाद (२०६५), *सामुदायीक उच्च माध्यमिक विद्यालय शिक्षामा शैक्षिक लगानी एक अध्ययन,* अप्रकाशित शोधपत्र, शिक्षाशास्त्र केन्द्रीयविभाग, त्रि.वि. कीर्तिपुर, काठमाडौं ।

घिमिरे, दिपा (२०७३), *सामुदायीक तथा संस्थागत उ.मा.वि.मा आर्थीक लगानी र शैक्षिक उपलब्धी एक अध्ययन,* अप्रकाशित शोधपत्र, शिक्षाशास्त्र केन्द्रीयविभाग, त्रि.वि. कीर्तिपुर, काठमाडौं ।

जिल्ला विकास समिति (२०७१), *काठमांडौ जिल्लाको संक्षिप्त चिनारी,* काठमांडौ : जिल्ला विकास समिति ।

जिल्ला विकास समिति (२०१६), www.mofald.gov.np/mofald/

थापा, विजयकुमार (२०५६), *विद्यालय शिक्षामा लगानी र उपलब्धि,* सेरिड, काठमाडौं ।

दाहाल, यशोदाकुमारी (२०७२), *उच्च माध्यमिक विद्यालयमा आर्थिक लगानी र शैक्षिक उपलब्धि एक अध्ययन, अप्रकाशित शोधपत्र,* शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर ।

नेपाल, ज्ञानमणी, (२०५५), *नेपाल निरुपण,* काठमाडौं : नेपाल राजकिय प्रज्ञा प्रतिष्ठान ।

पोखरेल, किरण (२०६३), *सबैका लागि शिक्षा र चुनौतिहरु,* (कान्तिपुर, दैनिक, वर्ष १३, अंक ६०, वैशाख ५), काठमाडौं ।

लुइटेल, रमेशकुमार (२०६६), *उच्च माध्यमिक विद्यालयमा वित्तिय लगानी र शैक्षिक उपलब्धि एक अध्ययन, अप्रकाशित शोधपत्र,* शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर ।

लुइटेल, बिष्णुबहादुर (२०६६), *शिक्षा र आर्थीक विकासको सम्बन्ध,* आर्थीक सम्प्रेषण, अंक २, अर्थशास्त्र शिक्षा विद्यार्थी समाज, अर्थशास्त्र शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

शर्मा, गोपिनाथ (२०६२), *नेपालको शिक्षा आयोगको प्रतिवेदनहरु,* (दोस्रो संस्करण) काठमाडौं ।

शर्मा, चिरञ्जीवि (२०६८), *शिक्षाका आधारहरु,* एम.के. पब्लिकेशन एण्ड डिष्ट्रिब्युटर्स, भोटाहीटी : काठमाडौं ।

शर्मा, निलमकुमार (२०५८), *विकास र योजनाको अर्थशास्त्र,* पैरवी प्रकाशन : काठमाडौं ।

शर्मा, निलमकुमार (२०६५), *शिक्षा र विकासको अर्थशास्त्र,* पैरवी प्रकाशन : काठमाडौं ।

शिक्षा ऐन (२०२८ आठौँ संसोधन २०७३ सहित ), मुद्रण विभाग, नेपाल सरकार ।

शिवाकोटी, ध्रुवराज (२००४), *अ कम्प्यारेटिभ स्टडि अफ फाइनान्सिङ एण्ड कस्ट अफ पब्लिक एण्ड प्राइभेट सेकेन्डरी स्कुल इन नेपाल (ड्राफ्ट)'* अप्रकाशित पि.एच.डि. डिजर्टेसन, टि.यु. ।

शिवाकोटी, ध्रवराज र पौडेल, मिनराज (२०७३), *शिक्षाको अर्थशास्त्र,* एम.के.पब्लिसर्स एण्ड डिष्टिब्युटर्स, भोटाहीटी : काडमाण्डौं ।

सिन्हा, डा.रामस्वरुप (२०७०), *शिक्षाको वित्तशास्त्र,* बिद्यार्थी पुष्तक भण्डार, भोटाहीटी : काडमाण्डौं ।

सुबेदी, परशुराम (२०६२), *उच्च माध्यमिक विद्यालयको वर्तमान अवस्था एक अध्ययन, अप्रकाशित शोधपत्र,* शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

श्रेष्ठ, शरदकुमार, (२०६४), *उच्च माध्यमिक शिक्षामा लगानी र यसको शैक्षिक उपलब्धि, अप्रकाशित शोधपत्र,* शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।